साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क ३४ ✪ ३० भदौ २०८३, मङ्गलबार ✪ 15 September 2026, Tuesday ✪ मूल्य रु. १०/-

# “देश र जनताको हितको निम्ति काम गर्नेबाहेक अरु उद्देश्य राखेर हामीले कहिल्यै राजनीति गरेनौँ”



भक्तपुर। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले सङ्कटको बेला विदेशी सरकार र संस्थाहरूसँग सहयोग लिनुभन्दा नेपाली जनतासँग सहयोग लिनु राजनीतिक दृष्टिले सही हुने बताउनुभएको छ।

कानुन अध्ययन समाज नेपालद्वारा आइतबार आयोजित ‘भदौ ९, २०४५, भक्तपुर काण्ड पञ्चायती राज्यस्तरको षड्यन्त्रविरुद्ध कानुन व्यवसायीको भूमिका विषयक अन्तरक्रिया तथा सम्मान कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष बिजुक्छेँले भक्तपुर काण्डको राजनीतिक सङ्कटको अवस्थामा देशका धेरै वकिल, पत्रकार र बुद्धिजीवीहरूले नेमकिपालाई कानुनी प्रतिवाद गर्न र अन्य कार्यमा ठुलो सहयोग मिलेको स्मरण गर्नुभयो।

बाँकी पृष्ठ १२ मा

## कमलविनायकमा शिशुस्याहार केन्द्र उद्घाटन
# बालबालिकाको मनोविज्ञान र भावना बुझेर व्यवहार गर्नुपर्नेमा जोड




भक्तपुर। अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने भक्तपुर नगरपालिका-१०, कमलविनायकस्थित शिशुस्याहार तथा बाल विकास केन्द्रको उद्घाटन भयो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले एक कार्यक्रमबिच सो केन्द्रको उद्घाटन गर्नुभएको हो।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले बालबालिकाको मनोविज्ञान र भावना बुझेर व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो। शिशुस्याहार केन्द्र बालबालिकाको ‘दरबार’ जस्तै सुरक्षित, मायालु र बालमैत्री हुनुपर्ने उहाँको भनाइ थियो।

उहाँले भन्नुभयो, “बालबालिकाको मनोविज्ञान बुझेर काम गर्नुपर्छ। उनीहरूको मनोभावना बुझ्नुपर्छ। सानै उमेरदेखि राम्रो शिक्षा र संस्कार दिनुपर्छ। अहिलेका बालबालिका निकै अगाडि छन्। उनीहरूलाई सानैदेखि नेपालभाषा पनि सिकाउनुपर्छ र नम्र व्यवहार गर्नुपर्छ।”

बालबालिकाको विकासमा अभिभावकको व्यवहारको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले अभिभावकहरूलाई बालबालिकासँग कसरी व्यवहार गर्ने भन्ने विषयमा अभिभावक बैठक तथा अभिमुखीकरण आवश्यक रहेको बताउनुभयो।

शिशुस्याहार केन्द्रमा कार्यरत शिक्षिका तथा आया दिदीहरू पनि बालमनोविज्ञान र बालविकाससम्बन्धी तालिम प्राप्त हुनुपर्ने उहाँको भनाइ थियो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाको योजनाअनुसार शिशुस्याहार केन्द्र निर्माण तथा सञ्चालनमा सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो।

नगरपालिकाले घोषणापत्रमा उल्लेख गरेअनुसार प्रत्येक वडामा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने उद्देश्य लिएको र हालसम्म ७ वटा शिशुस्याहार केन्द्र सञ्चालनमा रहेको उहाँले जानकारी दिनुभयो।

महिलाहरूको श्रमलाई सदुपयोग गर्ने तथा बालबालिकाको हेरचाहका कारण महिलाहरूले रोजगारी छाड्नुपर्ने अवस्था नआओस् भन्ने उद्देश्यले शिशुस्याहार केन्द्र सञ्चालन गरिएको प्रमुख प्रजापतिले बताउनुभयो।

हालसम्म सञ्चालनमा रहेका केन्द्रहरूमा ५ हजार ५ सय ५६ जना बालबालिका भर्ना भई सेवा लिइसकेको उहाँले जानकारी दिनुभयो।

भक्तपुर नगरपालिकाले शिक्षाको क्षेत्रमा थप काम गरिरहेको उल्लेख गर्दै प्रमुख प्रजापतिले नगरपालिकाले विश्वविद्यालय सञ्चालनका लागि पहल गरिरहेको बताउनुभयो।

१०८ रोपनी जग्गामा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य रहेको र नगरपालिकाले सञ्चालन गरेका संस्थाहरूलाई नमुना संस्थाको रूपमा विकास गर्न खोजिएको उहाँको भनाइ थियो।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षाको माध्यमबाट समाजको जगलाई बलियो बनाउने काम भक्तपुर नगरपालिकाले गर्दै आएको बताउनुभयो।

हरेक वडामा आधुनिक बाल विकास केन्द्र निर्माण गर्दै जाने लक्ष्य रहेको उल्लेख गर्दै उहाँले कमलविनायक शिशुस्याहार केन्द्रले बालबालिकाको प्रारम्भिक सिकाइलाई मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

केन्द्रलाई सुरक्षित, स्वच्छ र आधुनिक बाल विकास केन्द्रका रूपमा विकास गर्नुपर्ने उहाँको भनाइ थियो।

बाँकी पृष्ठ १२ मा

# भक्तपुर काण्ड पञ्चायती राज्यस्तरको षड्यन्त्र

काठमाडौँ। नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा तत्कालीन पञ्चायती राज्यस्तरद्वारा रचित षड्यन्त्र भक्तपुर काण्डको भर्त्सना एवम् विरोध कार्यक्रम शनिबार सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको हुँदा यसका नेता-कार्यकर्ताविरुद्ध राज्यस्तरको षड्यन्त्र भइरहेको र २०४५ भदौ ९ गतेको भक्तपुर काण्ड पञ्चायती राज्यस्तरको षड्यन्त्र हो भन्नुभयो।

उहाँले भन्नुभयो, “२०३५ सालमा भारत प्रवासको बेला पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) विरुद्ध गोरखपुरमा गोली हानी हत्या गर्ने षड्यन्त्र भएको र उक्त षड्यन्त्रमा घाइते हुनुभएका अध्यक्षको शरिरमा अहिले पनि गोली बाँकी रहेको छ।”

पार्टीका पूर्वकेन्द्रीय सदस्य श्रीकृष्ण महर्जनले भक्तपुर काण्डमा कीर्तिपुरमा धरपकड गर्नु षड्यन्त्रको पुष्टि भएको भन्दै कीर्तिपुरको तत्कालीन अवस्थाबारे बताउनुभयो।

नेमकिपा काठमाडौँ जिल्ला समितिका सहकोषाध्यक्ष हरिशरण श्रेष्ठले जर्मनको राइख्स्ताग काण्ड र भक्तपुर काण्डको प्रवृत्ति कम्युनिस्टविरोधी षड्यन्त्र हो भन्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले नेमकिपाको उद्देश्य देश र जनताको नि:स्वार्थ रूपमा सेवा गर्नु हो, उक्त सेवाबाट तर्सेकाले नै पञ्चायतले भक्तपुर काण्ड रचेको बताउँदै प्रतिक्रियावादीले नयाँ ढङ्गले पार्टीविरूद्ध षड्यन्त्र हुनसक्नेबारे सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा कीर्तिपुर नगर समितिका उपाध्यक्ष बिन्द्रा महर्जन र सदस्य कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो।

# नेपालमा महिला अधिकारको अवस्था : हिजो, आज र भोलि

भक्तपुर, २९ भदौ। तीजको दरखाने दिनको अवसर पारेर ख्वप कलेज अफ लले ‘नेपालमा महिला अधिकारको अवस्था : हिजो, आज र भोलि’ विषयक विशेष अन्तरक्रिया तथा विचार-विमर्श कार्यक्रम आइतबार आयोजना गऱ्यो। तीज पर्वलाई केवल नाचगान, तडकभडक र खानपानमा सीमित नराखी महिला अधिकार, सामाजिक समानता र न्यायका विषयमा बौद्धिक बहस गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो।

इतिहासकार, संस्कृतिविद्, कानुन व्यवसायी, स्थानीय तहका जनप्रतिनिधि, प्राध्यापक तथा विद्यार्थीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा नेपाली समाजमा महिला अधिकारको ऐतिहासिक विकास, वर्तमान कानुनी तथा संवैधानिक अवस्था, सामाजिक चुनौती र आगामी दिनका सम्भावनाबारे विभिन्न कोणबाट गहन छलफल गरिएको थियो।

उक्त छलफलमा संस्कृतिविद् तथा इतिहासका शिरोमणि हरिराम जोशीले नेपाली समाज मातृसत्तात्मक संरचनाबाट पितृसत्तात्मक संरचनातर्फ रूपान्तरण भएको ऐतिहासिक परिप्रेक्ष्य प्रस्तुत गर्नुभयो। भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा मूलत: मातृसत्तात्मक व्यवस्थाको अन्त्य गरी पितृसत्तात्मक संरचना स्थापित भएको प्रतीकका रूपमा विकास भएको उहाँको धारणा थियो।

यद्यपि, घरको साँचो महिलाको हातमा हुनु, भाषालाई ‘मातृभाषा’ र भूमिलाई ‘मातृभूमि’ भनिनु तथा चाँगुनारायणको छिन्नमस्ता देवीसँग सम्बन्धित बलिदानी प्रसङ्गजस्ता सांस्कृतिक पक्षहरूले नेपाली समाजमा महिलाको मूल भूमिका र महत्त्व अझै कायम रहेको उहाँले बताउनुभयो। बुद्ध धर्ममा भिक्षुणी सङ्घको स्थापना तथा हिन्दू धार्मिक-पौराणिक परम्परामा महिलाको स्थानसम्बन्धी प्रसङ्ग उल्लेख गर्दै उहाँले ऐतिहासिक रूपमा महिलालाई दोस्रो दर्जामा राख्ने प्रवृत्ति देखिएको टिप्पणी गर्नुभयो। अब वंश, पहिचान र पारिवारिक परिचय आमाको नामबाट समेत स्थापित हुनुपर्ने धारणा उहाँले राख्नुभयो।

इतिहास शोधकर्ता रविन श्रेष्ठले मध्यकालीन नेपालमा महिलाको कानुनी अवस्थाबारे चर्चा गर्दै राजा जयस्थिति मल्लको पालामा विकसित ‘मानव न्यायशास्त्र’ सम्बन्धी व्यवस्थाको सन्दर्भ प्रस्तुत गर्नुभयो।

बालविवाह, सतीप्रथा तथा बहुविवाहजस्ता प्रथाले तत्कालीन समाजमा संस्थागत स्वरूप पाएको भए पनि नेवार समुदायमा प्रचलित इही (बेलविवाह) तथा चण्डेश्वरी जात्राजस्ता परम्परामा महिलाको सामाजिक भूमिकालाई प्राथमिकता दिने केही विशिष्ट अभ्यासहरू रहेको उहाँले उल्लेख गर्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्थानीय सरकारको दृष्टिकोण र आफ्नो व्यावहारिक अनुभव प्रस्तुत गर्दै वर्तमान संविधानले स्थानीय तहका उपप्रमुखलाई न्यायिक समिति, लैङ्गिक उत्तरदायी बजेट तथा आर्थिक सशक्तीकरणसँग सम्बन्धित विभिन्न जिम्मेवारी प्रदान गरी निर्णय प्रक्रियामा

बाँकी पृष्ठ १२ मा

# नेपालमा भूप्रकोपका आयामहरूबारे जानकारीमूलक कार्यक्रम सम्पन्न

भक्तपुर। रसुवा-भोटेकोसी बाढीबारे प्रस्ट पार्ने ध्येयले ‘मजदुर’ दैनिकको आयोजना र ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको सहआयोजनामा कलेजको सभाहलमा ‘नेपालमा भूप्रकोपका आयामहरू’ विषयक जानकारीमूलक प्रस्तुति कार्यक्रम मङ्गलबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य योगेन्द्रमान बिजुक्छेँले जलवायु परिवर्तन र जलवायु न्यायसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र अभिसन्धिहरूबारे जानकारी दिँदै जलवायु परिवर्तन र विपद्का निम्ति बढी कार्बन निष्काशित गर्ने संरा अमेरिकालगायत पश्चिमा देशका शासकहरू आफ्नो उत्तरदायित्व पूरा गर्न तयार छैनन् भन्नुभयो।

उहाँले नेपालजस्ता नगण्य कार्बन उत्सर्जन गर्ने विकासशील देशहरू जलवायु परिवर्तनका कारण उत्पन्न विपद्का सिकार भइरहेको बताउँदै तापमान वृद्धि र जलवायु परिवर्तनलाई ढिलो गर्न जनताले ठुला र बढी कार्बन उत्सर्जन गर्ने देशका शासकहरूमाथि दबाब सिर्जना गर्नुपर्छ भन्नुभयो।



कार्यक्रममा रसुवा बाढी र जलवायु परिवर्तन विषयक प्रस्तुतिकरण गर्दै ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले भदौ १० गतेको बाढी विशाल हिमचट्टान टुक्रेर बगेर भएको अध्ययनले पुष्टि भइसकेको र त्यस घटनामा वैश्विक तापमान वृद्धि कारक रहेको बताउनुभयो।

वैश्विक तापमान वृद्धि र जलवायु परिवर्तनमा युद्धले पनि ठुलो योगदान गरिरहेको अध्ययनले पुष्टि गरेको बताउँदै अनावश्यक युद्ध हुन नदिनु र युद्धको विरोध गर्नु पनि जलवायु परिवर्तन ढिलो गर्नको निम्ति योगदान गर्नु हुन्छ भन्नुभयो।

कार्यक्रममा भूगर्भविद् डा. सुवेगमान बिजुक्छेँले ‘हिमाल र भूप्रकोप’ विषयक प्रस्तुतीकरण राख्दै नेपालको भूबनोटका कारण नै भूकम्प, भूक्षय, हिमपहिरो, बाढी र पहिरो नियमित भइरहने हुनाले जनधनको क्षति कम गर्न तिनको सामना गर्ने तयारी समयमै गर्नु जरुरी छ भन्नुभयो।

उहाँले गाउँबस्ती र सहर बसाउन त्यस स्थानको भूस्थिति र भूगर्भको अध्ययन जरुरी रहेको बताउँदै जथाभावी डोजर चलाउने, सडक खन्ने र सहरीकरण गर्ने गतिविधिले प्राकृतिक विपत्तिमा जनधनको ठुलो क्षति भइरहेको स्पष्ट पार्नुभयो।

उहाँले नेपाल सरकारले हिमनदी र हिमतालहरूको अध्ययन र निगरानी गर्ने र विपद्को सूचना शीघ्रभन्दा शीघ्र

बाँकी पृष्ठ १२ मा



पुँजीवादी समाजमा स्वतन्त्रता भनेको सधैं त्यस्तै हुने गर्छ जस्तो प्राचीन ग्रीक गणतन्त्रहरूमा हुने गर्थ्यो, दास मालिकहरूको निम्ति स्वतन्त्रता ।

-भी.आई.लेनिन

## सम्पादकीय

# भक्तपुरको विकासको अर्थ के हो ?

भक्तपुर नगर देशको सबभन्दा सानो भौगोलिक क्षेत्रफल २.६६ वर्ग माइल (६.८८ वर्ग किमि) र ८०,००० नेवार समुदायको बाहुल्यता भएको एक प्राचीन सहर भएकै कारण नगरपालिका र जनता पुराना कला र सांस्कृतिक धरोहरहरूको संरक्षण, मर्मत सम्भार र पुनः निर्माणलाई आफ्नो कर्तव्य सम्झँदै काम गर्दै छन् । जनताकै स्तरमा चन्दा उठाउँदै, श्रमदान जुटाउँदै र पुराना दाताका परिवारहरूसँग समेत सरसल्लाह, स्वीकृति र आर्थिक सहयोगसमेत मागेर 'पुर्खाले सिर्जेका सम्पदाहरूलाई' जोगाउनु नै उनीहरू सभ्यताप्रतिको 'कर्तव्य निर्वाह गरेको अनुभव' गर्छन् ।

राजधानीको नजिक भएको हुँदा भक्तपुरलाई एक 'टेस्टट्युव' अर्थात् 'प्रयोगको नमुना' को रूपमा लिनु बढी सार्थक हुन्छ । प्राचीन नगरमा पुरानै ढल, ढुङ्गा, ढुङ्गेधारा, पोखरी, पानीको ढल साँघुरो गल्ली बाटो आदि भएको हुँदा १०-१५ पाङ्ग्रे र १०-२० टन भार बोक्ने गाडीहरू आवतजावतमा रोक्नुपर्छ । घना जनसङ्ख्या भएको हुँदा एउटा सानो सडक खन्दा वा ढल मर्मतको नाममा २-३ वर्षसम्म 'माथिको आदेश' भन्दै र 'विदेशीसँग सरकारको सम्झौताको' निहुँमा अलपत्र पार्नु प्राचीन नगरको अर्थ र महत्त्व नबुझ्नु वा गाउँ र सहरको भेद नबुझी सिंहदरबारबाट आदेश गर्नुसरह हुने गरेको हुन्थ्यो । स्थानीय तहसँग राम्रो समन्वय नगरी नगरका जनताको मर्का नबुझ्ने कर्मचारीहरूलाई पहिले योजना लागू गर्ने ठाउँलाई निरीक्षण र अध्ययन गराउनु उत्तम उपाय हो । त्यसो गरेमा २-४ वर्षसम्म केन्द्रीय सरकारले मित्र देशसँग गरेको तार-टेलिफोनको सम्झौताबाट वर्षौंसम्म हुने अलपत्र स्थिति र ठेकेदारहरूको 'असंवेदनशीलता' बाट देश 'कुरूप हुने' र जनताले लामो समय धुलो र हिलोबाट पीडित हुनुपर्ने थिएन ।

सिंहदरबारमा सल्लाह हुने प्राचीन नगरहरूमा लागू गरिने योजनाहरू विशेष गरी मित्र देशहरूसँग सन्धि सम्झौता हुनुभन्दा पहिले निश्चित ठाउँको अध्ययन भ्रमण माथिकै व्यक्तिबाट हुनु अत्यन्त व्यवहारिक हुने र अज्ञानतावस बिचको पक्षबाट हुने अवाञ्छित स्थिति उन्पन्न हुने छैन । स-साना योजनाको त्रुटीलाई व्यक्तिको खुट्टामा काँडा बिझेसँग तुलना गर्नु उपयुक्त हुन्छ । काँडा सानो हुन्छ तर त्यसको असर ठुलो र अनुभव अत्यन्त अप्रिय हुन्छ ।

भक्तपुर नगरको विकासबारे भेरी र कर्णालीका आफ्ना नाति नातिनाहरूलाई प्राथमिकदेखि एम.एस.सम्मका कलेजहरूमा अध्ययन गरेका नयाँ पुस्ताको हेरचाहमा रहेका अभिभावकहरूले एउटा चिया पसलमा सधैं नेमकिपालाई अराजनैतिक वचन बोल्दै गरेका भक्तपुरमा तथाकथित पढैया केटाहरूलाई उत्तर दिएको पनि सुनियो । ती अभिभावकहरूको भनाइ थियो-भक्तपुर जिल्लाको वरपर भेरी र कर्णालीका हामीहरू अहिले २ हजारको सङ्ख्यामा छौँ, भाइहरूसँग अरु जिल्लाको भ्रमणको अनुभव छ ? जनतालाई शिक्षा, स्वास्थ्य, अन्य सुविधामा यहाँजस्तो कुन जिल्लामा छ ? हरेक टोलमा स्कूल, कलेज, स्वास्थ्य चौकी अस्पतालको सुविधा, सुन्दर मठमन्दिर, पौवा, पाटी, पोखरी र सफाइ कहाँ छ ? भक्तपुर त स्वर्ग जाने ठाउँ हो मन्दिरै मन्दिर, सबै पोखरीको किनारमा घाम तापेर उपचार गर्न आउँछन् । फेरि नेमकिपालई गाली गर्दै छौ भाइहरू ।"

२०१७ सालमा पुँजीवादी प्रजातन्त्रको विघटनपछि टोल टोलमा किसान युवाहरूको साक्षरता उन्मूलनको विरोधमा रात्रि अनौपचारिक रूपमा टुकी बालेर सञ्चालन हुँदै गयो । बिच बिच छिमेकी भारतबाट सुस्तामा भएको थिचोमिचोविरुद्धको आन्दोलनबाट प्रशिक्षित भएर ती युवाहरू पछि किसान महिलाहरू पनि प्रौढ कक्षामा सामेल भए । छापाका अक्षर चिनेपछि 'अमेरिकी साम्राज्यवादले भियतनाममा गरेको आक्रमण' बुझ्न थाले भक्तपुरका साधारण जनताले । संसारमा साम्राज्यवादीहरूले गरेका एसिया, अफ्रिका र ल्याटिन अमेरिकी जनतालाई गरेको अन्याय बुझ्न थाले र फोटो प्रदर्शनहरूले सबै स्पष्ट हुँदै गए । यो एक प्रकारको विश्वविद्यालयमा नपढाइने राजनैतिक शिक्षालाई गाईजात्राको सांस्कृतिकजस्ता पर्वमा पनि प्रतिबिम्बित भए । यसरी भक्तपुरमा किसान जनतामा नयाँ राजनैतिक र नागरिक भावनाको चिन्तनले पुस्तक, पत्र-पत्रिका र अखबारहरू पढ्ने कामदार वर्ग तयार गऱ्यो । यो एक प्रकारको साक्षरताको साहित्यिक वरदान थियो ।

भक्तपुरमा शैक्षिक विकासपछि युवा विद्यार्थीहरू शिक्षक, डाक्टर, इन्जिनियर, स्वास्थ्यकर्मी, प्राविधिक आदि र लोकसेवा आयोगबाट सरकारी नोकरीमा छानिएर विभिन्न जिल्लामा गएर कर्तव्य पूरा गर्दै छन् । पहिले भक्तपुरबाट हरेक वर्ष केही महिना प्रजापतिहरू माटाका भाँडा बनाउन जान्थे, आज पनि डकर्मी, सिकर्मीजस्ता निर्माणको काम गर्ने युवाहरू जिल्ला बाहिरमात्र होइन विदेश पनि लागेका छन् । ६०-७० भन्दा बढी जिल्लाका विद्यार्थीहरू भक्तपुरका विभिन्न विद्यालय र कलेजहरूमा अध्ययनरत छन् । यसरी जनताबाटै सुरु गरेको साक्षरता आन्दोलनबाट आज देश र विदेशमा समेत भक्तपुरबाट शिक्षा हासिल गरेर देश र जनताको सेवामा लाग्दै छन् । यो नै भक्तपुरको नदेखिने उपलब्धि हो जसमा सबैको योगदान छ ।

# 'द ग्रेजोन' र कार्की आयोगको प्रतिवेदनका सङ्क्षिप्त विषय

✍ प्रज्ज्वल

संरा अमेरिकी सञ्चार माध्यम 'द ग्रेजोन' का खोज पत्रकार किट क्लारेनवर्गको यही भदौ २४ गते 'सरकार परिवर्तनको अमेरिकी आवरणमा नेपालका नयाँ नेताहरू हुर्काइएको' लेख सार्वजनिक भयो । निर्वाचन तथा राजनीतिक प्रक्रिया सबलीकरणको लागि साझेदारी समूह (CEPPS) ले रास्वपाका रवि लामिछाने, बालेन साह, सागर ढकाल, सुदन गुरूङलाई सहयोग गर्नुपर्ने सूचीमा राखेको थियो । CEPPS संरा अमेरिकी केन्द्रीय गुप्तचर संस्था सीआईएबाट सञ्चालित प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग (NED) को एउटा शाखा भएको, अर्को शाखा अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्था (IRI) भएको, आईआरआईको दुई प्रतिष्ठान निर्वाचन प्रणालीका अन्तराष्ट्रिय प्रतिष्ठान (IFES) र राष्ट्रिय प्रजातन्त्र प्रतिष्ठान (NDI) भएको सो लेखमा उल्लेख छ । यी अमेरिकी संस्थाहरूले नेपालको गत वर्ष भदौ २३ र २४ गतेको विद्रोहलाई उक्साएको पनि लेखमा उल्लेख छ । सो लेखमा रास्वपा र 'हामी नेपाल' लाई CEPPS ले चासोको सूचीमा राखेको, NED प्रायोजित CEPPS ले तालिम दिएका नेपालका धेरै नयाँ अनुहारलाई रास्वपाका नेता र सांसद बनाइएको पनि उल्लेख छ ।

नेपालका कतिपय सञ्चारमाध्यममा गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवलाई जेनजीको स्वत:स्फूर्त क्रान्ति भनी लेखिएको तर नेडले नेपाली युवालाई अराजकता पैदा गर्न सिकाएको सो लेखमा उल्लेख छ । नेकाको समर्थन प्राप्त एमालेका प्रधानमन्त्री केपी ओलीले भदौ २४ गते राजीनामा दिएपछि राष्ट्रपति रामचन्द्र पौडेलले ओलीको सिफारिसअनुसार संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्ति गरे । अन्तरिम सरकारले जेनजी प्रदर्शनको क्षतिबारे छानबिन गर्न विशेष अदालतका पूर्वमुख्यन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा असोज ५ गते आयोग गठन गऱ्यो । सो आयोगले ढिलो गरी अर्थात् फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचन सकिएपछि फागुन २४ गतेमात्र प्रतिवेदन पेस गऱ्यो । सो प्रतिवेदन सञ्चारमाध्यममा प्रकाशित भयो तर सरकारले औपचारिक रूपमा सार्वजनिक गरेन । सो प्रतिवेदनमा उल्लेख आरोपीहरूलाई पनि रास्वपाबाट चुनावमा जिताइयो ।

कार्की आयोगको प्रतिवेदनमा भदौ २४ गते बिहान 'हामी नेपाल' का सुधन गुरूङ नेपाली सेनाको मुख्यालयमा पुगेको र 'हामी नेपाल' को 'युथ अगेन्स्ट करप्सन', र 'युवा हब' नाम भएका दुई ओटा सर्भर (भर्चुअल समुदाय) डिस्कर्डमा बढी सक्रिय भएको, सन् २०२५ मा अमेरिकी युवाहरूले गेमरहरूबिच सहकार्यको लागि डिस्कर्ड निर्माण गरिएको, अन्तरिम सरकारका प्रधानमन्त्री सुशीलालाई डिस्कर्डमा मत लिएर चयन गरिएको पनि उल्लेख छ । सामाजिक सञ्जाल सन् २०१० मा प्रवेश भएको अल्गोरिदम गलत सूचना फैलाउने विष जस्तै भएको, भदौ २३ गतेपूर्व नै नेपाली जेनजी आन्दोलनकर्ताले "श्रीलङ्काले गऱ्यो, बङ्गलादेशले गऱ्यो, अब नेपालको पालो, हामी गोर्खाली उठ्ने समय भएको छ" लगायत पोस्ट गरेको पनि कार्की आयोगको प्रतिवेदनमा उल्लेख छ ।

केही सामाजिक सञ्जालमा प्रेषित भएका सूचनामा भदौ २३ गते अघि नै एआई निर्मित सिंहदरबारलगायत सार्वजनिक संस्था जलाइएको, विध्वंस गरिएको भिडियोहरू रहेको, डिस्कर्डको एउटा समूहमा पेट्रोल बम बनाउने, तोडफोड, लुटपाट र आगजनी गर्न प्रेषित गरिएको तर यी सबै प्रेषित विषयलाई तत्कालीन ओली सरकारले बेवास्ता गरी बसेको पनि कार्की आयोगको प्रतिवेदनमा उल्लेख छ ।

अमेरिकी खोज पत्रकार क्लारेनवर्गले आफ्नो लेखमा सीआईएको छाया नेडले अमेरिकी अनुकूल नबस्ने निकारागुआ, भेनेजुयला, युक्रेन, हाइटीमा सरकारविरोधीहरूलाई उक्साएको, सुशीला कार्कीको अन्तरिम सरकारले गठन गरेको छानबिन आयोगको प्रतिवेदनअनुसार जेनजी प्रदर्शनको नाममा निहत्था जनताको हत्या र देशभरिभैँ आगजनी गर्ने आरोपीमाथि कारबाही नगरेको बरू नयाँ पार्टी खोल्न लगाई तिनीहरूलाई सरकारमा पुग्ने गरी निर्वाचन प्रचार गर्न सिकाएको उल्लेख छ । यथार्थ पनि यही हो । देश र जनताको नि:स्वार्थ सेवाको लागि स्थापना भएका राजनीतिक पार्टीहरू २-४ वर्षमा सरकारमा पुग्ने गरी चुनाव जितेको कतै नभएको पनि अध्येताहरू बताउँदै छन् ।

कार्की आयोगको प्रतिवेदनमा भदौ २३ गते शान्तिपूर्ण प्रदर्शन गर्ने भनिए पनि बानेश्वरमा तिब्बती शुद्ध रगत (TOB) लेखिएको कालो शर्ट लगाएका मोटरसाइकल पड्काउँदै चालकहरू होहल्लामा लागेपछि प्रहरीसँग भिडन्त सुरू भएको, बानेश्वरका प्रत्यक्षदर्शीका अनुसार कर्फ्यु जारी गर्नुअघि प्रशासनले मेगाफोनमार्फत सूचना दिएको तर प्रभावकारी नभएको र त्यसैको परिणाम हताहत धेरै भएको उल्लेख छ ।

भदौ २३ र २४ गतेको उपद्रवअगाडि नै संरा अमेरिकी संस्थाहरू सीआईए, नेड, आइआरआई, CEPPS, NDI, IFES, SFT, लगायतका संलग्न रहेका विदेशी सञ्चारमाध्यममा प्रकाशित भइरहे पनि यसबारे त्यसबेलाका सरकार प्रमुख एमालेका केपी ओली र ओलीलाई समर्थन गर्ने नेकाका देउवा, गगन लगायतले केही बोलिरहेका छैनन् । ओलीले त्यसबेला सुरक्षा निकायका प्रमुखहरूलाई 'आ-आफ्नो जिम्मेवारी बहनु गर्नू' भनी निर्देशन दिएको बोले । उनले अमेरिकी संस्थाहरूबाट नेपाली युवालाई उपद्रवको प्रशिक्षण भएको बारे किन बोलेनन् ? यो प्रश्न हालसम्म अनुत्तरित छ ।

नेका र एमालेका समर्थनमा तीनपटक प्रधानमन्त्री भएका तत्कालीन माओवादी र हाल नेकपा भनिएका पुष्पकमल दाहालले केही समयअघि आफूलाई टीओबी, बारबरालगायतको गतिविधिबारे थाहा भएको तर नेका, एमालेसमेतको तागतको अगाडि तिनीहरूको केही नलाग्ने भनी मौन बसेको खुलासा गरेका थिए । दाहालले जेनजीको भदौ २३ गतेको आन्दोलनलाई यथार्थ र भदौ २४ गतेपछि विदेशी घुसपैठ भएको बताए । उनले पनि कुन विदेशी घुसपैठ भए स्पष्ट भन्न सकेनन् । के देउवा, ओली, दाहाल, गगनलगायत ३५ वर्षयता पटक पटक सरकारमा गएका दलका नेताहरूले अमेरिकी खोज पत्रकार क्लारेनवर्ग र जिम नोरेकासका लेखहरू जसमा जेनजी उपद्रवमा संरा अमेरिकी सरकारका गुप्तचर संस्था सीआईए र यसअन्तर्गतका संस्थाहरू संलग्न भएको अध्ययन गरेका छैनन् ? के यी नेताहरू यति अनभिज्ञ हुन् ?

# चुरे दोहनसँगै बाढी पहिरोको खतरा




शुक्र

चुरे दोहनले तराई मधेसमा पानी सतह घट्दै गइरहेको छ भने खेतीयोग्य जमिनमा बालुवा भरिँदा मरुभूमि बन्ने खतरा बढिरहेको छ । यसले तराई मधेसमा बसोबास गर्ने ६१ प्रतिशत जनताको मात्र होइन देशकै अन्नको भकारीमा खतरा बढेको छ ।

पूर्व–पश्चिम राजमार्गको निर्माणसँगै चुरेको वन कटान र अतिक्रमण बढेको हो । सरकारले चुरे क्षेत्रलाई राजस्वको स्रोतका रूपमा लिएको हुँदा दोहन बढ्दै आएको हो । ती नै तहका सरकारले चुरे क्षेत्रलाई राजस्व सङ्कलनको बलियो स्रोतका रूपमा लिएका छन् । चुरेबाट बग्ने नदी तथा खोलामा ढुङ्गा, गिटी, बालुवा, माटो उत्खनन् गराउनु सरकारको देशघात नै हो ।

अहिलेसम्मका सरकारहरू जलमाफिया, जङ्गलमाफिया, भूमाफिया, क्रसरमाफिया, वनमाफिया र खोलामाफियाहरूको हितमा लाग्दा देशमा परनिर्भरता बढिरहेको हो । तराई मधेसका जिल्लाका गाउँबस्तीमा गर्मी यामसँगै यहाँका इनारहरू सुक्दै छन्, गहिरो गरी गाडिएका चापाकल (ट्युबवेल) बाट समेत पानी आउन छाड्दा खाद्यान्न र खानेपानीको सङ्कट बढिरहेको छ । चुरेमा पानीको सतह दुई मिटर घट्दा दक्षिणी भाग तराईमा १०० मिटरसम्म घटेको तथ्याङ्कले देखाएको बाहिरियो ।

पछिल्लो समय सबैभन्दा बढी महोत्तरीको बर्दिबासको चुरे क्षेत्र विनाशमा सरकार नै लागेको छ । महोत्तरीको बर्दिबासबाट दक्षिणतर्फ रहेको सार्वजनिक जग्गामा सरकारी कार्यालयहरू स्थापना नगरी बर्दिबासमै रहेको चुरेको वन क्षेत्रको जग्गामा कार्यालयहरू स्थापना गरेका छन् । नेपाली सेनाको पृतना कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, महालेखा परीक्षकको प्रदेश कार्यालयलगायत दर्जनौँ कार्यालय स्थापना गरेर चुरेको दोहन गरिएको छ । दर्जनौँ निजी होटल र पसल वनकै जग्गामा बनाइएको पनि सार्वजनिक भयो ।

माओवादी द्वन्द्वको बेला चुरेमा रूखहरू छानीछानी काटेर वन विनाश गरिएको थियो । त्यहाँ शासक दलकै नेता कार्यकर्ताहरूले वनको जग्गा अतिक्रमण गरी बस्ती बसाए ।

सङ्घीय सरकारले तीन वर्षअघि ढुङ्गा, गिटी, बालुवा उत्खनन गरी निर्यात गर्ने नीति तथा कार्यक्रममै उल्लेख गऱ्यो । नदीजन्य वस्तु ढुङ्गा, गिटी, बालुवा भारत निर्यात गरी राजस्व सङ्कलन गर्ने सरकारको गलत नीतिले अन्नको भण्डार तराई मरुभूमि भइरहेको किन होइन ? चुरे दोहनसँगै अन्नको भण्डार बालुवाले भरिनेमात्र होइन बाढी पहिरोको खतरा भूमि बन्दै छ ।

लामो खडेरीपछि सरकारले २०८२ साउन ७ गते मधेस प्रदेशलाई सङ्कटग्रस्त प्रदेश घोषणा गरेको थियो । पानीको समस्या समाधानका लागि मधेसका जिल्लाहरूमा ५०० डिप बोरिङको जडान गर्ने आदेश भएको थियो । चुरे दोहन हुँदा तराई मधेशमा डिप बोरिङमा पानी नआउन विज्ञहरूको मत छ ।

तत्कालीन लुम्बिनी प्रदेशका मुख्यमन्त्री एमालेका शङ्कर पोखरेलको प्रदेश सरकारले बुटवल, पाल्पा जोड्ने सडकमा पर्ने चुरे क्षेत्रमा रहेको वसन्तपुर डाँडा सम्याएर ढुङ्गा, बालुवा बिक्री गर्ने योजना बनाएको थियो ।

चार वर्षअघि तत्कालीन सङ्घीय सरकारले अर्थमन्त्री एमालेका विष्णु पौडेलले महाभारत शृङ्खलाका ९२ स्थानबाट ढुङ्गा झिकेर भारतलाई बिक्री गर्ने प्रस्ताव गरेका थिए । महाभारतबाट ढुङ्गा, टिगी, बालुवा उत्खनन गरी निर्यात गर्दा चुरे क्षेत्रलाई ठुलो नोक्सानी हुने सरकारलाई कसरी थाहा भएन ?

केही वर्ष चलेको राष्ट्रपति चुरे संरक्षण कार्यक्रमअन्तर्गत चुरे क्षेत्रमा तालतलैया, तटबन्धन, पुनर्निर्माण र वन व्यवस्थापनको एक–दुई काम भए पनि त्यो बालुवामा पानीसरह भयो । राजस्वको लोभमा चुरेको दोहन होइन सरकारले संरक्षण गर्नु जरुरी छ । तराई मधेसको पानीको स्रोत चुरे भएकोले चुरेमा वृक्षारोपन गर्नुपर्ने, पानी पुनभरणका लागि पोखरी निर्माण गर्नुपर्ने विज्ञहरूको सुझावमा सरकार लाग्नु जरुरी छ ।

# "कानुन व्यवसायीहरू न्याय र जनअधिकार सुरक्षाका लागि कानुनी लडाइँ लड्ने बौद्धिक सिपाहीँ हुनुपर्छ"




**सुनिल प्रजापति**

आजभन्दा ३८ वर्षअघिको घटना हो, भक्तपुर काण्ड । पञ्चायती सरकारबाट रचिएको भक्तपुर काण्ड नेपाल मजदुर किसान पार्टीका नेता, कार्यकर्ताहरूका लागि मात्रै होइन, धेरै नेपालीहरूको मन मस्तिष्कमा अझै ताजै छ । त्यतिबेला निर्दलीय नाउँका पञ्चहरूको एकदलीय शासन थियो । जनतामा मौलिक र राजनीतिक अधिकार थिएन । पञ्चायती व्यवस्थाको विरोधमा आवाज उठाउनु अपराध मानिन्थ्यो । पञ्चहरूले जस्तोसुकै अपराध गर्दा पनि माफी पाउँथे ।

दल प्रतिबन्धित अवस्थामा पनि नेपाल मजदुर किसान पार्टीले पञ्चायती निर्वाचनमा भाग लिएर जनताको सेवा गर्ने नीति लियो । पञ्चायती व्यवस्थाको जनविरोधी क्रियाकलापहरूलाई उदाङ्ग्याउँदै जनतालाई राजनीतिकरूपले सचेत पार्ने कार्य गऱ्यो । धेरै पार्टीले निर्वाचन बहिष्कारको नाउँमा पञ्चहरूलाई निर्वाचन जित्न अप्रत्यक्ष रूपमा सहयोग गरे तर नेमकिपाले व्यक्तिगत रूपमा उम्मेदवारी उठाएर पञ्चहरूका जनविरोधी गतिविधिलाई उदाङ्ग्याउने काम गऱ्यो । जनताको सेवालाई अपराध ठान्ने पञ्चहरू नेमकिपाको नामदेखि तर्सन्थे । यही पृष्ठभूमिमा उनीहरूले भक्तपुर काण्डको षड्यन्त्र रचेका थिए ।

२०४५ साल भदौ ९ गते पञ्चहरूले षड्यन्त्र गरे । उत्तेजित भिडबाट कुटिएका पूर्वरापसको मृत्युलाई नेमकिपाले हत्या गऱ्यो भनी दोषारोपण गरी नेमकिपाका अध्यक्ष रोहितलगायत धेरै नेता कार्यकर्तालाई प्रहरीले सोही राती गिरफ्तार गऱ्यो । तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह, रापस अध्यक्ष नवराज सुवेदी तथा धेरै मन्त्री सम्मिलित जुलुसले अध्यक्ष रोहितलाई फाँसी देको नारा लगायो । राज्यका प्रमुख ३ अङ्गमध्ये कार्यपालिका र व्यवस्थापिका प्रमुखहरूले नै सुरूमै रोहितलाई अपराधी घोषित गर्दै फाँसीको माग गरे । विनाअनुसन्धान प्रमाणको कुनै खोजी नगरी रोहित र नेमकिपालाई हत्याको आरोप लगाइएबाट उक्त घटना राज्य रचित षड्यन्त्र थियो भन्ने प्रस्ट हुन्छ । आजको जस्तो सञ्चारको विकास नभएको अवस्थामा जनताबिच केही समय भ्रम फैलाउन भने सरकार सफल भयो ।

भक्तपुर काण्डमा सुरूदेखि नै कानुन व्यवसायीहरूको साथ र सहयोग थियो । यसले कानुन व्यवसायीहरू लेनदेन, अंश, जालसाजीजस्ता पक्ष विपक्षको मुद्दा हेर्नेमात्र होइनन् सरकारले गरेको अत्याचारको विरोधमा लड्ने र प्रजातन्त्रको पक्षमा सङ्घर्ष गर्ने योद्धाहरू पनि हुन् भन्ने प्रमाणित गऱ्यो । भक्तपुरका जनतामाथि गरेको बर्बर दमनको विरोध कानुन व्यवसायीहरूको तर्फबाट नेतृत्वदायी भूमिका खेल्नुभएको थियो, वरिष्ठ अधिवक्ताहरू कृष्णप्रसाद भण्डारी र सिन्धुनाथ प्याकुरेलले ।

अध्यक्ष रोहितलगायत ६७ जनालाई ज्यान मुद्दा लगाइएकोमा धेरै जनालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १३(क) को माग गरिएको थियो । त्यो मृत्युदण्ड वा सर्वस्वसहित जन्मकैदको माग थियो । जन्मकैदको अर्थ त्यतिबेला ३३ वर्ष कैद थियो । २०४७ सालको संविधानले मृत्युदण्ड खारेज गर्नुका साथै जन्मकैदलाई २० वर्षमा सीमित गऱ्यो ।

पक्राउ पर्नेहरूलाई प्रहरीले चरम यातना दियो । प्रहरीसमक्ष स्वेच्छाले बयान दिन पाउने, आफूले रोजेको कानुन व्यवसायी राख्न पाउने, पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउने जस्ता मौलिक हकका कुरा संविधानका पानामा सीमित थियो । निर्मम यातना दिएर तयारी कागजमा सहीछाप गराउनु नै प्रहरीको काम थियो ।

पार्टी नेतृत्व जेल, भूमिगत वा प्रवासमा रहेको त्यस जटिल अवस्थामा वरिष्ठ अधिवक्ता भण्डारी र प्याकुरेलहरूले निरन्तर सहयोग गर्नुभयो । त्यस जाली मुद्दाको सरजमिन शनिबार गरिएको थियो । उहाँहरूले सरजमिन स्थलमै उपस्थित भएर त्यसको विरोध गर्नुभयो र न्यायप्रेमी जनतालाई साथ र सहयोग गर्नुभयो ।

त्यतिबेला जनतामा राजनीतिक सचेतता आइसकेको थिएन । पुरूषहरू भूमिगत हुनुपर्ने अवस्थामा धेरैजसो गतिविधि महिलाहरूबाट हुने गर्थ्यो । त्यस्तो कठिन अवस्थामा पीडित महिलाहरूको तर्फबाट वरिष्ठ अधिवक्ता भण्डारीले उहाँकै घरमा पत्रकार सम्मेलन गर्नुभयो । अन्यायमा परेका जनतालाई उहाँले ऊर्जा दिनुभयो । त्यस्तो गुण हामी नेमकिपाका कार्यकर्ताहरूले कसरी बिर्सन सक्छौँ र !

पत्रकार, वकिल, मानव अधिकारवादीहरूको सहभागितामा भएको पत्रकार सम्मेलनले देशव्यापी रूपमा सरकार उदाङ्गियो । पीडितहरूलाई सरकारसँग लड्ने साहस र ऊर्जा दियो । पार्टीकै कैयौँ मान्छे डरले पञ्चायतसामु आत्मसमर्पण गरी धोका दिएको अवस्थामा कानुन व्यवसायीहरूले पीडितको पक्षमा नि:शुल्क मुद्दा हेर्ने प्रतिबद्धता जाहेर गर्नु त्योभन्दा खुसीको कुरा के हुनसक्थ्यो र ? सङ्कटको बेला साथ दिनेहरू नै असल मित्र हुन्छ भनेझैं धेरै कानुन व्यवसायीहरूले अमूल्य योगदान गर्नुभयो ।

नेपाल बार एसोसिएसनको काठमाडौँमा सम्पन्न राष्ट्रिय सम्मेलनले पञ्चायती सरकारले षड्यन्त्र रचेर अध्यक्ष रोहितलगायत धेरैजना नेमकिपाका नेता-कार्यकर्ताहरूलाई जाली मुद्दा चलाएकोमा खेद व्यक्त गर्दै मुद्दा फिर्ता लिई सबै बन्दीहरूलाई रिहा गर्न मागसहित सर्वसम्मतिले प्रस्ताव पारित गऱ्यो । अदालतमा मुद्दा पेस गरिसकेपछि सयौँ कानुन व्यवसायीहरूले भक्तपुर काण्डका पीडितहरूको पक्षमा बहस गर्न वकालतनामा पेस गर्नुभयो । को प्रगतिशील, को प्रजातन्त्रवादी पञ्चायतविरोधी खेमाका अधिकांश वकिलहरू सङ्गठित भएर सहयोग गर्नुभयो । व्यक्तिहत्याको रूपमा चित्रण गर्न खोजिएको त्यो मुद्दा राजनीतिक मुद्दाको रूपमा स्थापित हुँदै गयो । त्यस्ता पीडादायी क्षणमा सहयोग गर्ने ती सबै कानुन व्यवसायीहरूप्रति हामी कृतज्ञ छौँ ।



कानुन व्यवसायीहरूको निरन्तरको सहयोगले भक्तपुर काण्डबारे वास्तविकता बिस्तारै छर्लङ्ग हुँदै गयो । विभिन्न पत्रकार, मानव अधिकारवादीहरूले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुभयो । विभिन्न गुटमा विभाजित राजनीतिक दलहरूबिच पनि सहकार्यहरू हुन थाले । पञ्चायती व्यवस्थाविरोधी संयुक्त मञ्चहरू बन्न थालियो ।

बहुदल पक्षधरहरूले नेमकिपाका नेता-कार्यकर्ताहरू फसाइएकोमा विरोध गर्न थाले । त्यो क्रम बढ्दै गएपछि २०४६ सालको जनआन्दोलनको वातावरण तयार भयो । नेका र वामपन्थी दलहरूबिच त्यसअघि कहिल्यै संयुक्त आन्दोलन हुन सकेको थिएन । तर, जनआन्दोलनअघि गठित वाममोर्चामा नेमकिपा पनि सदस्य रह्यो । अध्यक्ष रोहित जेलमै भए पनि उहाँ वाममोर्चाको सदस्य रहनुभयो ।

नेमकिपालाई समाप्त पार्न खोज्ने पञ्चायती व्यवस्था आफै समाप्त भयो । निरङ्कुश राजतन्त्रको अन्त्य भई देशमा बहुदलीय व्यवस्था स्थापना भयो । देशमा बहुदलीय व्यवस्था स्थापनाका विभिन्न कारणमध्ये भक्तपुर काण्ड पनि एक हुन पुग्यो । पञ्चायती व्यवस्था अन्त्यको लागि त्यस काण्डमा खुलेर साथ दिने कानुन व्यवसायी, मानव अधिकारवादी, पत्रकार र बुद्धिजीवीहरूको पनि महत्त्वपूर्ण भूमिका रह्यो ।

कानुन व्यवसायीलगायत देशका विभिन्न तह र तप्काका जनताको साथ र सहयोगले भक्तपुर काण्ड राजनीतिक घटना थियो भन्ने प्रमाणित भयो । त्यसमा बढी कानुन व्यवसायीहरूको अमूल्य योगदान छ । वरिष्ठ अधिवक्ताहरू कृष्णप्रसाद भण्डारी, सिन्धुनाथ प्याकुरेल, सुवास नेवाङ, बासुदेव ढुङ्गानालगायत धेरै कानुन व्यवसायीहरूको महत्त्वपूर्ण योगदान छ । उहाँहरूको योगदानलाई नेमकिपाका नेता कार्यकर्ताहरूले सधैँ सम्झिरहनेछन् ।

त्यतिबेला प्रचलित संविधान र कानुनभित्र रहेर सत्य र तथ्यको आधारमा न्यायको पक्षमा लड्ने, राज्यको षड्यन्त्रलाई उदाङ्ग्याउने कार्यमा जुन निर्भिकता अग्रज कानुन व्यवसायीहरूले देखाउनुभयो, त्यसबाट आजका कानुन व्यवसायीहरूले शिक्षा लिएर अगाडि बढ्नुपर्छ । कानुन व्यवसायी भनेको पक्ष र विपक्षमा बहस गर्ने व्यवसायीमात्रै होइनन् देश र जनताको लागि आवश्यक परेमा आफ्नो विज्ञताको आधारमा जनअधिकार सुरक्षाका लागि कानुनी लडाइँ लड्ने बौद्धिक सिपाहीँ पनि हुन् भन्ने समर्पित भावना आजका वकिलहरूमा पनि हुनु आवश्यक छ ।

पुँजीवादी राज्य सत्तामा षड्यन्त्र, जालझेल र छलछामका घटनाहरू भइरहन्छन् । २०४६ सालको आन्दोलनले नेपालमा बहुदलीय व्यवस्था स्थापना गऱ्यो । २०६२/६३ को संयुक्त आन्दोलनबाट देशमा २४० वर्षको राजतन्त्र समाप्त गरी गणतन्त्र स्थापना भयो । त्यस अवधिमा शासक दलहरूबिच सत्ताको निम्ति अनैतिक गठबन्धन र सबै क्षेत्रमा हुने नियुक्तिमा भागबन्डाहरूले सरकारहरू बदनाम भए । ती दलहरूले दलीय र व्यक्तिगत स्वार्थका लागि एकले अर्को दललाई सत्ताबाट खसाल्न अनेकौँ जालझेल र षड्यन्त्रहरू गरे । २०८२ भदौ २३ र २४ गतेको घटना ती पार्टीहरूको अकर्मण्यताको परिणाम हो ।

भदौ २३ र २४ गतेको प्रदर्शनले नेका र एमालेको दुइ तिहाइ सरकारलाई शासनबाट विस्थापितमात्र गरेन फागुन २१ को निर्वाचनबाट बालेन शाह नेतृत्वको सरकार गठन गर्ने अवस्थासम्म पुऱ्यायो । अमेरिकी युथ काउन्सिल, बारबरा फाउन्डेसन, समता फाउन्डेसन, हामी नेपाली संस्थाजस्ता एनजीओ र आईएनजीओका सञ्चालकहरूको सरकार बनाउने अवस्था आउनुमा ती शासक पार्टीहरू नै जिम्मेवार छन् ।

हालै अमेरिकी सञ्चार माध्यम द ग्रेजोनले अहिले अमेरिकाको गोप्य दस्ताबेज भनी सार्वजनिक गऱ्यो । त्यसमा विशेषगरी प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग (NED), अन्तर्राष्ट्रिय रिपब्लिकन संस्था (IRI) र अमेरिकी हितमा काम गर्ने अर्को एक संस्था CEPPS नाउँका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको नाम उल्लेख छ ।

ती संस्थाहरूले नीति संवाद नाउँको गैरसरकारी संस्थामार्फत नेपालका युवाहरूलाई सन् २०२२ देखि तालिम दिँदै नेपालका राजनीतिक दलहरूप्रति घृणा उत्पन्न गरी सरकारविरूद्ध लड्न उक्साइएको उल्लेख छ । धेरै युवाहरूमध्ये रवि लामिछाने, बालेन्द्र साह, सुधन गुरूङ र सागर ढकाल उनीहरूले अगाडि सारेका पात्रहरू हुन् भनेर किटान गरेको पाइएको छ ।

भदौ २३ र २४ गतेको युवाहरूको प्रदर्शनीमा ती संस्थाहरूको मुख्य भूमिका रहेको प्रस्ट्याइएको छ । नेपालमा गोप्य रूपमा अमेरिकी पैसाबाट चल्ने थुप्रै सङ्घ संस्थाहरू सक्रिय रहेको क्रमश: खुल्दै छन् र खुल्दै जानेछन् । अमेरिका आफूभन्दा कमजोर देशमाथि आक्रमण गरी त्यहाँको प्राकृतिक स्रोतमाथि कब्जा गरेर लुटेर धनी भएको एक आतङ्ककारी देश हो । आज नेपालको राजनीति पनि उनीहरूबाट निर्देशित व्यक्तिहरूको हातमा पुगेको छ । कतिबेला के हुन्छ ? अनिश्चित छ । जनता मार्नु, ध्वंश गर्नु उसको निम्ति सामान्य कुरा हो । समयमा जनताले बुझ्न सकेनन् भने नेपाली जनताले धेरै दु:ख पाउने दिन नजिकिँदै छ ।

यस्तो बेला कम्युनिस्ट पार्टीहरूलाई दबाउन कुनै पनि बेला नयाँ नयाँ षड्यन्त्रहरू हुन सक्छन् । सधैँ कानुन व्यवसायीहरू र नेपाली जनता सचेत रहन जरूरी छ ।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुन अध्ययन समाज नेपालको आयोजनामा भदौ २८ गते सम्पन्न 'भक्तपुर काण्ड र कानुन व्यवसायीहरूको भूमिका तथा कानुन व्यवसायी सम्मान' कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# उत्पादनमुखी अर्थतन्त्र र जनउत्तरदायी राज्य आजको आवश्यकता

जनमतसङ्ग्रहलाई स्वस्थ र निष्पक्ष बनाउन वामपन्थी शक्तिहरूले २०३६ भदौ २४ गते देशव्यापी आन्दोलन गर्ने घोषणा गरेका थिए । कुनै भेदभाव नगरी सबै प्रकारका राजबन्दीहरूलाई रिहा गराउने, निर्वासित भूमिगत सबै राजनीतिक नेता र कार्यकर्ताहरूको मुद्दा फिर्ता लिई र वारेन्ट रद्द गरी तिनीहरूलाई राजनीतिक गतिविधि गर्न पाउने, पञ्चायत व्यवस्थाका सबै निकाय र पञ्च सरकारको विघटन गरी अन्तरिम सरकार गठन गर्नुपर्ने, नागरिकको मौलिक हकमाथि बन्देज गरिने सबै कानुनहरू निलम्बित हुनुपर्ने र १८ वर्ष पुगेका समस्त नागरिकलाई मताधिकार हुनुपर्ने मागसहित सो आन्दोलन घोषणा गरिएको थियो । उक्त आन्दोलनको घोषणा तत्कालीन नेपाल मजदुर किसान सङ्गठनका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित), अखिल नेपाल किसान सङ्घका जयगोविन्द शाह, नेकपा चौथो महाधिवेशनका निर्मल लामा, नेकपा कोशी अञ्चलका भरतमोहन अधिकारी र कमलप्रसाद कोइराला र नेकपा वनारस गुटका चित्रबहादुर गुरुङ र साहना प्रधानको संयुक्त आह्वानमा भएको थियो । त्यो आन्दोलन वामपन्थी एकताको रूपमा परिचित छ ।

भदौ २४ गतेको आन्दोलन जनमतसङ्ग्रहलाई स्वस्थ र निष्पक्षरूपले सफल बनाउने एक वामपन्थी शक्तिहरूको आन्दोलन हो । 'जनमतसङ्ग्रह' को निम्ति व्यापक जनतालाई सचेत पार्ने आन्दोलन थियो । राजनीतिक र मौलिक अधिकार प्राप्तिको लागि लडेको आन्दोलन थियो । यो आन्दोलन जनमतसङ्ग्रहबारे बहुदलको पक्षमा प्रचार गरेको आन्दोलन थियो । स-साना मतभेद, मनमुताव र तीतोपिरो थाती राखी भएको त्यो आन्दोलन नेपालमा २०१७ सालपछिको ठुलो आन्दोलन थियो । यसकारणले पनि उक्त आन्दोलनको ऐतिहासिक महत्त्व थियो । उक्त आन्दोलनलाई सफल पार्न नेपाल मजदुर किसान सङ्गठन केन्द्रीय समितिको नाउँमा २०३६ भदौ १८ गते 'प्रजातान्त्रिक आन्दोलनलाई सफल पारौँ' भन्दै एक अपिल प्रकाशित गरेको थियो । त्यसरी नै पाँच वामपन्थी शक्तिको पनि छुट्टै संयुक्त प्रेस वक्तव्य प्रकाशित भएको थियो । वामपन्थी एकता जिन्दावाद, जनसङ्घर्ष जिन्दावाद र देशभक्त र जनतान्त्रिक शक्ति एक होऔँ भन्ने नाराका साथ प्रकाशित सो वक्तव्यमा देशका विद्यार्थी, किसान तथा मजदुरहरूले जेलनेल, गोलीको वास्ता नगरी आन्दोलनको घोषणा गरेको कारण पञ्चायती सरकारले २०३७ साल जेठ १० गते जनमतसङ्ग्रह गर्ने घोषणा गरेको उल्लेख थियो ।

जनमतसङ्ग्रह जनताको राजनैतिक चेतना र प्रजातान्त्रिक पक्षको शक्ति नाप्ने एक ब्यारोमिटर हो । यो जनमतसङ्ग्रह निरङ्कुश पञ्चायती व्यवस्थाको निम्ति एक हाँक थियो । यसलाई त्याग्नु या बहिष्कार गर्नु राजनीतिक सङ्घर्षबाट भाग्नु हो । जनमतसङ्ग्रह निर्दलीय पञ्चायती व्यवस्था आवश्यक छ कि छैन भन्ने जाँच्ने एक माध्यम थियो । त्यसबेला पञ्चायतीविरोधी शक्तिहरू सबै एक ठाउँमा उभेका भए पञ्चायती व्यवस्था २०३६ सालमै हट्थ्यो । त्यही वर्षमै देशमा बहुदलीय शासन आउँथ्यो । तर, त्यसबेला नेका र अन्य वाम घटकहरू पनि अलमलिए । फलत: बहुदलीय व्यवस्था स्थापना गर्न १० वर्ष पर्खनुपर्‍यो । वैचारिक र व्यवहारिक सङ्घर्षलाई 'धोखा' र 'नाटक' भनी कहिले बहिष्कार त कहिले समर्थन भनी द्वैधचरित्र देखाइयो । नेपालको त्यो अवस्थामा जनमतसङ्ग्रहलाई बहिष्कार गर्नु उपयुक्त थिएन । यता नेमकिसङ्गठनले देशका मजदुर, किसान, युवक, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, सिपाहीँ, कर्मचारी, साहुमहाजन सबैलाई आ-आफ्नो मत बहुदलको पक्षमा उपयोग गर्न आग्रह गरेको थियो । यसरी नै पञ्चायतीविरोधी सबै दलहरू बहुदलको पक्षमा सक्रियतापूर्वक लागेका भए त्यसबेलै पञ्चायती व्यवस्था अन्त्य हुन्थ्यो । यसकारण, २०३६ साल भदौ २४ को दिनलाई ऐतिहासिक, राजनीतिक तथा वाम आन्दोलनको हैसियतले महत्त्वपूर्ण दिन मानिन्छ ।

भदौ २४ गतेको आन्दोलन सफल पार्न यसअघिका दिनहरूमा भक्तपुर, काठमाडौँ, ललितपुर, काभ्रेलगायतका स्थानमा पर्चा टाँसिएको थियो, पर्चा वितरण भएको थियो । भदौ २३ गते बनेपामा जनसभा भएको थियो । भदौ २४ गते बिहान भक्तपुरमा र दिउँसो काठमाडौँमा जुलुस तथा सभा भएको थियो । यसरी नै पोखरा, विराटनगर, जनकपुरमा जुलुस प्रदर्शनको साथै हडताल भएको थियो । आन्दोलन दबाउन देशका विभिन्न स्थानमा प्रहरी तैनाथ गरिए पनि आन्दोलन अघि बढाइएको थियो । एकै दिन भए पनि त्यो आन्दोलन वामपन्थीहरूको एक प्रकारको शक्ति प्रदर्शन थियो ।

वामपन्थी शक्तिहरूको त्यो आन्दोलन सिद्धान्त एक भएर भएको नभए पनि आन्दोलनबाट बहुदलको पक्षमा व्यापक प्रचार भयो । तर, नेपाली जनता बहुदलको पक्षमा कि निर्दलको पक्षमा छन् भने परीक्षण गर्न गरिएको जनमतसङ्ग्रहमा केही वाम शक्तिहरूले बहिष्कार गरेर पञ्चायतलाई सघाए । केही वाम शक्तिहरूले पहिले बहिष्कार गरे पनि पछि भाग लिए । बहुदल या निर्दल रोज्न जनमतसङ्ग्रह घोषणा गर्नेबित्तिकै देशका वामशक्ति र प्रजातान्त्रिक शक्तिहरू सक्रियतापूर्वक लागेका भए २०३७ मै निर्दलीय व्यवस्था अन्त्य हुन्थ्यो या बहुदलीय व्यवस्था स्थापना हुन्थ्यो । तर, वामपन्थी शक्तिहरूकै अदूरदर्शिताको कारण दस वर्ष पञ्चायती व्यवस्था कायम रहृयो । उक्त व्यवस्था २०४६ मा भएको वाममोर्चा र नेकाको संयुक्त आन्दोलनले मात्रै फाल्यो । फागुन ७ देखि सुरू भएको सो आन्दोलन दुई महिना नपुग्दै उत्कर्षमा पुग्यो र चैत २६ गते राति बहुदलीय व्यवस्था स्थापना भयो । यसरी देशमा बहुदलीय व्यवस्था स्थापना हुनुमा वामपन्थी शक्तिहरूको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालमा वामपन्थी आन्दोलन इतिहासदेखि नै बलियो सामाजिक आधार भएको आन्दोलन हो । त्यही आधारमा टेकेर २०६४ सालको संविधानसभा निर्वाचनमा वामपन्थी दाबी गर्ने दलहरूले संयुक्त रूपमा करिब ५० प्रतिशत मत प्राप्त गरेका थिए । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि त्यो मत झन्डै ४८ प्रतिशत थियो । संसदमा उनीहरूको उपस्थिति दुईतिहाइ नजिक पुग्यो । २०७९ सालको निर्वाचनमा पनि वामपन्थी भनिने दलहरूको मत हिस्सा करिब ४१.५ प्रतिशतकै हाराहारीमा थियो । यसको अर्थ पछिल्लो २०८२ को निर्वाचनमा भने वामपन्थीहरूलाई २१.५ प्रतिशत मात्र मत प्राप्त भयो । तर, यति बलियो जनाधार भएको आन्दोलन आज किन रक्षात्मक अवस्थामा पुगेको छ ? यसको उत्तर बाहिर होइन, वाम आन्दोलनकै नेतृत्वभित्र खोज्नुपर्छ ।

कति वामपन्थी भन्ने दलहरू नाम कम्युनिस्ट भए पनि व्यवहारले भएन । सरकारमा पुगेर कथित वामपन्थी पार्टीहरू पुँजीवादी सरकारहरूकै पदचिह्नमा हिँडे । पुँजीवादी पार्टीहरूको स्वार्थ पूरा गर्न लागे । यसले वर्गीय राजनीति कमजोर बनायो; सिद्धान्तलाई सत्ता समीकरणको भर्‍याङ बनायो । आन्तरिक लोकतन्त्रको ठाउँमा गुटबन्दी देखियो । आलोचनालाई आत्मसमीक्षाको अवसर होइन, दुश्मनीका रूपमा हेरियो । समाजवादको बहस गर्ने नेताहरू पुँजीपतिहरूको पृष्ठपोषणमा लागे ।

कम्युनिस्ट पार्टीभित्र नै कम्युनिस्ट संस्कृति हराउँदै गयो । कार्यकर्तालाई वैचारिक रूपमा प्रशिक्षित गर्ने परम्परा हरायो । त्यसको सट्टा टिकट, पद, मन्त्रालय र शक्ति बाँडफाँट नै राजनीतिको केन्द्र बन्यो । यही कारणले जनताले विकल्प खोजे । वामपन्थी पार्टीहरूप्रतिको विश्वास, जनमानसमा कमजोर देखियो । चुनाव हारेपछि मात्रै फेरि 'वाम एकता' को नारा उठाउनु कतिको सही हो ? वाम एकताको आधार चुनाव हार्ने डर होइन, दर्शन हुनुपर्छ । एकताको आधार सत्ता होइन, सिद्धान्तनिष्ठ कार्यक्रम हुनुपर्छ । एकताको आधार नेताको निम्ति पद र सुविधा होइन, जनताको हित र आवश्यकता हुनुपर्छ ।

वाम एकताको आधार चुनाव जित्नको निम्ति मात्र हुन्छ भने त्यो दलको आयु छोटै हुनेछ । उत्पीडित वर्गको मुक्ति, सामाजिक न्याय, राष्ट्रिय स्वाधीनता, उत्पादनमुखी अर्थतन्त्र र जनउत्तरदायी राज्य निर्माणको निम्ति वाम एकताको आवश्यकता हुन्छ ।

# बेत्रावतीस्थित होल्डिङ सेन्टरमा ख्वप अस्पतालको नि:शुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण




रसुवा । भदौ १० गते रसुवा भोटेकोसी नदीमा आएको बाढी प्रभावित नागरिकको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले बेत्रावतीस्थित होल्डिङ सेन्टरमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । अस्पतालका मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लको नेतृत्वमा गएको १३ सदस्यीय चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले बाढीबाट प्रभावित तथा विस्थापित नागरिकहरूको स्वास्थ्य परीक्षण गर्नुका साथै आवश्यक उपचार र स्वास्थ्यसम्बन्धी परामर्श तथा नि:शुल्क औषधि वितरण गरिएको थियो ।

विपद्‌बाट प्रभावित नागरिकलाई तत्काल स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको शिविरबाट होल्डिङ सेन्टरमा आश्रय लिइरहेका नागरिक लाभान्वित भएका छन् ।

# ४६ औँ नेपालभाषा साहित्य त:मुंज्याको अपिल

'जनता म्वा:सा भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा बाँच्छ' भन्ने मूल नारासहित नेपालभाषा साहित्य त:मुंज्या (बृहत् सम्मेलन) नेपाल संवत् ११०० ( वि.सं. २०३७) देखि हरेक वर्ष साहित्यिक तथा सांस्कृतिक कार्यक्रमका साथ भइरहेको यहाँहरूलाई अवगत नै छ । यो वर्ष नेपाल संवत् ११४६ कौलाथ्व द्वादशी र त्रयोदशी (वि.सं. २०८३ कार्तिक ६ र ७ गते) का दिन भक्तपुर नगरपालिका वडा नं. ७ गोल्मढी, यातामा ४६ औँ त:मुंज्या हुने यहाँहरूलाई जानकारी गराउँदछौँ । यो त:मुंज्यामा यहाँहरू सम्पूर्णलाई हार्दिक आमन्त्रण गर्दछौँ र सदाझैँ आर्थिक, नैतिक तथा भौतिक सहयोगका निम्ति अनुरोध गर्दछौँ ।

भाषा, लिपि, साहित्य, कला-संस्कृति र सम्पदा हाम्रा अमूल्य निधी हुन् । यो अमूल्य सम्पत्तिको उन्नति-प्रगति तथा संरक्षणको लागि योगदान पुर्‍याउनु हामी सबैको साझा कर्तव्य पनि हो । यो गम्भीर जिम्मेवारीमा सरकार पनि सचेत हुनु आवश्यक छ । हाम्रा यी सम्पदा लोप हुनु वा नाश हुनु भनेको मानव सभ्यताको पनि विनाश हुनु हो भन्नेतर्फ त:मुंज्या सचेत छ ।

त:मुंज्या साहित्यिकसँगै राजनीतिक दबु पनि हो । राजनीति देश र जनताको नि:स्वार्थ सेवा गर्ने क्षेत्र हो । यो यथार्थलाई पनि त:मुंज्याले आत्मसात् गर्दै आएको छ । त:मुंज्याको दबुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा साहित्य र सांस्कृतिक विधा एवम् मन्तव्यहरू प्रस्तुत हुँदै आएको छ, यो वर्ष पनि चालू हुनेछ ।

गत वर्षको भदौ २३ गते जेनजी आन्दोलनमा घुसपैठ र निहत्या जनताको हत्या, त्यसको भोलिपल्ट भदौ २४ गते देशभरिकै आगजनीसहित विध्वंस मच्चाउन देश र विदेशका प्रतिक्रियावादीहरू क-कसले कसरी दुरुत्साहन गरे भन्ने विषय पनि त:मुंज्याको दबुमा प्रस्तुत हुने हामी सबैको अपेक्षा हो ।

यही वर्ष भदौ १० गते भोटेकोसी नदीमा आएको हिमपहिरोले रसुवा, नुवाकोट, धादिङ, गोर्खा, चितवनसम्मका हजारौँ नेपाली दाजुभाइ तथा दिदी-बहिनीको ज्यान गयो भने हजारौँ बेपता र घाइते भए तथा हजारौँ परिवार घरवारविहीन भए । नेपालभाषा साहित्य त:मुंज्या हिमपहिरो तथा बाढीमा परी मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै पीडितहरूप्रति गहिरो दु:ख प्रकट गर्दछ । हिमपहिरो पीडितहरूको खोज र उद्धारमा तदारुकताको कमी हुँदा थप जनधनको क्षति भयो भन्ने पीडितहरूको गुनासोप्रति त:मुंज्या ऐक्यबद्धता प्रकट गर्दछ र आगामी दिनमा हुनसक्ने विपत्तिको पूर्वसूचना र पूर्वतयारीमा लाग्न सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ ।

बढ्दो प्रदूषणसँगै पृथ्वीको तापक्रम वृद्धि भएर पनि हिमपहिरोलगायत प्राकृतिक विपत्ति बढिरहेको विषय पनि त:मुंज्याको यो दबुमा प्रस्तुत हुने हाम्रो अपेक्षा हो । नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम भव्यरूपमा सम्पन्न गर्न मजदुर, किसान, युवा, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, महिला, उद्योगी, व्यापारीलगायत सबैको सहयोग र सहभागिताको लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौँ ।

**आयोजक**
**४६ औँ नेपालभाषा साहित्य त:मुंज्या याता, गोमारी-७, ख्वप**

# कृष्णभिर : नेपालका शिखर प्राविधिक र सरकारलाई नैतिक चुनौती

२५-३० वर्षदेखि नै हरेक वर्ष वा दुई-चार वर्षभित्रमा कृष्णभिरको समस्या, यातायात बन्द र दुर्घटनाका घटनाहरू निरन्तर घटिरहेका छन् - मानौँ, संसारका हरेक देशमा सडकको यस्तै हाल छ ! संसद्, राष्ट्रिय पञ्चायत, जनसभा, घर भित्र-बाहिर वा हरेक राजनीतिक भेटघाटमा 'कृष्णभिर' बारे चर्चा भइहाल्छ - मानौँ, नेपालको पहाडी क्षेत्रमा कहिल्यै सडक नै बनेका छैनन्; नेपालमा कुनै वरिष्ठ इन्जिनियर र विशेषज्ञहरू छैनन् !

राणा कालमा त्यही बाटोमा किन सुरूङ मार्ग बनाइयो र पछि त्यसबारे किन मनन गरिएन ? प्राकृतिक सुरूङ मार्गमात्र होइन मानिसले पनि सुरूङका निर्माणहरू गरेर देखाएकै छन् - देश विदेशमा । हाम्रा राजनेता र शिखर प्राविधिकहरूले यसबारे किन सोचेनन् ? नत्र आजसम्म पनि 'कृष्णभिरको पहिरो हटाउने कार्य अनिश्चित, यातायात थप सङ्कट' (नेपाल समाचारपत्र, १८ भदौ, २०८३) जस्ता समाचारहरू आउने थिएनन् ।

२२ भदौ २०८३ 'अन्नपूर्ण' को अङ्कमा लेखियो - 'कृष्णभिर र परेवाभिर पहिरोको असर व्यवसायमा' ।

तर, सरकार किन मौन बस्छ ? अर्थात् सडक विभाग वा सम्बन्धित मन्त्रालय र मन्त्रीले त्यसबारे बैठक, वक्तव्य वा सदनमा किन बोल्दैनन् !? यसबारे सम्बन्धित विशेषज्ञ वा त्यस क्षेत्रमा काम गरिसकेका ठुला-बडा प्राविधिक र अनुभवीहरूको बैठक राखेर जनतालाई सही स्थिति किन बताइँदैन ?

जनता भित्र भित्र त्रासमा छन् - कहीँ यस भिरको 'उपचार' गर्न पनि २०८२ भदौ २३-२४ कै अमेरिकी र भारतीय 'डाक्टर'हरू ल्याउनुपर्ने हो कि ? वा 'कृष्णभिर' को रोग पत्ता लगाउन समेत अर्थमन्त्रीमार्फत 'अन्तर्राष्ट्रिय मुद्राकोष' र 'विश्व बैङ्क' सँगै डलरको ब्याज तिर्दै जाने ऋण माग्नुपर्ने हो !?

१९ भदौ २०८३ को 'नेपाल समाचारपत्र' मा प्रकाशित 'कृष्णभिरमा सडक खुलाउन रूख काटिँदै' शीर्षकको समाचारले फेरि निराश बनाउने सन्देश सुनिएजस्तै भयो । के सरकारको सम्बन्धित मन्त्रालय वा मन्त्रीको 'मुख खुल्ने' समय भएको छैन ?

**जनता सरकार खोजिरहेको अवस्थामा !**

२६ भदौ २०८३ 'राजधानी' को 'कामै नगरी २४ लाख भुक्तानी', 'व्यक्ति र कम्पनीविरूद्ध मुद्दा दायर' शीर्षकबाट जनता आत्तिएको बेला 'कान्तिपुर' २६ भदौ २०८३ को 'अस्पताललाई तिर्न १२ सय रुपैयाँ नपुग्दा सडकपेटीमै सुत्केरी' शीर्षक र तस्बिरसमेतको समाचार तथा 'सात सय नहुँदा अस्पतालको गेटमै प्रसूति' शीर्षक समाचार (नेपाल समाचारपत्र २६ भदौ २०८३) ले पुन: जनता हिजोको 'ओली सरकार' कि २०८२ भदौ २३-२४ पछिको सरकार खोजिरहेका छन् भन्ने बुझ्न पर्यवेक्षकहरूलाई गाह्रो छैन ।

तर, 'मेडिकल काउन्सिलको टोलीद्वारा घटनाको छानबिन सुरू' समाचार झन् आश्चर्यजनक मानिँदै छ । 'कस्तो राम्रो' तर के कस्तो विषयमा नेपालको मेडिकल काउन्सिलले हेर्ने होला भनी जिज्ञासा प्रकट गरिँदै छ ।

'कम शुल्कमा रोगी नहेर्नू' र निजी क्लिनिक र सरकारी अस्पतालमा समेत निश्चित शुल्क वा तलबबिना डाक्टरको सेवा रोक्न लगाउने 'काउन्सिल' को भूमिकाबारे पनि जनता जान्न उत्सुक छन् भन्ने चर्चा छ ।

# युग परिवर्तनको महान् उद्देश्य बोकेका क्रान्तिकारी डाक्टर नर्मन बेथुन

✍ समा




डाक्टर नर्मन बेथुन (मार्च ४, १८९० - नोभेम्बर १२, १९३९) एक अन्तर्राष्ट्रवादी योद्धा हुनुहुन्थ्यो । उहाँ क्यानाडियाली थोरासिक सर्जनमात्र नभई क्यानाडाको कम्युनिस्ट पार्टी सदस्यसमेत हुनुहुन्थ्यो । उहाँले क्यानाडामा लामो समय औषधिको सामाजिकीकरण अर्थात् चिकित्सा क्षेत्रको सामाजिकीकरणको निम्ति लड्नुभयो । स्पेनको गृहयुद्धमा रिपब्लिकन सरकारलाई एक ट्रमा सर्जनको रूपमा अग्रमोर्चामा उभिएर सघाउनुभयो । स्पेनको गृहयुद्धको समयमा उहाँले घुम्ती रगत बैङ्कको अभ्यास र विकास गर्नुभयो । पछि उहाँलाई क्यानाडा र अमेरिकाको कम्युनिस्ट पार्टीले सन् १९३८ को सुरुतिर चीन पठायो । दोस्रो, चीन-जापान युद्धको समयमा उहाँले चिनियाँ कम्युनिस्ट पार्टीको पक्षमा आठौं रुटको सेनामा रहेर घाइते योद्धाहरूको उपचार गर्नुभयो, चिनियाँ जनताको सेवा गर्नुभयो । चीनको गाउँ-गाउँमा आधुनिक औषधि पुऱ्याउने र घाइते सेनाको उपचारमा उहाँले आफूलाई समर्पित गरेको इतिहास छ । चिनियाँ जनता आज पनि महान् डाक्टर नर्मन बेथुनलाई उच्च सम्मानसाथ चीनको मुक्तियुद्धका एक योद्धाका रूपमा सम्झन्छन् । डाक्टर नर्मन बेथुनले चिनियाँ भूमिमा पुगेर कसरी क्रान्तिको सेवा गर्नुभयो ? कसरी चिनियाँ जनताको सेवा गर्नुभयो ? यी प्रश्नको जवाफ पुस्तक 'चीनमा नर्मन बेथुन' मा भेटिन्छ ।

सन् १९३८ मार्च महिनाको अन्तिमतिर अत्यन्त कठिन र खतरनाक यात्रापछि डाक्टर



बेथुन चिनियाँ क्रान्तिको आधारभूमि युनान पुग्नुभयो । युनानमा उहाँले क्रान्तिकारी भावनाको सुगन्ध महसुस गर्नुभयो । चिनियाँ जनताको क्रान्तिकारी गतिविधि देखेर उहाँले भन्नुभयो, "म युनानमा नयाँ चीन देख्दै छु ।" डाक्टर बेथुन युनान पुग्नेबित्तिकै अध्यक्ष माओसँग भेट्नुभयो । अध्यक्ष माओसँगको भेटबाट फर्कंदा झमक्क साँझ परिसकेको थियो । कामरेड बेथुनले त्यो रात आफ्नो डायरीमा लेख्नुभयो, "मैले आज थाहा पाएँ अध्यक्ष माओसँग भेट्ने जोकोही किन अत्यन्त प्रभावित हुन्छन् । साँच्ची नै महामानव हुनुहुन्छ अध्यक्ष माओ । उहाँ संसारका सबैभन्दा महान् मनुष्यमध्ये एक हुनुहुन्छ ।"

कामरेड बेथुन शरीरमा आठौं रुट सेनाको पोशाक लगाई मनमा अध्यक्ष माओको विचार र अपेक्षाहरू ओढेर सान्सी-चाहार-हुपेईको सीमा क्षेत्रमा खटिनुभयो । उहाँलाई पार्टीले सहजताका लागि एक अङ्गरक्षक र व्यवस्थापक दिएको थियो । तर, उहाँले भन्नुभयो, "युद्धको मोर्चामा खटिन धेरै-धेरै योद्धा जरुरी हुन्छ त्यसकारण मसँग एकजनामात्र हिँडे पुग्छ ।"

उहाँले हातमा आफ्नो मेडिकल किट बोकी अत्यन्त अशान्त पहेँलो नदी पार गरी आफ्नो कार्यक्षेत्रतर्फको कठिन यात्रा थाल्नुभयो । पहाड, हिमाल र नदीहरू छिचोल्दै करिब दुई महिनापछि जून १७ मा उहाँ सिमाना क्षेत्र पुग्नुभयो । उहाँलाई त्यहाँ चिनियाँ जनता र सेनाले न्यानो मायासहित स्वागत गरे ।

कोठामा प्रवेश गर्नेबित्तिकै उहाँको पहिलो प्रश्न थियो - "घाइते लडाकुहरू कता छन् ?" कामरेडहरूले उहाँलाई एकछिन सुस्ताउन, आराम गर्न आग्रह गर्दै थिए तर उहाँले मिठो मुस्कानसहित अस्वीकार गर्नुभयो - "म यहाँ काम गर्न आएको हुँ, आराम गर्न होइन । कृपया मलाई घाइतेहरू भएतिर लानुहोस् ।" कामरेड बेथुन सुग्यनकोउ (Sugyenkou) गाउँमा रहेको सैन्य क्षेत्रको पछाडिको अस्पतालमा पुग्नुभयो । उहाँले एक-एक गरी हरेक घाइते सेनाको जाँच गर्नुभयो । साथै अपरेसन गर्ने कोठाहरूको सघन अवलोकन गर्नुभयो ।

उहाँले अस्पताल स्रोतसाधन व्यवस्थापनमा कमजोर मात्र होइन औषधिको चरम अभाव देख्नुभयो । तर, त्यहाँ कडा परिश्रम गरिरहेका मेडिकल स्टाफ र औषधि बनाउने चिनियाँ तरिका देखेर उहाँ निकै प्रभावित हुनुभयो । उहाँले भन्नुभयो, "चिनियाँ कम्युनिस्ट पार्टीले आठौं रुटका सेनालाई उच्चस्तरीय हतियार होइन लामो हिँडाइमा नथाक्ने क्रान्तिकारी योद्धाहरू दिएको रहेछ । यी मेडिकल स्टाफ क्रान्तिका मेरुदण्ड हुन् । हामीसँग हामीलाई आवश्यक सबथोक छ ।" डाक्टर नर्मन बेथुनले निकै जोश र उत्साहका साथ काम गर्नुभयो । उहाँले पहिलो हप्तामै ५२० घाइते लडाकुको जाँच गर्नुभयो भने एक महिना नपुग्दै १४७ ओटा अपरेसन भ्याउनुभयो । ती सबै घाइते चाँडो निको भई पुनः युद्धमैदानको अग्रमोर्चामा फर्के ।

डाक्टर बेथुनलाई चिकपा र अध्यक्ष माओकै निर्देशनमा मेडिकल सल्लाहकार पदका लागि मासिक १०० युआन दिने भनी तोकिएको थियो । त्यही रात कामरेड बेथुनले अध्यक्ष माओको सम्बोधनमा पत्र लेख्नुभयो, "मलाई जनता र सेनासँग सुख र दुःख साट्न दिनुस् ।" उहाँले त्यो रकम अस्पतालमा घाइते सेनाको पोषणका लागि खर्च गर्नुभयो । आफ्नो लागि १ युआन पनि लिनुभएन । उहाँले अस्पताल राम्रो बनाउन एउटा मोडल अस्पतालको कल्पना गर्नुभयो । त्यसका लागि पाँचहप्ते अभियान चलाउनुभयो । गाउँले, सेना सबै सक्रिय सहभागी बने । उहाँ घाइते जाँच्न व्यस्त हुनुहुन्थ्यो । अस्पतालका लागि आवश्यक खाट र फर्निचरका लागि सिकर्मीलाई सघाउनुहुन्थ्यो । लोहारलाई सघाउन आफै हथौडा उठाउनुहुन्थ्यो । उहाँले कामरेडहरूसँग हाँस्दै भन्नुभएको थियो - "एकजना राम्रो सर्जन बन्न कहिलेकाहीं लोहार, सिकर्मी, सूचिकार र हजाम पनि बन्नुपर्ने हुन्छ ।"

गाउँमा महिला सङ्घका सदस्यहरू अस्पतालमा बेड मिलाउने, तन्ना फेर्ने र धुने काममा सघाउँथे । घाइते हिँड्ने बाटो जोखिममुक्त गर्न डाक्टर बेथुनले काम गर्नुभयो । डाक्टर बेथुनले कल्पना गर्नुभएको मोडल अस्पताल औपचारिक रूपमा उद्घाटन गर्ने दिनमा करिब २००० मानिस उत्साह उमङ्गसहित भेला भएका थिए । उहाँले चिनियाँ जनतासामु अन्तर्राष्ट्रवादी भावना सञ्चार गर्नुभयो । अस्पतालमा अत्याधुनिक स्रोतसाधन प्रयोग भएको थिएन । गाउँमा जे उपलब्ध थियो त्यसैलाई आधुनिक तरिकाबाट व्यवस्थापन गरिएको थियो । मोडल अस्पतालको निम्ति आवश्यक सबै थियो ।

सेप्टेम्बरको अन्त्यतिर जापानी आक्रमणकारीहरूले ३ हजार जवान पैदल, घोडचढी, तोपधारी सेनालाई बेथुन कार्यरत सीमाक्षेत्रमा आक्रमणका लागि खटाए । तिनीहरूसँग असीमित हातहतियार र गोलाबारुद थियो । तुरुन्तै मोडल अस्पताल छाड्ने आदेश आयो । आफूले निकै मेहनत गरेको अस्पताल खाली छोडेर हिँड्न उहाँलाई मन थिएन ।

यद्यपि, थुप्रै पहाड र हिमाल चढेर थुप्रै गाउँ र बस्ती छिचोलेर उहाँले अर्को यात्रा गर्नुभयो । यात्रामा चिनियाँ जनताको माया र न्यानोपनबाट उहाँले बेग्लै ऊर्जा प्राप्त गर्नुभयो । जापानी सेनाको 'सखाप पार' अभियान या धम्कीबाट अलिकति पनि नडग्मगाएका, नडराएका चिनियाँ जनतातिर हेरेर उहाँले भन्नुभएको थियो, "चिनियाँ जनताको जित निश्चित छ ।"

रक्तपिपासु जापानी सेना गाउँहरू सखाप पार्ने, अस्पतालहरू खाली गर्ने र जनताका घरहरू जलाउन उद्यत थिए । तर, तिनले केही प्राप्त भने गर्न सकेनन् । तिनको 'सखाप पार' अभियान असफल भयो । तिनका हतियार जफत गरियो । बेथुनले भन्नुभएको थियो, "यी फासीवादीहरूविरुद्ध हाम्रा सेनालाई अझ राम्ररी लड्न भन्नुपर्छ ।" कामरेड बेथुन व्यस्ततामा पनि अध्यक्ष माओका पुस्तकहरू पढ्नुहुन्थ्यो । पुस्तक 'लामो युद्धमा' ले उहाँलाई निकै प्रभावित बनायो । अग्रमोर्चा र पछाडि बस्नुले केही फरक पर्दैन, डाक्टर र चिकित्सक जहाँ घाइते छन् त्यहाँ पुग्नुपर्छ भन्ने मनमा लिएर उहाँ अघि बढ्नुभयो ।

त्यही वर्षको अन्त्यतिर उहाँले याङचियाचुयाङ (Ynagchiachuang) गाउँमा मेडिकल समूहको नेतृत्व गर्नुभयो । उत्तरपश्चिमतिर अत्यन्त हिमपात र हिमआँधी आइरहेको समयमा कामरेड बेथुनले यात्रा गर्नुभयो । आफ्नो दाह्री पूरै हिउँका पत्रहरूले छोपिँदा पनि उहाँ कामरेडहरूलाई हँसाउनुहुन्थ्यो, "हेर त म मेकअपबिना पनि सान्ता क्लस खेल्न सक्छु ।" अत्यन्त कठिन पहाडको उकालोपछि गन्तव्यमा पुग्नेबित्तिकै आफ्नो काममा लाग्ने गज्जबको आत्मबल र इच्छाशक्ति थियो डाक्टर बेथुनसँग ।

याङचियाचुयाङ (Ynagchiachuang) गाउँको सामान्य क्लिनिकलाई उहाँले विशेष अपरेसन हल बनाउनुभयो । बिरामीको घरलाई अस्पतालको वार्ड बनाउनुभयो । डा. बेथुनको अस्पताल जनताबिचमा हुन्थ्यो, गुरिल्ला युद्धमा जस्तै । जसलाई कसैले भत्काउन या जलाउन सम्भव नै थिएन । मेडिकल समूहका सबैलाई व्यावहारिक ज्ञानसहित अपरेसनको क्रममा एनेस्थेसियाको प्रयोग गर्ने तरिकाले बिरामी या घाइतेको स्वास्थ्य जोडिने तथ्यबारे प्रयोगात्मक ज्ञान दिनुभयो । उहाँको मेडिकल सीप निकै व्यावहारिक थियो । उहाँले 'प्रयोगात्मक कार्यशाला हप्ता' नामको कार्यक्रम नै सञ्चालन गर्नुभयो । विद्यार्थी अर्थात् मेडिकल टिमका कामरेडहरूले भनेका थिए, "हामीले ७ महिनामा पाठ्यपुस्तकबाट सिक्न नसकेको ज्ञान ७ दिनमा डा. बेथुनले सिकाउनुभयो ।"

उहाँले 'अग्रमोर्चाका लागि ! घाइते योद्धाहरूका लागि !' भन्दै घुम्ती मेडिकल समूह खडा गर्नुभयो । त्यो समूहलाई दिन-रात नभनी, घामपानी र पहाड-चट्टान नभनी अहोरात्र घाइते सेनाको उपचार र सेवामा खटाइयो । युद्ध चलिरहेकै बेला, गोली चलिरहेकै बेला पनि उपचार रोकिएको थिएन ।

गुरिल्ला युद्धमा आवश्यक सामग्रीसहित बेथुन औषधि र मेडिकल सामग्री पुऱ्याउने उपाय खोजिरहनुहुन्थ्यो । एक दिन उहाँले गाउँलेहरू गधालाई दुईतिर मलको बोरा बोकाउँदै आइरहेको देख्नुभयो । त्यसपछि त्यो बोरालाई देखेर एउटा उपाय सुझेको थियो । उहाँले बोराभित्र भुसजस्ता खेर जाने सामग्री राखेर अप्रेसन कोठामा ड्रेसिङ टेबल बनाउनुभएको घटनाले उपचारमा उहाँको लगाव अनुभव हुन्छ । आफ्नो सुरक्षाको परवाह नगरी उहाँ घुम्ती मेडिकल टीमसँगै लडाइँ चलिरहेकै ठाउँमा पुग्नुहुन्थ्यो ।

सन् १९३९ फेब्रुअरीमा अत्यन्त भयानक लडाइँ भइरहेको रिपोर्टिङ केन्द्रीय हुपेईमा पुगेको थियो । डा. बेथुनले आफूलाई त्यता पठाउन आग्रह गर्नुभयो । 'पूर्वी अभियानको मेडिकल टिम' गठन गरी कामरेड बेथुन तुरुन्तै केन्द्रीय हुपेईतिर लाग्नुभयो । लामो समथर भूमि पार गर्दा पनि डा. बेथुन जनताको दैलोदैलो पुग्नुभयो । वेन्चियातुन (wenchiatun) गाउँ लडाइँ सुरु भएको ठाउँ चिहुई (chihui) बाट साढे ३ किलोमिटर टाढा थियो, त्यहाँ पुग्नेबित्तिकै एउटा सानो मन्दिरलाई नै अपरेसन थियटर बनाउँदै उहाँले घाइते योद्धाहरूको उपचार थाल्नुभयो । नजिकैबाट शत्रुहरूले हानेका तोपहरूको आवाज जोडजोडले कानमा ठोकिँदै थियो । गोलाबारुदको गन्ध असह्य थियो । यद्यपि, उहाँ उपचारमा एकाग्र हुनुभयो । उहाँले त्यहाँ दुई दिन दुई रात आँखा झिमिक्क पनि नगरी घाइतेहरूको उपचार गर्नुभयो । मन्दिरको नजिकै बम पड्कियो । मन्दिर हल्लियो, भित्ताहरू चर्किए । अन्य कामरेडहरू नर्मन बेथुनलाई सुरक्षित ठाउँमा जान आग्रह गर्दै थिए । उहाँले भन्नुभयो, "क्रान्तिका लागि, फासीवादीहरूविरुद्ध लड्नका लागि कसैले पनि आफ्नो व्यक्तिगत सुरक्षाबारे सोच्नुहुँदैन । एकजना कम्युनिस्ट कार्यकर्ता या पार्टी सदस्यले आफूलाई कहिल्यै प्राथमिकतामा राख्दैन ।" उहाँले त्यहाँ एकछिनको विश्रामबिना निकै लामो समय काम गरेको देखेर उहाँका सहयोगीको आँखाबाट बर्बर आँसु झर्न थालेको थियो तर उहाँ रोकिनुभएन ।

लडाइँमा सैन्यकमान्डर शु (Hsu) शत्रुविरुद्ध जाइलाग्दा गम्भीर घाइते भएका थिए । लडाइँ विजयमा नटुङ्गिएसम्म कमान्डर शुले त्यो असह्य पीडा सहेका थिए । त्यसपछि उनलाई अपरेसनका लागि डा. बेथुन कहाँ ल्याइयो । डा. बेथुन ३ दिन ३ रात विश्रामबिना काम गरिरहनुभएको थियो । कमान्डर शुको अपरेसन सफल भयो । समयमै अपरेसनले मात्र शुको ज्यान जोगिएको थियो । शुको घाउ गम्भीर बन्दै थियो । उनलाई सजिलो गरी राख्नेदेखि खाना पनि डा. बेथुनले बनाउनुहुन्थ्यो । उहाँले आफ्ना कामरेडहरूलाई भन्नुभएको थियो, "मेडिकल उपचारले मात्र सबै कुरा ठीक हुँदैन, उपयुक्त आहारले घाउ छिट्टै पुरिन्छ र निको हुन्छ ।" कमान्डर शुलाई डा. बेथुन आफैले खुवाउनुहुन्थ्यो । कमान्डर शु छिट्टै निको भई लडाइँको मोर्चामा जाँदा उनले भनेका थिए, "डा. बेथुन अब म मोर्चामा गएर अझ धेरै शत्रु ढाल्न सक्छु ।"

एकजना सेनालाई रगत अभाव हुँदा झन्डै ज्यान गुम्ने खतरा थियो । डा. बेथुनले आफ्नो 'ओ पोजिटिभ' रगत घाइते सेनालाई दिन्छु भन्नुभयो । "हाम्रा मानिसहरू लडाइँ भूमिमा रगत बगाउँदै छन्, म यहाँ केही जीवन जोगाउन आफ्नो रगत दिन सक्दिनँ ?" प्रश्न गर्नुभयो । चिनियाँ सेनाको शरीरमा आफ्नो रगत प्रदान गरिसकेपछि अब कामरेड नर्मन बेथुन, क्यानेडियाली जनताका छोरा सर्वहारा अन्तर्राष्ट्रवादी योद्धाको अमूल्य रगत चिनियाँ योद्धाको शरीरमा सदा रहने भयो भन्दै चिनियाँ कामरेडहरू खुसी भए ।

डा. बेथुनले रगत दिएको घटना या समाचार विश्वभरि फैलियो । त्यसपछि रगतदान गर्ने अभियान नै चलेको थियो । युद्धमैदानमा रगतको अभाव नहोस् भन्ने हेतुले अन्तर्राष्ट्रिय जगतले सघायो । डा. बेथुनको टीम सुकुङ (Ssukung) गाउँ पुग्यो । जतिबेला पनि शत्रुले आक्रमण गर्ने खतरा थियो । नभन्दै रातमा आक्रमण भयो । तर गाउँलेको सहयोगमा मेडिकल सामग्री र घाइते सेना लुकाउन सफल भयो । डा. बेथुनले केन्द्रीय हुपेइमा करिब ४ महिनासम्म सेवा गर्नुभयो । त्यसपछि उहाँ पश्चिमी हुपेई फर्कनुभयो । त्यहाँ गाउँका चिनियाँ जनतालाई छातीमा पीप सङ्क्रमणको समस्या देखिएको थियो । त्यो गाउँ पेइपिङ हान्हो रेलमार्ग नजिक (Psiping Hnahow) थियो जहाँ शत्रुले नाकाबन्दी लगाएको थियो । स्थानीय पार्टीको अगुवाइमा त्यो क्षेत्रका जनतालाई पहरा दिन सेना र कार्यकर्ता खटाइएको थियो । चिनियाँ जनता गाउँले र सेनाको सहयोगमा २० मिनेटमा डा. बेथुनले छातीको अपरेसन सकाउनुभयो । गाउँका किसानहरूले डाक्टरप्रति कृतज्ञतासहित अपार सम्मान प्रकट गरे ।

जुलाई १ तिर डा. बेथुनले सीमाक्षेत्रको पार्टी सम्मेलनमा भाग लिनुभयो । उहाँले त्यहाँ बोल्नुभयो, "यो युद्धमा चीन एक्लो छैन । संसारका सम्पूर्ण न्यायप्रेमी जनता चीन र चिनियाँ जनताको पक्षमा छन् ।" त्यहाँबाट उहाँ सेन्पेई गाउँ

बाँकी पृष्ठ ८ मा

# विश्वविद्यालयका शिक्षक, गुप्तचर निकायको काम–३

● जेरेमी कुजमारोभ

लेखक लेभित्स्कीले ल्याटिन अमेरिकाको विषयमा पनि लेखेका छन्। त्यहाँ उनले क्युबा, भेनेजुयला र निकारागुआलाई तानाशाही राज्य भनेका छन्। जब कि भेनेजुयला र निकारागुआमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अनुगमनमा निर्वाचन हुँदै आएको छ। क्युबा, भेनेजुयला र निकारागुआले वामपन्थी नीति अङ्गीकार गरेका छन्। धनको पुनर्वितरण गर्नु र देशका प्राकृतिक स्रोतसाधनमाथि आफ्नै नियन्त्रण स्थापित गर्नु तिनको लक्ष्य रहिआएको छ।

लुकान वेले आफ्नै ढङ्गले दक्षिणपन्थी सिद्धान्तलाई अघि बढाइरहेका छन्। उनी लेख्छन्, "आर्थिक स्रोतसाधन राज्यको मुठ्ठीमा केन्द्रित गर्दा स्वेच्छाचारिता बढ्छ।" यो अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूको विचार हो। उनीहरू आफ्नो धन राष्ट्रियकरण नगरियोस् भन्ने चाहन्छन्।

(टिपोट : 'जर्नल अफ डिमोक्रेसी' को सन् २०२६ जुलाई अङ्कमा लेभित्स्की र वेले आफ्नो चरम दक्षिणपन्थी अडान प्रकट गरे। उनीहरूले तर्क गरे, "लोकतन्त्र प्रवर्द्धन गर्न पुँजीवादले केन्द्रीय भूमिका खेलेको छ।... लोकतन्त्र बचाउन बलियो निजी क्षेत्र अनिवार्य छ।... सरकारी क्षेत्र ठूलो र मालदार भयो भने स्वेच्छाचारी शासनलाई बल पुग्छ।... आर्थिक स्रोतसाधन राज्यको मुठ्ठीमा केन्द्रित भयो भने लोकतन्त्रको विकास अवरुद्ध हुन्छ।" अमेरिकी विदेश मन्त्रालय र कर्पोरेटहरूको खर्चमा चल्दै आएका अमेरिकाका दुई शासक दलले लामो समयदेखि यिनै विचार अपनाउँदै आएका छन्। त्यसो त म बुद्धिजीवीहरूको विचार स्वतन्त्रताको पक्षमा छु। तर, हिजोआज क्याम्पसहरूमा वामपन्थी विचारको तुलनामा चरम दक्षिणपन्थी विचार प्रचार हुँदै छ। यो प्रचारबाजीमा लागेका छन्, 'प्रोफेसर' नाउँ गरेका अमेरिकाको 'डिप स्टेट' (खुफियातन्त्र) का एजेन्टहरू।)

लेखक वेले बाराक ओबामा र एँगेला मार्केलको निन्दा गरे। त्यो निन्दामा उनको अतिवादी विचार प्रकट हुन्छ। मार्केलले 'सन् २०१४ मा रुसले (युक्रेन) कब्जा गर्दा नरम नीति लिएको' उनको आरोप छ। वे भन्छन्, "त्यहीबाट युक्रेनको वर्तमान दुर्दशाको ढोका खुलेको हो।"

यो भनाइलाई जाँचौं। रुसले सन् २०१४ मा युक्रेन कब्जा गरेको थिएन। बरु, त्यो बेला ओबामा र मार्केलले युक्रेनमा सत्ताविद्रोह गराउन खोजिरहेको निजी गुप्तचर संस्था स्ट्राटफोरलाई सहयोग गरेका थिए। यस्तै खुफिया चलखेलका कारण पूर्वी युक्रेनमा रुसले हस्तक्षेप गर्नुपरेको थियो। युक्रेन सरकारले त्यहाँका जनतामाथि हिंसा बढाएपछि रुस मद्दतको लागि पुगेको थियो। त्यो हिंसामा युक्रेन सरकारले अमेरिकी हतियारहरू प्रयोग गरेको थियो। र, लेखक वे अमेरिकी हतियार उद्योगका हिमायती हुन्।

(वेका यी विचारको खण्डन गर्ने धेरै पुस्तक प्रकाशित छन्। 'युक्रेनमा मैदान विद्रोह : विश्वको नक्सा बदल्ने नरसंहार' (२०२२), 'ओबामाका अन्त्यहीन युद्धहरू : स्थायी युद्धगामी राज्यको विदेश नीति केलाउँदा' (२०१९), आदि। लेखक वे डेमोक्रेटिक पार्टीका कार्यकर्ता हुन्। ट्रम्पको शासनमा अधिनायकवादले शिर उठाएको गुनासो छ उनको। ट्रम्प रुसका एजेन्ट हुन् भन्ने भाष्य (रुसिया-गेट) लाई अघि बढाउँदै छन् उनी। एक ट्वीटमा 'पुटिन भयावह छन्' भन्ने भाष्यलाई अनुमोदन गर्दै उनले लेखे, "युक्रेन कब्जा गर्नुभन्दा रिपब्लिकन पार्टी कब्जा गर्न सजिलो थियो।" (अर्थात, पुटिनले युक्रेनलाई होइन, रिपब्लिकन पार्टीलाई कब्जा गरेका हुन्।))





युक्रेन युद्धले पश्चिमा लोकतन्त्रहरूलाई 'नयाँ एकताभाव' दिएको लेखक वेको दाबी छ। यो युद्धले उदाउँदो 'अन्तर्राष्ट्रिय अधिनायकवाद' लाई कमजोर पार्ने ल्याकत राख्ने उनको अर्को दाबी छ। उनको तर्कमा युक्रेन एक 'लोकतान्त्रिक' देश हो। तर, युक्रेनको यथार्थ अर्कै छ। युक्रेन सरकारले १७ राजनीतिक दलमाथि प्रतिबन्ध लगाएको छ; विपक्षीहरूको हत्या गरेको छ; प्रेसमाथि सेन्सर लगाएको छ; झन्डै २० हजार मानिसलाई राजनीतिक बन्दी बनाएको छ।

(टिपोट : लेखक वे स्ट्यान्फर्ड संस्थानसँग जोडिएका छन्। सन् २०१२ मा उनी त्यसका भिजिटिङ प्रोफेसर थिए। सन् २०२२ मार्च ९ गते उनको एउटा अन्तर्वार्ता प्रकाशित भयो। त्यसमा उनी भन्छन्, "रुसमा अहिले क्रान्ति भइरहेको हामी देख्न सक्छौं।... जेलेन्स्की एकदम ठिक समयमा उदाएका छन् र ठूलो बहादुरी देखाउँदै छन्।")





नयाँ म्याकार्थीवादी भाषामा लेखक वेले सामाजिक सञ्जाल 'एक्स' मा लेखे - पोप फ्रान्सिस 'रुसी पिछलग्गू' हुन्। वे क्रिस्टिया फ्रिल्यान्डका घनिष्ट मित्र हुन्। फ्रिल्यान्ड कुनै बेला क्यानडाकी उप-प्रधानमन्त्री थिइन्। उनी युक्रेनी नाजीकी नातिनी हुन्। क्यानडाले युक्रेन युद्धमा हतियार आपूर्ति गर्नुको पछाडि उनको पनि हात छ।

लोकतन्त्रको हिमायती भनी दाबी गर्ने लेखक वेले 'जर्नल अफ डिमोक्रेसी' को सन् २०२४ मे अङ्कमा एउटा अनौठो लेख लेखे। शीर्षक थियो - युक्रेनको निर्वाचन पछि गरे पनि हुन्छ। चार वर्षअघि उनै वेले सोही 'जर्नल' मा बेलारुसको रङ्गीन क्रान्तिको तारिफ गर्दै लेख लेखेका थिए। लेखमा उनले एउटा तथ्य लेख्न छुटाए। बेलारुसको 'क्रान्ति' मा 'नेड' लगायत अमेरिकाका विभिन्न सरकारी एजेन्सीको सहयोग थियो।

(टिपोट : यस लेखमा धेरै पूर्वाग्रह पाइन्छ। त्यसमा रुसले युक्रेनको ठूलो भूभाग कब्जा गरेको चर्चा छ र सुरुका दिनमा युक्रेनले युद्धमैदानमा प्राप्त गरेको सफलताको प्रशंसा छ। वे र उनका सहलेखक दाबी गर्छन् - युक्रेन गजबको 'बहुलवादी देश' हो। युक्रेनले रुसपक्षधर विभिन्न दल तथा तीन विपक्षी टिभी च्यानलमाथि प्रतिबन्ध लगाएको तथ्य लेखमा उल्लेख छ। तथापि, लेखकहरूले युक्रेनमा 'मिडिया स्वतन्त्रता' रहेको दाबी गरेका छन्। यो लेख कुनै वस्तुगत विद्वत् विश्लेषण भन्दा पनि सस्तो प्रचारबाजी झैं लाग्छ। लेख पढिरहँदा मलाई सन् १९५९ मा विज्ले फिशेलले 'द न्यू लिडर' मा लेखेको लेख याद आयो। लेखको शीर्षक थियो - भियतनामको लोकतान्त्रिक एक-व्यक्ति शासन। फिशेल अमेरिकी गुप्तचर निकाय 'सिआइए' सम्बद्ध प्राज्ञ थिए। उनले दक्षिण भियतनामका तत्कालीन नेता न्गो डिन्ह डियमको लोकतन्त्रिक छवि पस्केका थिए। जब कि डियम अमेरिकाका प्यादा मात्र थिए। फिशेलको लेखको शीर्षक नै अन्तर्विरोधी थियो। युक्रेनमा लोकतन्त्र फस्टाइरहेको विषयमा वे र उनका सहलेखकले एउटा अनौठो दलिल दिएका छन् - मार्च महिनामा २५ हजार युक्रेनी नागरिकले मोर्चामा लडिरहेका सिपाहीहरूले चलाएको अनलाइन जुवालाई नियमन गर्न नालिस हाले। तर, यो कुतर्क हो। किनभने, वे जस्ता 'विद्वान' ले पैरवी गरिरहेको नीतिका कारण ती सिपाहीहरू मारिएका वा काटिएका हुन्।)

तारेक मसुद 'नेड' ले प्रकाशित गर्ने 'जर्नल' का सहसम्पादक हुन्। उनी फोर्ड फाउन्डेसनको खान्गी खाने प्रोफेसर हुन्। हार्वर्ड विश्वविद्यालयमा लोकतन्त्र र सुशासन विषय पढाउँछन्; हार्वर्डको स्कुल अफ गभर्नमेन्टमा कार्यरत छन्। उनी केनेडी स्कुलको मध्यपूर्व विभागका शिक्षक निर्देशक पनि हुन्।

सन् २०२५ अप्रिलमा मसुदले 'जर्नल अफ डिमोक्रेसी' मा एउटा लेख प्रकाशित गरे। लेखमा नयाँ सरकारको प्रयासले सिरियामा लोकतन्त्र बहाल हुने आशा लिइएको थियो। जब कि सिरियाका नयाँ नेता अहमद अल-शारा अल-कायदासम्बद्ध व्यक्ति हुन्। अमेरिकाले सत्ताविद्रोह गराएर उनलाई सत्ताको बाडगोर दिएको थियो। त्यो बेला अल-शारा जातीय नरसंहारमा व्यस्त थिए। उनको रुचि खासगरी सिया अलावी र इसाइ धर्मावलम्बीको हत्यामा थियो। यस तथ्यलाई लेखक मसुदले लुकाएका छन्।

मसुदले सिरियाका पूर्वराष्ट्रपतिहरू बशर अल-असद र हाफिज अल-असदलाई 'दमास्कसका कसाही' भनेका छन्। तिनीहरूले 'सिरियालाई आधा शताब्दीसम्म सन्त्रासमा राखेको' उनको बुझाइ छ। यसको विपरीत उनले अहमद अल-शाराको उदयलाई सुर्योदयसँग तुलना गरेका छन्। जबकि, सत्तामा आउनुभन्दा अलि अघिसम्म पनि अल-शारा अमेरिकाको विदेश मन्त्रालयको आतङ्ककारी सूचीमा थिए।

वास्तवमा जनमत सर्वेक्षणमा अस्साद बुबा-छोरा अझै पनि जनताबिच लोकप्रिय रहेको देखाउँछ। उनीहरूले सदा सिरियाको हितमा नीति निर्माण गरेका थिए। अल-शाराको नीति उनीहरूको भन्दा विपरीत छ। जस्तो इरान र लेबननमाथि अवैध बमबारी गर्न अल-शाराले अमेरिका र इजरायललाई सिरियाली हवाइ क्षेत्र प्रयोग गर्न दिए।

मसुदजस्तै अध्यापकले हार्वर्ड विश्वविद्यालयका विद्यार्थीलाई अमेरिकी विदेश नीतिको आधिकारिक भाष्य घोकाउँछन्। विश्व परिवेशबारे यसखाले भाष्यका अनेक रूप छन्। पहिलो, अस्सादजस्ता अमेरिकाका शत्रुहरूलाई दानवीकरण गर्ने। दोस्रो, अल-शाराजस्ता अमेरिकाका पिछलग्गूलाई नायक बनाउने। तेस्रो, सिरियाजस्ता देशमा अमेरिकाको विदेश नीतिको जरामा के छ भनी नकेलाउने। अमेरिकाको विदेश नीति उसको साम्राज्यवादी स्वार्थले तय गर्छ। सिरियाजस्ता देशमा इन्धनलगायत प्राकृतिक स्रोतसाधन हत्याउनु र सैन्य अखडा बनाउनु नै अमेरिकी स्वार्थ हुने गर्छ।

सिरिया जस्ता देशमा अमेरिकाको खुफिया युद्ध र आर्थिक प्रतिबन्धले गर्दा धेरै मानिसको दर्दनाक मृत्यु भएको छ। अमेरिकी गुप्तचर निकाय 'सिआइए' ले त्यहाँ 'अपरेसन टिम्बर साइकामोर' चलायो। त्यो कारबाहीका क्रममा सिरियाली जनताको जीवनस्तर मध्ययुगमा धकेलियो। यी तथ्यबारे मसुद र उनका 'नेड' र 'आइभी लीग' का सहकर्मीहरूले कहिल्यै बोल्दैनन्। त्यसैले उनीहरूलाई 'साम्राज्यका प्रचारबाज' भन्दा फरक पर्दैन भनी काइटलिन जोन्सटनले लेखेकी छिन्।

(टिपोट : सन् २०२५ मा कुजमारोभ र कोभालिकको पुस्तक 'सिरिया : सत्तापलटको चिरफार' प्रकाशित भयो। मसुद र उनका प्राज्ञ साथीहरूले यस्ता तथ्यपरक पुस्तक पढ्ने र तिनलाई उद्धृत गर्ने लेठो गर्दैनन्। उनीहरूले विश्वसनीय प्राज्ञ वा विद्वान मान्नु आवश्यक छैन। किनभने, उनीहरूले सर्वत्र उपलब्ध सूचना र प्रमाणलाई जानाजान लुकाउँछन्।)

जोन्सटनका अनुसार 'साम्राज्यका प्रचारबाजहरू' नाटकीय हुन्छन्। जस्तो, उनीहरू 'उत्तर कोरिया, क्युबा र भेनेजुयलाजस्ता देशमा 'अधिनायकवादी' तरिका अपनाइएको स्वाङ' पार्छन्। तर, उनीहरूले पश्चिमा साम्राज्यवादले ती देशमा घुसपैठ गर्न खोजेको, ती देशलाई ध्वस्त पार्न र कब्जा गर्न खोजेको पृष्ठभूमिलाई ढाकछोप गर्छन्। साम्राज्यले निसानामा राखेका सरकारहरू हिंसात्मक हुँदा यी 'प्रचारबाजहरू' निन्दामा उत्रिन्छन्; त्यस हिंसालाई पश्चिमा साम्राज्यवादी स्वार्थबाट पूर्णत: अलग बनाएर पस्किन्छन्। 'नेड' का प्रोफेसरहरूको धन्दा नै यही हो।

एक अध्ययनका अनुसार 'नेड' को 'जर्नल अफ डिमोक्रेसी' को सम्पादकीय बोर्डका कम्तीमा १७ सदस्यहरू विश्वका शीर्षस्थ विश्वविद्यालयमा प्राध्यापक छन्। उनीहरूले अमेरिका र युरोपका विभिन्न विश्वविद्यालयमा पढाउँछन्।

(टिपोट : यी पदको प्रतिष्ठा नै अलग हुन्छ। सामान्यतया धेरै प्राध्यापकहरू न्यून ज्यालामा श्रम गर्न र शोषणको जाँतोमा पिसिन बाध्य छन्। यो शोषणकारी स्थितिबारे धेरै लेख लेखिएका छन्। तर, यहाँ हामी कति मात्र भनौं भने प्रतिष्ठित पदमा आसिन धेरै प्राध्यापकहरू अमेरिकी गुप्तचर निकायहरूसँग जोडिएको पाइन्छ। जस्तो, उनीहरू 'नेड' जस्ता निकायमा आबद्ध हुन्छन् र सोही अनुसार विचार राख्छन्।)

यसरी विद्यार्थीहरूले त्यस्ता प्रोफेसरहरूबाट सिक्नका लागि लाखौं-करोडौं खर्च गर्दै छन्, जो वास्तविक विद्वान नभई केवल प्रचारबाज हुन्। यस्ता प्रोफेसरको दृष्टिकोण सन् १९५० को दशक (म्याकार्थी युग) भन्दा अघि बढेकै छैन्। उनीहरू 'नेड' जस्ता खुफिया निकायहरूसँग सम्बद्ध छन्। त्यसैले पत्रकार स्टेफन किन्जर 'नेड' को सटिक परिभाषा दिँदै भन्छन् - 'लोकतन्त्र मास्ने संस्था'।

'जर्नल अफ डिमोक्रेसी' को सम्पादकीय बोर्डका सदस्यमध्ये एक हुन् - स्टेभन फिस। उनी क्यालिफोर्नियास्थित बर्कले विश्वविद्यालयमा राजनीतिशास्त्रका प्रोफेसर हुन्। 'जर्नल अफ डिमोक्रेसी' मा पुटिनवादबारे उनले एक लेख लेखे। उनले लेखे, "पुटिनवादले पश्चिमा लोकतान्त्रिक समुदायलाई चुनौती दिएको छ।" साथै, उनले सन् २०१६ को अमेरिकी निर्वाचनमा पुटिनले 'खुल्लमखुल्ला हस्तक्षेप' गरेको झूटो आरोप लगाए। यस्तै अर्को लेखमा फिसले रुसले क्रिमिया कब्जा गरेको भनी निन्दा गरे। (जब कि जनमत सङ्ग्रहमार्फत क्रिमिया रुससँग मिल्न पुगेको थियो। मतदाताले भारी मत दिएर यो पुनर्मिलनमा हर्षबढाइँ गरेका थिए।) लेखमा फिसले विभेदकारी भाषा कानुनको विरोध गर्दै युक्रेनबाट स्वायत्त हुन खोजिरहेका पूर्वका युक्रेनीहरूलाई 'पृथकतावादी' भनेर होच्याए। मलेसियाको विमान (एमएच-१७) लाई खसाल्न रुसले हतियार उपलब्ध गराएको उनको तेस्रो झूटो आरोप थियो। युक्रेनी मिसाइलबाट मात्र त्यो विमान खसाल्न सकिने ठहर स्वतन्त्र अनुसन्धाताहरूको छ।

(टिपोट १ : 'अपरसेन जी' नामक पुस्तकमा ज्याकस बौदले पूर्वी युक्रेनका विद्रोहीहरूलाई जनाउन 'पृथकतावादी' जस्तो किर्ते शब्दको प्रयोग किन गरियो भनी विस्तृत चर्चा गरेका छन्।)

(टिपोट २ : फिसले सोभियत सङ्घ ढलेपछिको इतिहास लेखे। त्यस पुस्तकमा उनले दक्षिणपन्थी सिद्धान्तको वकालत गरे। कम्युनिस्ट युगका केही राज्यप्रधान आर्थिक नीतिलाई जारी राखेको हुनाले रुसमा लोकतन्त्र नभएको उनले दाबी गरे। आर्थिक उदारीकरणमा गएपछि मात्र रुसको लोकतान्त्रीकरण हुने उनको तर्क थियो। यो विचार माइकल म्याकफलको जस्तै छ। यी दुवै लेखक अमेरिकी विदेश नीतिबारे सार्थक बहस गर्नबाट बच्दै आएका छन्। अमेरिकी विदेश नीतिकै कारण सन् १९९० र २००० को दशकमा कसरी रुसी लोकतन्त्रले घुँडा टेक्नुपऱ्यो भन्ने विषयमा उनीहरू मौन बस्छन्। पश्चिमा व्यापारीहरूको दोहन र शोषणको जवाफमा देशको प्राकृतिक सम्पदा राज्यको नियन्त्रणमा राख्न पुटिनले राज्यप्रधान नीतिहरू अपनाएका थिए। यो तथ्यलाई फिसले मौनताले मार्न खोजेका छन्। फिस (र म्याकफल) दुवैको विश्लेषण यहीनिर चुक्छन्। 'इतिहासको अन्त्य' भयो भन्ने उनीहरूको दृष्टिकोणको खोट हो यो। यो दृष्टिकोण भन्छ - पश्चिमा लोकतन्त्र नै सर्वश्रेष्ठ हो र अमेरिका जस्तो बन्यो वा पश्चिमा बाटोमा हिँड्यो भने मात्र रुसको प्रगति हुन सक्छ।)

(बाँकी अर्को अङ्कमा।)

*लेखक कुजमारोभ अमेरिकी इतिहासका विद्यावारिधि हुन्। उनले अमेरिकाका विभिन्न कलेजहरूमा अध्यापन गरिसकेका छन्। उनी अमेरिकी इतिहास तथा राजनीतिका विज्ञ मानिन्छन्। उनले विभिन्न रेडियो कार्यक्रम पनि चलाउँदै आएका छन्। उनी कोभर्ट एक्सन म्यागेजिनका प्रबन्ध सम्पादक हुन्। उनका आठ पुस्तक प्रकाशित भइसकेका छन्। 'ओबामाको अन्त्यहीन युद्ध' (सन् २०१९), 'रुसीहरू फेरि आउँदै छन्' (सन् २०१८), 'युद्धपिपासु' (सन् २०२३), 'सिरिया : सत्तापरिवर्तनको चिरफार' (सन् २०२५), 'अमेरिकामा राजनीतिक हत्याहरू' (सन् २०२६) आदि उनका चर्चित पुस्तक पर्छन्। यसबाहेक पनि कुजमारोभका सयौं लेख-रचना प्रकाशित छन्। उनका लेख-रचना 'सबस्टाक' मा पढ्न पाइन्छ।*

**स्रोत : कोभर्ट एक्सन म्यागेजिन। सम्यक)**

# ब्रिक्सले थप गतिशील विकासशील विश्वको लागि नयाँ सम्भावनाहरू खोल्छ

**● लिउ बोवेइ**

२००६ मा ब्रिक्स सहयोग संयन्त्र औपचारिक रूपमा सुरु हुँदा, यसले प्रमुख उदीयमान अर्थतन्त्रहरूबिच सहयोगको लागि नयाँ अध्याय खोल्यो । दुई दशकदेखि, ब्रिक्सले विश्वव्यापी अर्थतन्त्रको बहाव र बहावमार्फत धेरै चरणहरूमार्फत विस्तार गरेको छ र आफ्नो सहयोगको दायरा फराकिलो बनाएको छ । यो विकासले विकासशील विश्वको बढ्दो वजन र आकाङ्क्षालाई अझ राम्रोसँग प्रतिबिम्बित गर्दै बृहत् ब्रिक्स सहयोगको नयाँ युगको सुरुवात गरेको छ ।

जब ब्रिक्स नेताहरू भारतको नयाँ दिल्लीमा यस वर्षको शिखर सम्मेलनको लागि भेला भएका छन्, संयन्त्रले उदीयमान अर्थतन्त्रहरूको सामूहिक आवाजलाई प्रवर्द्धन गर्न र संरक्षणवाद र आर्थिक खण्डीकरणले घेरिएको परिवर्तनशील अन्तर्राष्ट्रिय परिदृश्यको बिचमा व्यावहारिक सहयोग विस्तार गर्न ठुलो भूमिका खेलिरहेको छ ।

यसको बढ्दो वजन यसको आर्थिक र जनसाङ्ख्यिकीय मापनमा प्रतिबिम्बित छ । ब्रिक्स देशहरूले अहिले क्रयशक्ति समानतामा विश्वव्यापी जीडीपीको लगभग ४० प्रतिशत र विश्वको जनसङ्ख्याको लगभग आधा हिस्सा ओगटेका छन् । संयुक्त राष्ट्र सङ्घीय व्यापार र विकास संस्थाले मार्चमा जारी गरेको तथ्याङ्कले देखाएको छ कि अन्तर-ब्रिक्स व्यापारिक व्यापार सन् २००३ देखि १३ गुणा बढेको छ र सन् २०२४ मा निर्यात १.१७ ट्रिलियन अमेरिकी डलर पुगेको छ ।

तथापि, ब्रिक्स आर्थिक शक्तिभन्दा बढी हो । यसको बढ्दो सान्दर्भिकता विभिन्न विकास मार्ग भएका देशहरूले कसरी साझा विकासलाई अगाडि बढाउन स्रोत, उद्योग र प्रविधिमा आफ्नो शक्ति जम्मा गरिरहेका छन् भन्ने कुरामा निहित छ ।




एक प्रमुख क्षेत्र वित्तपोषण हो । धेरै विकासशील अर्थतन्त्रहरूका लागि, किफायती, दीर्घकालीन कोषमा पहुँच विकासको महत्त्वाकाङ्क्षालाई वास्तविकतामा परिणत गर्न महत्त्वपूर्ण छ । साङ्घाईमा मुख्यालय रहेको न्यू डेभलपमेन्ट बैङ्क (एनडीबी) ले पूर्वाधार र दिगो विकास परियोजनाहरूको लागि स्रोत परिचालन गरेर यस्तो विकल्प उपलब्ध गराउन मद्दत गरेको छ । बैङ्कले सार्वजनिक गरेको तथ्याङ्कले २०२६ को पहिलो त्रैमासिकको अन्त्यसम्ममा १४० आयोजनाका लागि ४२ अर्ब ९० करोड डलर ऋण स्वीकृत गरेको देखाएको छ ।

पूर्वाधार, स्वच्छ ऊर्जा र डिजिटल रूपान्तरणजस्ता क्षेत्रहरू समेट्दै, यी परियोजनाहरूले आगामी ब्रिक्स शिखर सम्मेलनको विषयवस्तुले हाइलाइट गरिएका प्राथमिकताहरूलाई प्रतिध्वनि गर्दै विकासशील विश्वका देशहरूको प्रमुख विकास आवश्यकताहरूलाई सम्बोधन गर्दछ, "उत्थानशीलता, नवीनता, सहयोग र दिगोपनको लागि निर्माण ।"

सधैँ विकसित भइरहेको ब्रिक्स सहयोगले विकासशील देशहरूलाई नयाँ वृद्धि गति हासिल गर्न मद्दत गरिरहेको छ । हालैका वर्षहरूमा, ब्रिक्स सहयोग नवीकरणीय ऊर्जा, डिजिटल पूर्वाधार, वैज्ञानिक र प्राविधिक आविष्कारजस्ता क्षेत्रमा विस्तार भइरहेको छ । यस तर्कको एउटा उदाहरण सियामेनको नयाँ औद्योगिक क्रान्ति नवाचार केन्द्रमा ब्रिक्स साझेदारी हो, जुन २०२० मा डिजिटलाइजेशन, उन्नत उत्पादन र प्राविधिक आविष्कारमा सहयोगको लागि प्लेटफर्म प्रदान गर्न स्थापना गरिएको थियो ।

यी प्रयासहरूले ब्रिक्सको फराकिलो मूल्यलाई औंल्याउँछ: यसले विकासशील विश्वलाई बलियो आवाज मात्र दिइरहेको छैन, तर देशहरूका लागि वित्तीय, प्रविधि र उनीहरूको विकास आवश्यकताहरूअनुरूप सहयोग पहुँच गर्न व्यावहारिक अवसरहरू सिर्जना गर्दैछ ।

यस्तो सहकार्यले भाग लिन र सहयोग गर्ने थप अवसरहरू खोज्ने देशहरूलाई ब्रिक्सको बढ्दो आग्रहको व्याख्या गर्न मद्दत गर्दछ । संस्थापक सदस्यको हैसियतमा चीनले व्यावहारिक सहयोगका लागि मञ्च निर्माण गरेर मात्र होइन, विस्तारित ब्रिक्सभित्र उच्च गुणस्तरीय सहयोग प्रवर्द्धन गर्न व्यापक खुलापन र बृहत्तर सहभागितालाई समर्थन गरेर पनि योगदान गरेको छ ।

पश्चिमका कतिपयले ब्रिक्सलाई समानान्तर व्यवस्था निर्माण गर्न खोज्ने प्रतिद्वन्द्वी समूहको रूपमा चित्रण गर्छन् । यद्यपि यो दाबी वास्तविकतासँग थोरै मिल्दोजुल्दो छ । ब्रिक्सको अर्थ खुलापन, समावेशीता र पारस्परिक लाभ हो, टकराव वा बहिष्कार होइन । यो केही पश्चिमी देशहरूद्वारा अगाडि बढाएका खेमाहरूभन्दा मौलिक रूपमा फरक छ र ब्रिक्सको बढ्दो जीवनशक्तिको पछाडि एक प्रमुख कारण हो ।

अगाडि हेर्दा, ब्रिक्स २० वर्षको वृद्धि र रूपान्तरणपछि तेस्रो "स्वर्ण दशक" मा प्रवेश गर्न तयार छ । समयका चुनौतीहरूको सामना गरेर ब्रिक्स देशहरूले अझ समान र व्यवस्थित बहुध्रुवीय संसार र अधिक विश्वव्यापी रूपमा लाभदायक र समावेशी आर्थिक भूमण्डलीकरणलाई आकार दिन मद्दत गर्न सक्छन् र त्यसो गर्दा विश्वव्यापी दक्षिणमा एकता र सहयोगको नयाँ अध्याय लेख्न सकिने छ ।

*(सिन्ह्वा)*

# युवा अमेरिकीहरूले बुझ्नुपर्छ कि शत्रु घरभित्रै छ

**● एन्ड्र्यू स्मिथ**

चीनमा बसोबास गर्ने एक अमेरिकीको रूपमा जो बारम्बार संयुक्त राज्य अमेरिकामा फर्किने गर्छु । मलाई अमेरिकीहरूले चीनलाई कसरी हेर्छन्– यहाँको दैनिक वास्तविकताको विपरीत र अमेरिकी जनताको धारणा कसरी द्रुतगतिमा परिवर्तन भइरहेको छ भन्ने सन्दर्भमा हेर्न पाउँदा रोचक लाग्छ ।

यी परिवर्तनशील मनोवृत्तिहरू शिकागो काउन्सिल अन ग्लोबल अफेयर्सको हालैको रिपोर्टमा छर्लङ्ग पारिएको छ, जसले सहस्राब्दी र जेनेरेशन जेड अमेरिकीहरूले चीनलाई गम्भीर खतराको रूपमा कम र संयुक्त राज्य अमेरिकासित संलग्न र सहयोग गर्ने शक्तिको रूपमा बढ्दो रूपमा हेरेका छन् ।

शिकागो काउन्सिल अन ग्लोबल अफेयर्सले एनपिआर र आइप्सोसको सहयोगमा गरेको मार्च २०२६ को अध्ययन अनुसार मिलेनियल्सको मात्र ४३ प्रतिशत र जेन-जेडको ३४ प्रतिशतले चीनलाई संयुक्त राज्य अमेरिकाको लागि गम्भीर खतराको रूपमा हेर्छन्, धेरैजसो बुमर्स (६२ प्रतिशत) र जेन-जेड (५६ प्रतिशत) को तुलनामा । यसबाहेक, जेन-जेड (५९ प्रतिशत) र मिलेनियल्स (५८ प्रतिशत) को ठोस बहुमतले पुरानो पुस्ताको आधाभन्दा कमको तुलनामा मैत्रीपूर्ण सहयोग र संलग्नताको नीतिलाई समर्थन गर्दछन् ।

यो परिवर्तन युवा संस्कृतिमा जोडिएका कसैलाई पनि अचम्म लाग्दैन । युवा अमेरिकीहरू चिनियाँ संस्कृति, प्रविधि र उत्पादनहरूसँग बढ्दोरूपमा मोहित छन् । धेरै पश्चिमी युवाहरू आफ्नो जीवनको "धेरै चिनियाँ युग" मा रहेको, दैनिक चिनियाँ बानीहरू र दिनचर्याहरू अपनाउँदै आधा ठट्टामा बोल्छन् । सोशल मिडिया फिडहरू युवा अमेरिकीहरूले शेन्जेन र साङ्घाइमा चम्किरहेका स्काइलाइनको क्लिपहरू साझा गर्ने वा ग्रेट वाल र गुइलिनको कार्स्ट पहाडहरूको प्राकृतिक सौन्दर्य र ऐतिहासिक सम्पदा देखेर अचम्मित छन् ।

अझै पनि, केही अमेरिकी राजनीतिज्ञ र मिडिया आउटलेटहरूले चीनविरुद्धको घृणा र विभाजन जारी राखेका छन् । चीनविरुद्ध व्यापार युद्ध र टेक्नोलोजी प्रतिबन्धहरू अगाडि बढ्दै छन् । समाचार प्लेटफर्महरूमा चिनियाँ विद्वान, व्यवसायी र अनुसन्धानकर्ताहरूलाई "चिनियाँ एजेन्ट" भनेर आधारहीन आरोपहरू प्रशस्त छन् । अमेरिकी राष्ट्रिय सुरक्षा एजेन्सीका उपनिर्देशक टिम कोसिबाले यस महिना अगस्टा, जर्जियामा भएको भर्खरै भएको टेकनेट सम्मेलनमा चीनलाई विश्वव्यापी "भाँड" र "विघटनकारी" भनेर आधारहीन तवरमा चित्रण गर्ने प्रयास गरे ।




मेरो लागि, तथापि, अमेरिकी राजनीतिज्ञहरूले जारी गरेको चीनको कुनै पनि निन्दा खोक्रो र कपटमात्र लाग्छ । यो टिप्पणी लेख्दासम्म, अमेरिकी राष्ट्रिय ऋण रेकर्ड ४० ट्रिलियन अमेरिकी डलरमा पुगेको छ । राष्ट्रिय ऋण बढ्दै गएको छ । पिटर जी. पिटरसन फाउन्डेसन, एक वित्तीय निगरानी समूहकाअनुसार हरेक दिन लगभग ४७ बिलियन थपिँदै छ ।

इरानविरुद्धको युद्ध ठुलो अनिश्चिततासँग तानिएको देखिन्छ । अमेरिकी सहस्राब्दीहरू, उनीहरूको पालनपोषणलाई परिभाषित गर्ने "सदाका लागि युद्धहरू" द्वारा थकित, राजनीतिक चक्र धान्न सक्दैनन् ।

गृह मोर्चामा, आर्थिक नतिजा तुरुन्तै छ । धेरै राज्यहरूमा दैनिक हिसाबमा तनाव र पहिले नै कमजोर आपूर्ति श्रृङ्खलाहरूमा अत्यावश्यक वस्तुहरूको लागत बढाउँदै ग्यासको मूल्य ५ डलर प्रतिग्यालनभन्दा बढेको छ ।

अमेरिकाभरका कार्यस्थलहरूमा, कामदारहरूको अधिकारहरू निरन्तर खतरामा छन् र युनियन बस्टिङ सामान्य भएको छ, धेरै क्षेत्रहरू मोलतोल गर्ने अधिकारहरू खोसिएका छन् र राष्ट्रिय श्रम सम्बन्ध बोर्ड अब बढ्दो सङ्घीय नियन्त्रणमा छ । कानुनी वा सङ्गठनात्मक रूपमा सुरक्षा घट्दै गएपछि, अमेरिकी कामदारहरू बढ्दो जीवनयापन लागत, जागिर सुरक्षाको अभाव र घटाइएका लाभहरूको बिचमा तलब वा स्थिर ज्यालाको दयामा छन् ।

युवा अमेरिकीहरूले सामना गर्ने घरेलु समस्याहरूको सूची जारी छ । बढ्दो राजनीतिक ध्रुवीकरणले समाजलाई तनाव दिन्छ र नागरिकहरूबिच ठुलो अविश्वास रोप्छ । जाति, लिङ्ग र पहिचानजस्ता सामाजिक मुद्दाहरूको वरिपरि "सांस्कृतिक युद्धहरू" तिखारिन जारी छ । अमेरिकामा विश्वको सबैभन्दा उच्च कारावास दरहरूमध्ये एक जुन विश्वव्यापी औसतको लगभग चार गुणाभन्दा बढी छ । अमेरिकी युवाहरू अमेरिकी शिक्षा प्रणालीबाट झन् निराश हुँदै गएका छन्, जसको मापदण्ड र पाठ्यक्रम अन्य विकसित राष्ट्रहरूको तुलनामा निरन्तर पछाडि छन् । धेरै युवा अमेरिकीहरूको लागि, उनीहरूले सामना गर्ने भविष्यले उनीहरूलाई निन्दनीय र शून्यवादी महसुस गराउँदछ ।

सुरक्षा र समृद्धिको अमेरिकी सरकारका झूटा प्रतिज्ञाहरू भत्किँदै जाँदा, अमेरिकाको शासक वर्गका लागि अमेरिकीहरूका युवा पुस्ताहरूका बिचमा चीनको बारेमा दोषारोपण गर्न वा जेनोफोबिक, जिंगोइस्टिक डर रोप्न झन्झटिलो हुँदै गइरहेको छ । यी सबै कुरालाई ध्यानमा राख्दै युवा अमेरिकीहरूले पहिलेभन्दा धेरै आधारभूत सत्यलाई स्वीकार गर्नुपर्छ: शत्रु चीन होइन - शत्रु घरभित्रै छ ।

# ३८ वर्षपछि पनि खोजिरहेको, खोजिरहने एउटा फाइल 'भक्तपुर काण्ड' !



रामप्रसाद प्रजापति

आज फेरि ३८ वर्षपछि किताबका चाङहरूबिच, दराजका फाइलहरूमाझ खोजिरहेको छु, एउटा पुरानो फाइल, हो 'भक्तपुर काण्ड' को फाइल !

तत्कालीन पञ्चायती राज्यस्तरबाट रचिएको उक्त काण्डबारेमा हामीलाई धेरै थोरै जानकारी छ । नेपाल मजदुर किसान पार्टीको समूल नष्ट गर्न रचिएको उक्त षड्यन्त्रमा पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सहित ६७ जना नेता कार्यकर्ताविरुद्ध तत्कालीन वाग्मती विशेष अदालतमा झूटो कर्तव्य ज्यान मुद्दा दायर गरिएको थियो ।

षड्यन्त्र र बेइमानीको 'राजनीति' गरेर आफ्नो सत्ता र शक्ति टिकाउने दुष्प्रयासमा लाग्नु प्रतिक्रियावादी, सामन्तवादी र पुँजीवादीहरूको चरित्र हो । २०४५ सालमा पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको षड्यन्त्र त्यसको एउटा ज्वलन्त प्रमाण हो ।

नेपाल मजदुर किसान पार्टीका त्यसबेला सङ्गठनसँग आबद्ध नेता कार्यकर्ताहरू भ्रष्ट पञ्चहरूलाई उदाङ्ग्याउन सक्रिय थिए । त्यस पार्टीले पञ्चायती भूमिसुधारको बन्दोबस्तलाई व्यवहारमा ल्याउन किसानहरूलाई सङ्घर्षमा उतारेको थियो । लेनिनवादी नीतिलाई अनुशरण गर्दै प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घसंस्थालाई उपयोग गरी देश र जनताको नि:स्वार्थ सेवा गरिएको थियो ।

नेमकिपाले साम्राज्यवादी संयुक्त राज्य अमेरिकाले हिन्द चीनमाथि गरेको बर्बर आक्रमणको विरुद्ध सडक सङ्घर्ष गरेको थियो ।

अहिले पनि संरा अमेरिकाले प्यालेस्टिन र इरानलगायतका सार्वभौम देशहरूमा गरिरहेको बर्बर युद्ध, क्युवा, उत्तर कोरियालगायतका देशहरूमा जबरजस्ती लगाइरहेको अमानवीय नाकाबन्दीविरुद्ध नेपाल मजदुर किसान पार्टीले निरन्तर विरोध र सङ्घर्ष गर्दै आएको हामी सबैलाई विदित्तै छ ।

विस्तारवादी भारतले देशको भूभाग अतिक्रमण गरेको विरोधमा नेमकिपाले जनतालाई सचेत, सङ्गठित र सङ्घर्षशील बनाएको थियो । सुस्तामा भारतीय विस्तारवादको अतिक्रमणविरुद्ध जुलुस प्रदर्शन भएको थियो ।

अहिले पनि भारतीय विस्तारवादी सरकारले नेपालका ७२ स्थान सुस्ता, कालापानी, लिपुलेक, लिम्पियाधुरालगायतका दर्जनौं क्षेत्रको भूमि मिचेको छ । विस्तारवादी भारतीय अतिक्रमण जारी छ । सो विषयमा हालै संसद्मा प्रश्न उठ्दा प्रधानमन्त्री बालेन्द्र शाहले आफूलाई पनि प्रधानमन्त्री भएपछि मात्रै थाहा भएको भन्दै "भारतले मात्रै होइन, नेपालले पनि भारतीय भूमि मिचेको छ ।" भन्ने अभिव्यक्ति दिए । यो पनि खतराको सङ्केत हो ।

वर्तमान बालेन सरकार कसले, कसरी सत्तामा पुऱ्याए भन्ने सम्बन्धमा हालै एउटा प्रतिवेदन सार्वजनिक भएको छ । त्यसैले, हामी सचेत हुन आवश्यक छ ।

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित संविधानसभाले निर्माण गरेको २०७२ को संविधान जारी गर्दा अमानवीय रूपले नाकाबन्दी लगाएको स्मरण अझै ताजा छ ।

देश र जनताको सेवा तथा अन्तर्राष्ट्रिय कर्तव्यको पालनाको परिणाम भक्तपुर काण्डको रूपमा पञ्चायती राज्यस्तरको षड्यन्त्र जन्मिएको हो । तत्कालीन घटनाक्रमको विश्लेषणले यही निर्क्योल गर्न सकिन्छ ।

निरङ्कुश पञ्चायतले 'भक्तपुर काण्ड' को षड्यन्त्र रचेर नेपाल मजदुर किसान पार्टीको अस्तित्व मेटाउने र पार्टीका नेताहरूलाई सशरीर समाप्त गर्ने दु:साहसको परिणाम पञ्चायती व्यवस्था आफै समाप्त भयो ।

म १० वर्षको थिएँ । मामा सुनिल प्रजापतिलाई भदौ ९ गते राति नै पक्राउ गरी जेल हालेको थाहा पाएँ । माइजूसँग काठमाडौँ हनुमानढोका प्रहरी कार्यालयमा पटक पटक खाना पुऱ्याउन गएको स्मरण मेरो मानस्पटलमा अझै ताजा छ । उहाँलगायत 'भक्तपुर काण्ड' मा पक्राउ पर्नुभएका धेरै जनालाई काठमाडौँको हनुमानढोकास्थित प्रहरी कार्यालयको हिरासतमा राखिएको थियो ।

हिरासतमा रहनुभएका नेता कार्यकर्ताहरूलाई खाना पुऱ्याउन जाँदा पहिला खाना आफूलाई चाख्न लगाइन्थ्यो । त्यसपछि मात्रै खाना प्रहरीले थुनामा रहनुभएका नेता कार्यकर्ताहरूलाई दिने गर्थे ।

थुनामा रहेका नेमकिपाका नेता कार्यकर्तालाई अमानवीय, चर्को यातना दिएको कुरा वर्कस पब्लिकेसन, नेपाल क्रान्तिकारी महिला सङ्घले प्रकाशित गरेका २०४५ सालमा राज्यस्तरबाट रचित षड्यन्त्र 'भक्तपुर काण्ड' का संस्मरणहरू पढ्दा प्रस्ट हुन्छ ।

पक्राउ परेका अधिकांश व्यक्तिहरूलाई बेहोस र मरणासन्न हुने गरी कुटेका थिए । चरम शारीरिक तथा मानसिक यातना, अमानवीय व्यवहारका बारेमा वर्कस् पब्लिकेसन्सको प्रकाशन भक्तपुर काण्डका संस्मरणहरू, २०६७ मा पढ्न पाइन्छ ।

"इन्स्पेक्टरले मलाई कट्टु एउटाबाहेक सबै लुगा फुकाल्न लगायो । बलियो डोरी पासोजस्तो बनाएर दुवै हातको बुढी औँला घुसाएर बाँध्यो । त्यसमा दुवै खुट्टा भित्रपट्टिबाट पसाएर त्यो डोरी गर्धनमाथि अड्कायो । म हात खुट्टा, जीउ र टाउको चलाउन नसक्ने भएँ । त्यसपछि मलाई लडाइयो । दानवीय प्रकृतिका उनीहरूले मेरो दुवै पाइतालामा गोलो लट्ठीले पिट्न थाले । यसरी करिब १० मिनेटसम्म पिटिरह्यो ।

त्यसक्रममा प्रहरीले मेरो गुदद्वारमा खुर्सानी घुसायो; आँखामा धुलो र सुर्तीको धूलो पठाएर यातना दियो । दुवै हातका औँलाहरूमा क्रमश: पिनले घोच्यो र त्यसपछि ती पिनहरू हल्लाए । औँलाहरूबाट रगत बग्यो । केही समयपछि दुवै खुट्टाका औँलाहरूमा पनि पिनले घोच्न थाल्यो । त्यसपछि बुटले कुल्च्यो । पिनले घोचेका खुट्टाका औँलाहरूबाट भल्भल्ती रगत बग्न थाल्यो । एक घण्टा त्यही लट्ठीले चाकमा भैंसीलाई पिटेजस्तै पिट्न थाले । (पछि जेलमा डाक्टरलाई जचाउँदा हाड फुटेको बताएका थिए) । इँटा ढुङ्गाका टुक्राहरू भुइँमा छरेर हिँड्न लगाउने र पछि काठको मुढामा हिँड्न लगाउने गर्थे ।" (यातना भोगेकामध्ये एकजनाको संस्मरणबाट)

यस्तो यातना दिएको खबरले कानुन व्यवसायीहरू मात्र नभई मानव अधिकारवादीहरूले पनि भक्तपुर काण्डलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा व्यापकता दिए ।

अध्यक्ष रोहितले आफ्नो संस्मरणमा लेख्नुभएको छ, मुद्दामा मुछिएकाहरूमध्ये धेरै ऐनकानुनबाट अनभिज्ञ र कहिल्यै अदालतको मुखै नदेखेका निर्दोष व्यक्तिहरू थिए । अनेक यातना र अपमानको अगाडि उनीहरू झुकेनन् र लोभ लालच वा आफ्नो छुटकाराका निम्ति झूट बोल्न मानेनन् ।

उक्त ज्यान मुद्दाको सरजमिन असोजको १ गते शनिबारको दिन एकतर्फी रूपमा गरिएको थियो । अध्यक्ष रोहितले शनिबार सरजमिन गर्ने कुराको विरोध गर्नुभएको सुनिल प्रजापतिको संस्मरणमा उल्लेख छ । अध्यक्ष रोहितले हिरासतमै "सरजमिन भनेको आकाश, पाताल र धर्ती सबैले देख्ने गरी हुनुपर्छ, बिदाको दिन सरजमिन गर्नु कानुनविपरीत छ ।" भनी चर्को विरोध गर्नुभएको थियो ।

सरजमिनको लागि गाडीमा जाने क्रममा अध्यक्ष रोहितले अन्य बन्दीहरू सबैसँग एक एक गरेर उमेर र अध्ययन सोध्नुभएको र जेल परेका सबै जना एम.ए.पास गरेर मात्रै छुट्ने कुरा बताउनुभएको प्रजापतिले आफ्नो संस्मरणमा उल्लेख गर्नुभएको पाइन्छ ।

वि.सं.२०४५ सालको भदौ ९ गते घटेको 'भक्तपुर काण्ड' का बारेमा थप प्रस्ट हुन 'फाँसी दे', 'आवाज', 'जेलदेखि प्रजातन्त्रसम्म', 'मजदुर' दैनिकको भक्तपुर काण्ड विशेषाङ्क, 'मजदुर किसान' र 'केटीहरूका विशेष अङ्कहरू', 'का. रोहितको जेल डायरी', 'राज्यस्तरको षड्यन्त्र : भक्तपुर काण्ड', 'जेलका चिट्ठीहरू', 'श्रमिक' साप्ताहितका विशेष अङ्कलगायतका प्रकाशनहरूको अध्ययन गर्न सकिन्छ ।

नेपाल मजदुर किसान पार्टीका ६७ जना नेता कार्यकर्ताविरुद्ध वाग्मती विशेष अदालतमा झूटा ज्यान मुद्दा दायर गरियो । मुद्दामा हृषिकेश शाह, कृष्णप्रसाद भण्डारी, बासुदेवप्रसाद ढुङ्गाना, सिन्धुनाथ प्याकुरेल, मुकुन्द रेग्मी, लक्ष्मण अर्याल, कृष्णप्रसाद पन्त, दमननाथ ढुङ्गानालगायत ६० जनाभन्दा बढी कानुन व्यवसायी (वकिल) हरूले सहयोग गर्नुभएको थियो ।

तीमध्ये एक हाल १०० (एक सय) वर्षको उमेरमा पनि कानुन क्षेत्रमा सक्रिय वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी पनि एक हुनुहुन्छ । उहाँ तत्कालीन पञ्चायती सरकारले सरजमिनका क्रममा भक्तपुरको हनुमानघाटमा सर्वसाधारण जनतालाई प्रवेशमा रोक लगाई केही पञ्चे गुन्डाहरूलाई मात्र राखेर प्रहरी घेराभित्र सरजमिन गराएको, सरजमिनको क्रममा कृष्णप्रसाद भण्डारी र सिन्धुनाथ प्याकुरेल, श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेंका जहान शोभा प्रधान र श्रद्धेय अध्यक्षका एक जना बहिनीमात्रै सरजमिनस्थलमा पुग्न सकेको, शोभा प्रधान निडर महिला भएको बताउनुहुन्छ ।

उहाँलाई तत्कालीन पञ्चायती व्यवस्थाले मुद्दा नहेर्न कुनै दबाब आएन र भन्ने प्रश्नमा मलाई कसैले त्यस्तो दबाब दिएनन्, दिन सक्ने अवस्था पनि होइन भन्नुहुन्छ ।

उहाँ निडर कानुन व्यवसायी भएको हामी सबैलाई थाहै छ । आज हामी विशेष गरी तत्कालीन पञ्चायती राज्यस्तरबाट नेपाल मजदुर किसान पार्टीविरुद्ध गरिएको षड्यन्त्रविरुद्ध लड्न उहाँले निर्वाह गर्नुभएको भूमिका र अविस्मरणीय योगदानको उच्च कदर एवं सम्मान गर्दछौँ ।

पञ्चायती राज्यस्तरबाट विशेष अदालतमा दायर भएको उक्त मुद्दाको मिसिल नम्बर २०९/०४६ रहेको थियो ।

पञ्चायतको अवसानपछि तत्कालीन सरकारको निर्णयले २०४७ वैशाख ५ गते फिर्ता गर्न महान्यायाधिवक्ताको कार्यालयले तत्कालीन वाग्मती विशेष अदालतलाई च.नं. ९४२१ मार्फत पत्राचार गऱ्यो । सोहीबमोजिम सोही दिन अर्थात् २०४७ वैशाख ५ गते वाग्मती विशेष अदालतबाट मुद्दा तामेलीमा राख्ने आदेश भयो ।

उक्त तामेली आदेशमा भनिएको छ, प्रहरी प्रतिवेदनबाट २०४५ असोज ४ गते नेपाल राजपत्रमा प्रकाशित भएको कानुन तथा न्याय मन्त्रालयको सूचनाले यसै अदालतको क्षेत्राधिकारी भई कारबाही चलिरहेको प्रस्तुत मुद्दामा वादी श्री ५ को सरकार प्रतिवादी गोविन्द दुवालसमेत ६७ जनासमेत भएको ज्यान मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा ९(क) अनुसार वापस लिने श्री ५ को सरकारको निर्णय भएको भनी महान्यायाधिवक्ताको २०४७/०१/०५ को पत्रबाट लेखिआएकोले प्रस्तुत मुद्दा तामेलीमा राखिदिने ठहर्छ ।"

सामान्यतया ज्यानसम्बन्धी मुद्दाको प्रारम्भिक सुनुवाइ सम्बन्धित जिल्ला अदालतले गर्ने क्षेत्राधिकार रहन्छ । तर, तत्कालीन पञ्चायती सरकारले भक्तपुर काण्डसँग सम्बन्धित ज्यान मुद्दालाई वाग्मती विशेष अदालतबाट सुनुवाइ गर्ने गरी विशेष अदालतले मुद्दा हेर्ने मुकाम तोके ।

नेपाल मजदुर किसान सङ्गठनका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) लगायत ६७ जनाविरुद्ध तत्कालीन मुलुकी ऐन ज्यानसम्बन्धी महलको दफा १३ (क) को देहाय ६ नं.अनुसार कारबाही माग गरी मुद्दा चलाइयो ।

'इतिहास दोहोरिन्छ तर फरक तरिकाले' भनेझैँ वर्गीय समाजमा व्यापक काम गरी खाने जनता, किसान, मजदुर, श्रमिकको शोषण गर्न पल्केकाहरूले जुनसुकै बखत नयाँ नयाँ बहानामा 'भक्तपुर काण्ड' जस्ता षड्यन्त्र गर्न सक्ने सम्भावना रहने भएकोले हरपल सचेत हुन जरुरी छ । वर्गीय शिक्षा, अध्ययन र सङ्घर्षलाई निरन्तर चालू राख्न आवश्यक रहेको अध्यक्ष रोहितले बताउँदै आउनुभएको स्मरण गर्न चाहन्छौँ ।

*२०८३ भदौ २८*

---

**युग...**

(Shenpei) जानुभयो, जहाँ उहाँले क्षेत्रीय अस्पताल, सङ्गठन र गुरिल्ला युद्ध अस्पताल सञ्चालनमा जोड दिनुभयो । अध्यक्ष माओको रणनीति 'युद्ध मैदानमै उपचार' का आधारमा अस्पताल अगाडि बढाइयो । डा. बेथुनले घाइते मात्र होइन गाउँबस्तीका बिरामी चिनियाँ जनताको नि:शुल्क उपचार गर्नुभयो । त्यसकारण, चिनियाँ जनता उहाँलाई 'हाम्रो डाक्टर' भन्छन् आज पनि । गाउँमा एक किसानलाई आफ्नो असक्त र घाउ पाकेको पाखुरा च्यापिरहेको देख्नेबित्तिकै उपचारको निम्ति आफूसँगै लाने र सारा गाउँलेलाई आफू डाक्टर भएको र सबै उपचार नि:शुल्क गर्छु भन्ने डाक्टर हुनुहुन्थ्यो उहाँ । आज सारा गाउँ, देश उहाँप्रति ऋणी छ । चीनको मुक्ति युद्धमा डाक्टर बेथुनको योगदान स्मरणीय छ ।

एकदिन एकजना सिपाहीँ २५ किलोमिटर पर जीवन मृत्युको दोसाँधमा छटपटाइरहेको खबर डा. बेथुनसम्म आइपुग्यो । उहाँले एक सेकेन्ड पनि नसोची घोडा तीव्रगतिमा कुदाउनुभयो र साँझसम्ममा अपरेसन सम्पन्न गर्नुभयो । त्यहाँ नजिकै माथि गाउँमा घाइतेहरू छन् भन्ने थाहा पाएर उहाँ पुन: पहाड उक्लनुभयो । पसिनाले निथ्रुक भिजेको उहाँको शरीर, एक गेडा अन्न र पानी नपरेको पेट लिएर उहाँ उपचारमा तल्लीन हुनुभयो । गाउँका कामरेडहरूले उहाँको स्वास्थ्यको चिन्ता गरे । कुखुराको मासुको सुप दिए । उहाँले त्यो सुप बिरामीलाई खुवाउनुभयो र भन्नुभयो, "म एक कम्युनिस्ट योद्धा हुँ । म कसरी विशेष अधिकारको हकदार हुन सक्छु ?" उहाँ राति राति हातमा लाल्टिन बोकेर वार्डवार्डमा घाइते सेना सुते नसुतेको हेर्न पुग्नुहुन्थ्यो ।

कामरेड बेथुनले छोटो समयको लागि क्यानडा जाने सोच्नुभयो । त्यसको उद्देश्य भने फेरि पनि औषधि र मेडिकल सामग्रीको जोहो गर्नु र विश्वसामु जापानी युद्धपिपासुहरूको ज्यादती उदाङ्ग्याउनु थियो । कामरेड बेथुन अक्टोबर २०, १९३९ मा चीन छोड्दै हुनुहुन्थ्यो । त्यही समयमा जापानी आक्रमणकारीले हिमाली क्षेत्रमा ठुलो आकारको 'सखाप पार' युद्ध थाल्यो । उहाँ आफ्नो उडान स्थगित गरी युद्धमोर्चामा कुद्नुभयो । खाना पनि नखाई उहाँले अपरेसन थाल्नुभयो । चाँडो उपचारको लागि बेड थप्ने र सक्दो चाँडो अपरेसन गर्नेमा डा. बेथुनको ध्यान केन्द्रित थियो । शत्रु पहाडबाट तलतिर आउँदै थियो तर उहाँले आफ्नो काम सेकेन्डको लागि पनि रोक्नुभएन । उहाँले भन्नुभयो, "एकजना सेना डाक्टरले कहिल्यै योद्धाहरू छोडेर भाग्दैन बरु मर्न तयार हुन्छ । त्यस्तो मृत्यु गौरवपूर्ण हुन्छ ।" शत्रु ढोकामै आइपुग्दा अर्को डाक्टरले उहाँको हात तानेर लान खोज्दा पनि उहाँ- 'लोकल एनेस्थेसिया' चाहियो भन्दै हुनुहुन्थ्यो । घाइतेहरू हात जोड्दै जान आग्रह गरिरहँदा पनि उहाँ निडर भई घाइतेमाझ रक्षक बनेर उभिनुभयो ।

अपरेसनको क्रममा उहाँको देब्रे हातको औँलामा कैँचीले घाउ लाग्यो । एकैछिन औँला बेटाडिनमा डुबाएर पुन: काममा लाग्नुभयो । त्यहाँबाट पनि शत्रु हारेर फर्क्यो । मेडिकल टीम कान्होचिङ (Kanhoching) को पछिल्लो अस्पताल पुग्यो । त्यतिबेला डा. बेथुनको औँलाको घाउ सुन्निएको थियो । कामरेडहरूले उपचार र आरामको निम्ति पटक-पटक आग्रह गर्दा पनि "म चुपचाप बस्न सक्दिन" भन्दै दुई दिन लगातार काम गर्नुभयो । बिरामीको उपचार गर्दागर्दै उहाँको घाउ सङ्क्रमित भयो । केही दिनपछि घाउ पाक्यो । ज्वरो पनि ३९.६ सेन्टिग्रेट पुग्यो । यद्यपि, डा. बेथुन "यो केही होइन, मलाई केही हुन्न" भन्दै हुनुहुन्थ्यो । चिन्ता नलिनु म दुईवटा औँला बाँकी हुँदा पनि काम गर्न सक्छु ।" उहाँको दृढता थियो यो ।

मेडिकल टीमसँगै पहाडको बाटोमा घोडामै उहाँ कमजोर र अर्ध बेहोस भएको सबैले अनुभव गरे । हुआङतुलिङ (Huangtuling) मोर्चा नजिक पुग्न लाग्दा बन्दुक र गोलाबारुदको कर्कश आवाज तीव्र सुनिँदै थियो । बाटोमा घाइते सेनासँग भेट हुँदा डा. बेथुन आफू ढिला आइपुगेकोमा माफी माग्दै हुनुहुन्थ्यो ।

डा. बेथुनको स्थिति नाजुक भइसकेको थियो । घाउ सङ्क्रमण कुहिना हुँदै पुरै हातमा फैलिसकेको थियो । यद्यपि, उहाँले त्यो हालतमा १६ घण्टासम्म काम गर्नुभयो । नोभेम्बर ९ तारिखमा उहाँको स्थिति अत्यन्त नाजुक र ४० डिग्री सेन्टिग्रेटसम्म ज्वरो पुगिसकेको थियो । चिसो लाग्ने, बान्ता हुने अवस्थाबाट उहाँ बोल्दै हुनुहुन्थ्यो, "मलाई सबैभन्दा बढी चिन्ता लडाइँभूमिमा गोली खाँदै गरेका योद्धाहरूको लाग्छ । मसँग शक्ति हुँदो हो त म यो मैदान कहिल्यै छोड्दिन थिएँ ।"

डा. बेथुनको स्थिति थाहा पाएर सारा गाउँलेको भेला भयो, कामरेडहरूको आँखाबाट आँसु थामिएकै थिएन । डा. बेथुनलाई बचाउन हरसम्भव प्रयत्नको निम्ति याचना गर्दै थिए गाउँले । तर, डा. बेथुनलाई थाहा थियो कुनै पनि हालतमा अब ठीक हुँदैन ।

उहाँले सकिनसकी उठेर कम्युनिस्ट पार्टी क्यानडा र अमेरिकालाई एउटा मर्मस्पर्शी सन्देश लेख्नुभयो, "म निकै खुसी छु । एउटै कुराले दु:खी छु कि अब म केही गर्न सक्दिनँ...... बितेको दुई वर्ष मेरा निम्ति सबैभन्दा महत्त्वपूर्ण वर्षहरू थिए । मेरो जीवनको सबैभन्दा अर्थपूर्ण वर्षहरू थिए ती ।"

आफ्ना कामरेडहरूलाई उहाँले भन्नुभएको थियो, "कृपया अध्यक्ष माओसम्म मेरो धन्यवाद र आभारको खबर पुऱ्याइदिनु । आभार, उहाँ र कम्युनिस्ट पार्टीले दिएको ज्ञान या शिक्षाका निम्ति । म ढुक्क छु, चिनियाँ जनताले यो मुक्ति युद्ध जरुर जित्नेछन् । दु:खको कुरा म नयाँ चीनको जन्म देख्न यहाँ हुनेछैन ।"

मेडिकल टीमलाई उहाँको सन्देश थियो, "नयाँ मेडिकल टीम बनाउनू, जोखिमको ठाउँ जानू, घाइते योद्धाहरूसम्म पुग्नु ।

अन्तमा उहाँले बोल्नुभयो, "लडाइँ जारी राख्नू । आाफ्नो उद्देश्य र गन्तव्यतर्फ अविचलित निरन्तर हिँडिरहनू ।"

१९३९ नोभेम्बर १२ को बिहान महान् अन्तर्राष्ट्रवादी डाक्टर नर्मन बेथुन सदाका लागि अस्ताउनुभयो । उहाँले आफ्नो जीवनको अमूल्य समय चीन र चिनियाँ जनताको मुक्तिका निम्ति व्यतीत गर्नुभयो । "हाम्रो डाक्टरको मृत्युको बदला लिऔँ !" भन्दै जोशका साथ चिनियाँ जनताले लडे ।

सन् १९३९ डिसेम्बर २१ मा अध्यक्ष माओले उहाँको सम्मानमा 'नर्मन बेथुनको सम्झनामा' लेख्नुभयो । चिनियाँ जनताको हृदयमा आज पनि डा. नर्मन बेथुन एक महान् अन्तर्राष्ट्रवादी योद्धाको रूपमा बाँचिरहनुभएको छ । उहाँको जीवनबाट सारा विश्वले शिक्षा लिन सके धेरै क्रान्तिहरू सम्भव हुन्थ्यो ।

डा. बेथुन विश्वकै महान् युगान्तकारी चिकित्सक भई युगयुगसम्म अमर रहनुहुनेछ ।

# विभिन्न ठाउँमा भक्तपुर काण्डको भर्त्सना

### कर्मचारीहरूमाझ भक्तपुर काण्डको विरोध एवं भर्त्सना

भक्तपुर। नेपाल नगरपालिका कर्मचारी एसोसियसन, भक्तपुर एकाइ समितिको आयोजनामा 'भक्तपुर काण्ड'को विरोध एवम् भर्त्सना कार्यक्रम बुधबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुरमा घटेका सबै घटनाको आरोप नेमकिपाका नेता-कार्यकर्तालाई लगाउने तत्कालीन पञ्चायती सरकारका प्रधानमन्त्रीले अदालतबाट कुनै टुङ्गो नलाग्दै 'रोहितलाई फाँसी दे' भनी सडकमा नारा लगाएको षड्यन्त्र नै थियो भन्नुभयो।

उहाँले बताउनुभयो, "तत्कालीन पञ्चायती सरकारले नेमकिपाको समर्थन गर्ने शिक्षक-कर्मचारीहरूलाई बर्खास्त गर्ने र पक्राउ गरेको थियो। सत्य र न्यायको पक्ष लिएका शिक्षक र कर्मचारीहरू पञ्चायती सरकारको दबाबमा नपरी जेल जीवन बिताउन तयार भएका थिए।"

"वरिष्ठ मानव अधिकारवादी तथा कानुनका ज्ञाता हृषिकेश शाहले नेमकिपाका नेता र कार्यकर्ताको पक्षमा विशेष अदालतमा बहस गर्दै न्यायाधीशहरू सिंहासनको सिंह हुन नहुने, राजा र प्रजाबिचको खेलको निर्णायक हुनुपर्ने विचार राख्नुभएको थियो", सचिव सुवालले उल्लेख गर्नुभयो।

भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले भक्तपुर काण्डमा भक्तपुरका जनतामाथि रचिएको षड्यन्त्रले डर-त्रासको वातावरण सिर्जना गरी दुःख र मानवीय सङ्कट निम्त्याएको बताउनुभयो।

भक्तपुर काण्डजस्तो षड्यन्त्र फेरि फेरि भइरहनेप्रति सचेत हुनु जरूरी भएको उल्लेख गर्दै उहाँले पार्टीको सिद्धान्त तथा उद्देश्यप्रति इमानदार हुन सके जस्तोसुकै विपत्ति आइपरे पनि विचलित हुन नपर्ने बताउनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य कमलमैयाँ सुवालले भक्तपुर काण्ड पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र भएको स्पष्ट पार्दै उक्त काण्डमा पार्टीका निर्दोष नेता-कार्यकर्ताविरूद्ध झूटो ज्यान मुद्दा दर्ता गरेको बताउनुभयो।

नेपाल नगरपालिका कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका एकाइ समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर काण्डमा तत्कालीन नगर पञ्चायतमा कार्यरत निर्दोष कर्मचारीहरू समेत पीडित भएको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टीले अन्याय र अत्याचारको विरोधमा स्थापनाकालदेखि सङ्घर्ष गर्दै जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्ने कार्य गरिरहेको छ भन्नुभयो।

कार्यक्रममा समितिका दिलकृष्ण माक, राजेश दिष्टि र विकास प्रजापतिले पनि बोल्नुभएको थियो।



### देशको भूगोल र राजनीतिबारे मजदुरहरू जानकार हुनुपर्ने

भक्तपुर। नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा श्रम ऐन २०७४ र सामाजिक सुरक्षा ऐन २०७४ बारे अभिमुखीकरण कार्यक्रम बुधबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले प्रचलनमा रहेका नियम-कानुनलगायत देशको भूगोल र राजनीतिबारे मजदुरहरू जानकार हुनु जरूरी छ भन्नुभयो।

विषयवस्तुमा जानकार र सङ्गठित हुन सके मजदुरहरू डराउन नपर्ने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "इमानदार, निष्ठावान, असल आचरण र सङ्गठनको भावनाअनुसार अगाडि बढ्न सके पछुताउनुपर्ने स्थिति आउनेछैन।"

मजदुरहरू परिवर्तनको वाहक हुने धारणा राख्दै उहाँले संसारका प्रसिद्ध क्रान्तिहरू मजदुर-किसानकै सहभागिता सम्पन्न भएकोले मजदुरहरू अध्ययनशील हुनु जरूरी छ भन्नुभयो।

उहाँले भन्नुभयो, "वर्तमान सरकारले भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्न सकेन। शिक्षा, स्वास्थ्य र बिजुलीजस्तो अति अत्यावश्यक बन्दोबस्तमाथि कर लगाएबाट सरकार मजदुर-किसानको पक्षमा नरहेको स्पष्ट हुन्छ।"

भदौ १० गते बिहान रसुवा जिल्लामा हिम-चट्टान फुटेर भोटेकोसी नदीमा गएको भीषण बाढीले बागमती प्रदेशका रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको ठुलो धन-जनको क्षतिप्रति दुःख व्यक्त गर्दै केन्द्रीय सदस्य गोसाईले बाढी-पहिरामो परी निधन भएकाहरूप्रति भावपूर्ण श्रद्धाञ्जली एवं शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले २०१६, २०४८ र २०७४ सालमा आएको श्रम ऐनले मजदुर वर्गको हित गर्न नसकेको स्पष्ट पार्दै समाजवादी व्यवस्थाले मात्र मजदुरहरूको हित गर्ने भएकोले समाजवादी व्यवस्था स्थापना गर्नु जरूरी छ भन्नुभयो।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष एवं अधिवक्ता रामप्रसाद प्रजापतिले सामाजिक सुरक्षा कोषमा आबद्ध भई मजदुरहरूले वार्षिक स्वास्थ्य बीमा र अन्य सेवाहरू लिन सकिने जानकारी दिनुभयो।

श्रम ऐन २०७४ मा व्यवस्था भएको श्रम सम्झौता, विषयगत सम्झौता, समयगत सम्झौता, आकस्मिक सम्झौता र हायर एन्ड फायरबारे जानकारी दिँदै उहाँले पुँजीपतिवर्गले बनाइने श्रम ऐनबाट मजदुरहरूको हित नहुनेतर्फ सचेत हुनु जरूरी छ भन्नुभयो।

आयोजक समितिका अध्यक्ष विष्णुराम दुमरूको सभापतित्वमा भएको कार्यक्रममा समितिका उपाध्यक्ष विक्रम ढुकुछु र सचिव रमेश दुमरूले पनि बोल्नुभएको थियो।




### पर्सामा "भक्तपुर काण्ड" को भर्त्सना

पर्सा। नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले पञ्चायतद्वारा रचित षड्यन्त्रमूलक भक्तपुर काण्डको भर्त्सना कार्यक्रम बिहीबार सखुवा पर्सौनीमा भयो।

कार्यक्रममा नेमकिपा पर्साका संयोजक सरोज साहले नेमकिपा स्थापनाकालदेखि देश र जनताको लागि सङ्घर्ष गर्दै आइरहेको बताउनुभयो।

नेमकिपाको कार्यशैलीबाट पञ्चायतबाट तर्सेर नेमकिपाका ६७ जना नेता-कार्यकर्तामाथि झूटा ज्यान मुद्दा लगाई नेमकिपालाई नष्ट गर्ने दुस्प्रयास गर्ने पञ्चायत आफै पतन भएको उहाँले बताउनुभयो।

नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको स्पष्ट पार्दै समाजवादी राज्य संरचनामा हुने बन्दोबस्तबारे उहाँले भन्नुभयो, "समाजवादी व्यवस्थामा शोषण र भ्रष्टाचार हुनेछैन। निःशुल्क शिक्षा र स्वास्थ्यको बन्दोबस्त, योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त राज्यले गर्दछ। उत्पादनका मुख्य मुख्य साधन र स्रोत राज्यको नियन्त्रणमा हुन्छ।"

कार्यक्रममा लक्ष्मी साह, ब्रह्मदेवप्रसाद चौधरी, विभेद साहले पनि बोल्नुभएको थियो।




### सिकर्मी सङ्घद्वारा भक्तपुर काण्डको भर्त्सना

भक्तपुर। भक्तपुर सिकर्मी सङ्घको आयोजनामा आइतबार भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम भयो।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले लेनिनवादी नीतिअनुसार नेमकिपाले प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र पसेर देश र जनताको सेवा गरेको सहन नसकेरै पञ्चायती सरकारले नेमकिपालाई समूल नष्ट गर्न राज्यस्तरबाटै षड्यन्त्र रचेको बताउनुभयो।

भक्तपुर काण्डको बेला महिला दिदी बहिनीहरूले सहयोग गरेको चर्चा गर्दै उहाँले फेरि त्यस्ता षड्यन्त्रहरू घट्न सक्नेतर्फ जनता सचेत हुनुपर्ने बताउनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष विष्णुराम दुमरुले २०२१ सालको भूमि नापीमा जोताहा हक कायम गर्न मोहीको नाउँ राख्ने काममा नेक्राकिसङ्घको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो।

सङ्घका सल्लाहकार विष्णुभक्त कुसीले सङ्गठनमा भाँजो हाल्न इमानदार कार्यकर्तालाई साम, दाम, दण्ड र भेदको नीति अँगालेर बिगार्न सक्नेतर्फ सचेत हुनुपर्छ भन्नुभयो।

सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको सो कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र सचिव पुण्यराम न्हुछेले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

# विपद् व्यवस्थापन समितिको बैठक

भक्तपुर। भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बिहीबार बस्यो। बैठकमा रसुवामा आएको बाढीपहिरोबाट भएको क्षति, जिल्ला विपद् व्यवस्थापन, पूर्वाधार विकास, आपूर्ति शृङ्खला व्यवस्थापनलगायत विविध विषयमा छलफल भयो।

बैठकमा प्रमुख जिल्ला अधिकारी खड्काले रसुवामा आएको विनाशकारी बाढीपहिरोको क्रममा भक्तपुरका एक जनाको मृत्यु भएको र १९ जना अझै हराइरहेको जानकारी गराउँदै खोजी तथा उद्धार कार्यमा आवश्यक समन्वय भइरहेको बताउनुभयो। उहाँले विपद्बाट प्रभावित नागरिकका लागि एक द्वार प्रणालीमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्न आह्वान गर्नुभयो।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बाढीपहिरोमा परी मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुभयो। उहाँले यस्ता विपद्का घटना विगतमा पनि घट्दै आएको उल्लेख गर्दै विपद्का विषयविज्ञहरूलाई ल्याएर सुरक्षा निकाय तथा विभिन्न सङ्घसंस्थाबिच छलफल तथा समन्वयको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालका मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्लको नेतृत्वमा १३ सदस्यीय चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले रसुवाको बेत्रावतीस्थित होल्डिङ सेन्टरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको बताउनुभयो।

बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि भक्तपुर नगरपालिका कार्यालय, जनप्रतिनिधि, कर्मचारी तथा नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप कलेज अफ ल र ख्वप अस्पतालले एकमुष्ट रु. ७५ लाख ७१ हजार ६७९ रुपैयाँ ५२ पैसा प्रधनमन्त्री राहत कोषमा सहयोग गरेको जानकारी दिनुभयो।

प्रतिनिधिसभा सदस्य रुकेश रञ्जितले र राजीव खत्रीले जलवायु परिवर्तनका कारण हुने क्षतिप्रति ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो।

बैठकमा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लाका उपाध्यक्ष न्हुछेभक्त फोंजुले भक्तपुरमा अवैध जग्गा प्लटिङ रोक्नुपर्ने, मापदण्डविपरीत घर निर्माण तथा जोखिमयुक्त क्षेत्रमा बस्ती बसाल्न दिन नहुनेमा जोड दिनुभयो। अवैध जग्गा प्लटिङका कारण भक्तपुरका धेरै ठाउँमा बस्ती नै जोखिममा परेको उल्लेख गर्दै उहाँले नदी तथा खोला छेउमा मापदण्डविपरीत घर निर्माण रोक्नुपर्नेमा जोड दिनुभयो।

सूर्यविनायक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्यले सूर्यविनायक नगरपालिकाले प्रधानमन्त्री राहत कोषमा रु. ५५ लाख ५५ हजार ५५५ आर्थिक सहयोग गरेको र उद्धार कार्यका लागि शववाहनसमेत पठाइएको बैठकमा जानकारी दिनुभयो।

बैठकमा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूले भक्तपुर तथा आसपासको विपद्को अवस्था, जोखिम र पूर्वतयारीका विषयमा जानकारी गराएका थिए। उक्त बैठकमा बजारमा ग्यासको सहज उपलब्धता सुनिश्चित गर्न बजार अनुगमनलाई तीव्र बनाउनुपर्ने विषयमा छलफल भएको थियो।

**प्रविधिको प्रयोग व्यवस्थित गरौं**

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विल्फ्रेड ग्राहम बर्चेट (सन् १९११-१५८३) को सङ्क्षिप्त चर्चा

विल्फ्रेड ग्राहम बर्चेट (Wilfred Graham Burchett) दक्षिण-पूर्वी एसिया, खास गरेर हिन्द-चीनको स्थितिको सच्चाइ संसारलाई बताउने पहिलो पत्रकार हुन् । सन् १९५७ मा प्रकाशित 'मेकोङको जागरण' (Mekong Upstream) का लेखक र सन् १९७२ मा प्रकाशित राजकुमार नरोदम सिंहानोकको 'अमेरिकी केन्द्रीय गुप्तचर विभागसँग मेरो युद्ध' ( My War With The CIA) का सहयोगी विल्फ्रेड बर्चेट एक चर्चित र सङ्घर्षशील पत्रकार हुन् । उनको 'विद्रोही पत्रकार' भन्ने आत्मकथाका भूमिका-लेखक निक शिम्मिन (Nick Shimmin) को भनाइमा 'अस्ट्रेलियाको सबभन्दा राम्रो पत्रकार र संसारका अहिलेसम्मका सबभन्दा राम्रा विदेश संवाददाताहरूमध्ये एक हुन् ।' बेलायती विद्वान् बर्ट्रकन्ड रसेल (Bertrand Russel) को भनाइमा उनी 'समकालीन इतिहासकार र अति सचेत पत्रकार हुन् ।'

सन् १९६६ मा 'दक्षिण भियतनामको मुक्त इलाकाहरूमा मेरो यात्रा' (My visit to the Liberated Zones of South Vietnam) र सन् १९७४ मा स्वीडेनको स्टकहोम (Stockholm–Sweden) मा अस्ट्रेलियाका एक लेखक र पत्रकारको रूपमा विदेश नीति बारेमा स्वीडेनेली समाज (The Swedish Society for Foriegn Policy) द्वारा आयोजित 'कोरिया कोरियालीहरूको' ( Korea for Koreans) भन्ने एक गोष्ठीमा विल्फ्रेड पर्चेटले दिएको प्रवचन 'कोरियाको राष्ट्रिय अधिकारको लागि सङ्घर्ष' (The struggle for Korea's national rights) अत्यन्त स्मरणीय छ ।

सन् १८७६ तिरै बर्चेटका हजुरबुबा बेलायतबाट अस्ट्रेलिया बसाइँ सरेका थिए । उनले अस्ट्रेलियाको पूयोङ्ग (Pooyong) नजिकको दक्षिण-पूर्वी गिप्सल्यान्ड ( Gippsland) को ३२० एकड झाडी




भूमि लिएका थिए ।

विल्फ्रेड ग्राहम बर्चेट (Wilfred Graham Burchett) को जन्म सन् १६ सेप्टेम्बर १९११ मा अस्ट्रेलियाको मेलबर्नमा जर्ज (George) र मेरी बर्चेट (Mary Burchett) बाट भएको थियो । ब्वा जर्ज बर्चेट सन् १९२० तिरका वास्तुकलाविद (Architect) थिए र आफै सिकर्मी पनि हुँदा स्थानीय सामग्रीबाटै अस्ट्रेलियामा आफ्नै ढङ्गको पहिलो घर बनाएका थिए । तर, काकाको फोक्सोको रोग (Pneumonia) र दिदीको हाडको क्यान्सर (Sarcoma) को कारण धेरै आर्थिक बोझ पऱ्यो । फेरि बाली बिग्रनु र आगलागीको कारण ठुलो क्षति भई बर्चेट परिवार आर्थिक रूपले टाट पल्ट्यो र सम्पत्ति लिलाम भयो । सानोमा उनको अध्ययन राम्ररी चलेको थियो । विशेष कारणले उनले विद्यालय छोडी अरूको पसलमा तथा कृषि मजदुर भएर पनि काम गरे ।

सन् १९२९ तिर आर्थिक मन्दी वा विश्व आर्थिक सङ्कट सुरु भयो । विल्फ्रेड परिवारलाई बोझ नदिने उद्देश्यले अस्ट्रेलियाको उत्तरतिर लागे र उखु खेती र चिनी कारखानामा काम गरे । आफ्नो घर पुयोङको खेतबारी आफ्नै नातेदारले लिए, उनका बुबा जर्ज एक राष्ट्रवादी र रुढीवादी भएको हुँदा एउटा राजनैतिक पार्टीमा लागेर मेलबर्नका बुद्धिजीवीहरूलाई समेत निमन्त्रणा गरेर छलफल गर्ने गर्थे । कामबाट फुर्सद पाएपछि विल्फ्रेडले आफ्नो स्व-अध्ययनलाई चालू राखे । विदेशी भाषाहरू पढेपछि उनले पत्रकारिताको अध्ययनमा आफ्नो मन लगाए । १८-२० वर्षका युवा विल्फ्रेड उखुबारी र मिलमा काम गर्ने मजदुरहरूको मेहनत, अडान, एकता र सङ्घर्षशीलताबाट अति प्रभावित भए । उनले थाहा पाए-सङ्गठन र एकताले अनेक सफलता प्राप्त हुन्छ ।

सन् १९३४ को कुरा हो । युरोपमा फासीवादीहरू अगाडि बढ्दै थिए । युद्ध र फासीवादको विरोधमा प्रचार गर्न इगोन किस्च (Egon Kisch) भन्ने एक चेकाली लेखक अस्ट्रेलिया पुगेका थिए । अस्ट्रेलियाको गृहमन्त्री मेन्जीस ( Menzies) अस्ट्रेलियामा फासीवादविरोधी गतिविधि गर्न नदिने जिद्दी गर्दै थिए । उनको भनाइ थियो-अस्ट्रेलियाली राष्ट्रमण्डलको भूमिमा फासीवादविरोधीलाई पाइला टेक्न दिइने छैन । इगोन किस्चको राहदानी र गुन्टा सीड्नीमै जफत गरियो । जहाज मेलबर्न रमाना भयो ।

मेलबर्न (Melbourne) मा इगोन किस्च जहाजबाट हाम फाले, उनको खुट्टा भाँचियो, हो-हल्लामा उनलाई फेरि जबरजस्ती जहाजमा राखियो । जहाज सीड्नी (Sydney) पुग्यो । त्यहाँ उनलाई खुट्टाको उपचार वा सिमेन्टी हाल्न लगियो । गैर-कानुनी ढङ्गले त्यस देशमा प्रवेश गरेको हुँदा उनी पक्राउ परे, अपिल गरियो र धरौटीमा छोडियो र पछि अदालतमा पठाइयो ।

किस्चले अदालतमा भने, "मेरो अङ्ग्रेजी टुक्राटाक्री छ, मेरो खुट्टा पनि भाँचिएको छ, तर मेरो मुटु भाँचिएको छैन, युरोपको फासीवादविरोधी आन्दोलनले मलाई यही कर्तव्य पूरा गर्न पठाएको हो, अस्ट्रेलियाली जनताको माझमा बोल्दा मैले आफ्नो कर्तव्य पूरा गरेको अनुभव गर्दै छु ।"

उनको भाषण टुङ्गिएपछि सबै अस्ट्रेलियाली जनतासँगै विल्फ्रेड पनि मुठ्ठी उठाउँदै अन्तर्राष्ट्रिय गीत गाउँदै सडकमा उत्रे । अदालतले उनलाई गैर-कानुनी बसोबास गरेकोमा ६ महिनाको कैद सजाय गऱ्यो । उनी झन् आकर्षण र चर्चाको केन्द्र बन्न पुगे । यसकारण, गृहमन्त्रीले उनलाई राहदानी, सामान, १५०० पाउन्ड (£1500) खर्च र टिकट दिएर युरोप फर्काए ।

त्यसबारे बर्चेटले भने, "किस्च तत्काल मेरो नायक बने । उनको मानवीय गुण, उनको शारीरिक र नैतिक साहसले मलाई प्रभाव पार्यो, जीवनको राम्रो उद्देश्यको निम्ति अन्यायसँग लड्न र त्यसलाई उदाङ्ग्याउने उनको कलमको शैलीले म प्रभावित भएँ । अचेत मनले मैले उनलाई प्रगतिशील पत्रकारको आदर्शको रूपमा लिएँ ।"

सन् १९३६ अर्थात् २५ वर्षको उमेरमा उनले पर्यटन सेवा (Travel Agency) मा काम पाई अस्ट्रेलियाबाट बेलायत पुगे । त्यहाँ पछि उनलाई बेलायतमा सोभियत राजदूतावासबाट पर्यटन कार्यालय खोल्न निमन्त्रणा गऱ्यो । कार्यालय खुल्यो तर बेलायत र सोभियतसङ्घबिच एक कूटनैतिक विवाद उठी उक्त कार्यालय बन्द भयो । उनले बेलायतबाटै पत्रकारितालाई अँगाले ।

पर्यटकहरूको यात्राबारे बर्चेटलाई राम्रो अनुभव भएपछि उनले आप्रवासीहरूलाई जर्मनीबाट बेलायत र अमेरिका पठाउने काम गर्न थाले । त्यही सिलसिलामा सन् १९३८ मा जर्मन यहुदी इर्ना हाम्मर (Erna Hammer) सँग भेटघाट भयो र त्यो चिनाजानी विवाहमा



परिणत भयो । त्यसबेला उनी २७ वर्षका थिए । उनी फासीवादको केन्द्र जर्मनीमै पुगे ।

अस्ट्रेलियाको पूर्वी दिशामा प्रशान्त महासागरको दक्षिणतिर न्यु क्यालेडोनिया (New Caledonia) भन्ने एक टापु छ । त्यो टापु फ्रान्सेली उपनिवेश हो । २० हजार वर्ग किलोमिटर भएको उक्त टापुको एक-डेढ लाख जनसङ्ख्या थियो । त्यहाँ एक विद्रोह भड्किएको थियो । बर्चेट अस्ट्रेलियाली भएको हुँदा बेलायतको 'दैनिक वाणी' (Daily Express) पत्रिकाले उनलाई एक स्वतन्त्र पत्रकारको रूपमा परिचय-पत्र दियो । यसरी सन् १९४० बाट उनी पत्रकारिताको पेसामा पूर्ण रूपले लागे । उनले चीन, बर्मा र अमेरिकी युद्ध अभियानहरूका क्षेत्रका समाचारहरू पनि लेखे । त्यसबेला उनी २९ वर्षका जल्दाबल्दा युवा थिए । भारत र बर्मामा पुग्दा सिङ्गापुर जापानको कब्जामा जानुको कारण जानाजानै बेलायतको ढिलासुस्ती हो भनी उनले व्याख्या गरे ।

दोस्रो विश्व युद्धको समय थियो, चीनले जापानी साम्राज्यवादलाई धपाउँदै थियो, पूर्वी रुसबाट पनि जापान पछि हट्दै थियो, फिलिपिन्स, इन्डोनेसिया, मलेसिया र बर्मामा समेत कम्युनिस्टहरू लड्दै थिए । भियतनाम, लाओस र कम्बोडियामा जापान पछि हट्दै थियो । लडाइँ पूर्वमा यथावत् चालू रहेमा पूर्वी एसिया पूरै कम्युनिस्टहरूको प्रभाव क्षेत्र हुने, जापान र अमेरिकाको बिचमा लडाइँ भइरहेमा दुवै देशको अझ धेरै धन-जनको क्षति हुने पश्चिमी देशहरूले अनुमान गरे । यसकारण, तत्काल जापानलाई आत्मसमर्पण गराउन नयाँ हतियारको प्रयोग गर्न पश्चिमी देशहरू लागिपरे ।

जापानलाई आत्मसमर्पण गराउन अमेरिकाले ६ अगस्टको दिन जापानको दुई सहर हिरोसिमा र नागासाकीमा आणविक बम खसाल्यो । लाखौं जनता तत्काल मरे, सहर ध्वस्त भयो, इतिहासमा कहिल्यै नभएको संहार भयो । आणविक बमबाट विकिरण फैलिने कुरा प्रचारमा आइसकेको थिएन । २ सेप्टेम्बर १९४५ को दिन बर्चेट जापानको राजधानी टोकियोको रेलबाटै हिरोसिमा पुगे । उनी नै त्यस विनाशपछि पुगेका पहिला पश्चिमेली व्यक्ति थिए ।

५ सेप्टेम्बर, १९४५ को दिन बेलायती 'दैनिक वाणी' (Daily Express) ले आणविक विकिरणबाट असर हुने 'आणविक प्लेग रोग' (The Atomic Plague) भन्ने शीर्षकमा समाचार छाप्यो । २ सेप्टेम्बरको दिन जापानी सम्राटले अमेरिकी प्रमुख सेनापति जनरल डगल्स माक्यार्थि (General Douglos McCarthy) को सामु औपचारिक आत्मसमर्पण गरेका थिए । बर्चेटको 'आणविक प्लेग' को समाचारले सारा पश्चिमी जनमत अमेरिकी आणविक बमवर्षाको विरोधमा हुने अनुमान शासकहरूले गरे । पश्चिमी देश बेलायत आफै मुसाबाट फैलेको प्लेग रोगको महामारी भोगिसकेको देश थियो । यसकारण, पश्चिमी शासकहरू र बुद्धिजीवीहरूले उनलाई आतङ्क फैलाउने, नराम्रो, नीच र तुच्छ व्यक्ति भनी निन्दा र घृणा गरे । केहीले उनलाई 'वामपन्थी उत्तेजना फैलाउने' वा कम्युनिस्ट कार्यकर्ताको रूपमा लिए । केहीले उनलाई 'स्तालिनको पिछलग्गू', 'विश्वासघाती', 'रुसी गुप्तचर विभाग केजीबी (KGB) को दलाल' आदि आरोप लगाए । तर, बेलायती दार्शनिक र गणितज्ञ बर्ट्रान्ड रसेल (Bertrand Russell) ले उनलाई 'एक समकालीन इतिहासकार र सचेत पत्रकार' भएको बताए ।

विल्फ्रेड बर्चेटको 'आणविक प्लेग' समाचारले उनी झन् चर्चित भए । उनी पछि ग्रीस र बर्लिनमा पठाइए । त्यहाँ उनले ३ वर्ष बेलायती 'दैनिक वाणी' को काम गरे ।

सन् १९४३ मा पूर्वी युरोपमा 'नयाँ समय' (New Times) साप्ताहिक पत्रिका सुरु भएको थियो । रुसी भाषासहित १० भाषामा सो पत्रिका प्रकाशित हुन्थ्यो । अन्य देशहरूमा पनि त्यसका कार्यालयहरू थिए । बर्चेटले त्यस्तै पूर्वी कम्युनिस्ट देशका पत्रिकाहरूमा काम गर्न थाले ।

बर्चेटले हङ्गेरी र बुल्गेरियाको भित्री सङ्घर्ष र रुसी जनताका बारेमा लेखे । स्तालिनको पक्षमा कलम चलाए । पूर्वी युरोपेली कम्युनिस्ट देशहरूको पक्षमा लेखेको हुनाले कतिपयले उनलाई 'अस्ट्रेलियाली कम्युनिस्ट पार्टी' को गुप्त कार्यकर्ता भने ।


DAILY EXPRESS
No. 14,119 Lighting-up: 8.39 pm to 5.20 am WEDNESDAY SEPTEMBER 5 1945 Weather: Dull, cool One Penny
30th DAY in Hiroshima: Those who escaped begin to die, victims of—
THE ATOMIC PLAGUE
'I write this as a warning to the world'
DOCTORS FALL AS THEY WORK
Poison gas fear: All wear masks
Express Staff Reporter PETER BURCHETT
HIROSHIMA, Tuesday.
IN Hiroshima, 30 days after the first atomic bomb destroyed the city and shook the world, people are still dying, mysteriously and horribly—people who were uninjured in the cataclysm—from an unknown something which I can only describe as the atomic plague.
Hiroshima does not look like a bombed city. It looks as if a monster steamroller had passed over it and squashed it out of existence. I write these facts as dispassionately as I can in the
3,320,173 AMAZES
THE PICTURE THAT DOES NOT TELL THE WHOLE STORY
The big switch: 'Over by spring'
UNDER present demobilisation plans it is expected that industry's switch from war to peace conditions will not be
4.30 a.m. LATEST
PRISONERS RUN JAP CITIES

सन् १९४८-४९ मा विल्फ्रेड बर्चेटको विरोधमा अनेक लाञ्छनाहरू पनि लगाइए । उनले चीन र कोरियाका युद्धबन्दीहरूको शिविरमा अमेरिकी बन्दीहरूको मन फर्काउन खोजेको र बेलायतको निम्ति जासुसी गरेको आरोप खेपे । त्यस आरोप र लाञ्छनाको विरोधमा उनले 'विद्रोही पत्रकारका संस्मरणहरू' ( Memoirs of a Rebel Journalist) लेखे । उनलाई 'कम्युनिस्ट प्रचारक' र 'कम्युनिस्ट एजेन्ट' भन्ने आरोप पनि पश्चिमेलीहरूले लगाए ।

बर्चेटले बुल्गेरियामा काम गर्दा त्यहाँका नागरिक भेसीलिना ओस्सिकोभस्का (Vesselina Ossikovska) सँग विवाह गरे । त्यसैकारण, उनको बुल्गेरियाको अनुमति पत्र खारेज भयो र त्यसपछि लोग्ने स्वास्नी दुवै पेइचिङ र कोरिया पुगेका थिए ।

उनी कहिल्यै नथाक्ने अन्तर्राष्ट्रिय पत्रकारिताको एक शक्ति थिए । सामयिकता, राजनैतिक चतुऱ्याइँ, सान्दर्भिक अवलोकन, प्रस्ट दृष्टिकोण र सरल शैलीले उनको समाचारको सधैं माग रहन्थ्यो । वामपन्थीहरूलाई स्थितिको जानकारी लिन आतुर रहँदा विल्फ्रेड बर्चेटले बारम्बार सत्य समाचार पठाउँथे, किनभने उनी स्वयं एक 'विद्रोही पत्रकार' थिए ।

फ्रान्सको एउटा प्रसिद्ध समाचार पत्र 'एल ह्युमानित' (L'Humanite) को विदेश संवाददाता बनी बर्चेट सन् १९५१ मा चीन पुगे । ३ महिनापछि उनले 'चीनको मुक्ति' (China's Feet Unbound) शीर्षकमा चीनको समर्थनमा लेखहरू लेखे ।

जुलाई १९५१ मा बर्चेट उत्तर कोरिया पुगे । त्यहाँ उनी अस्थायी युद्धविराम रेखा पानमुनजोनको शान्ति वार्ताको समाचार सङ्कलन गर्नका निम्ति पुगे । उनीसँग चिनियाँ प्रेसको परिचय पत्र पनि थियो ।

उनले नै कोरियामा संयुक्त राष्ट्र सङ्घको नाममा अमेरिकी साम्राज्यवादले गरेका अत्याचारहरू उदाङ्ग्याए । उनले नै कोरियामा 'किटाणु युद्ध' चलाएको आरोप लगाए । त्यसबेला सान्है थोरै पश्चिमी पत्रकारहरू चिनियाँ जनता र कोरियाली जनताको पक्षमा थिए । सन् १९५६ मा उनी मस्कोमा 'राष्ट्रिय संरक्षक' (National Guardian) का संवाददाता भए ।

बर्चेट सन् १९५६ तिर भियतनाम, लाओस र कम्बोडिया पुगे । अमेरिकीहरू उनी ती देशहरूमा गएको मन पराउँदैनथे । हवाइजहाजमा अमेरिकीहरूले उनको राहदानी नै चोर्न लगाए । तैपनि, उनले भियतनाम, लाओस र कम्बोडियाका महत्त्वपूर्ण नेताहरू, राजा र राजकुमारहरूसँग भेटे । तीनवटै देशका विवरणहरू उनले ३२४ पृष्ठको 'मेकोङको जागरण' मा उल्लेख गरे । त्यसबेला उनी ४६ वर्षका अनुभवी पत्रकार बने ।

सन् १९६४ मा उनी ५३ वर्षका प्रौढ थिए । उनले दक्षिण भियतनामको जङ्गल-जङ्गलमा साइकल लिएर मुक्त इलाकाहरू गई त्यहाँका जनताबारे समाचारहरू लेखे । 'दक्षिण भियतनामको मुक्त इलाकाहरूमा मेरो यात्रा' सन् १९६६ मा तेस्रो संस्करण प्रकाशित भयो । हो चि मिन्हका कार्यकर्ताहरूले कसरी पाषाण युगमा रहेका जात-जातिहरूमा समेत गई फ्रान्सेलीहरूको विरोधमा सङ्गठित गरेका थिए भन्ने खालका वर्णनहरू उनका रिपोर्टहरूमा उल्लेख थियो र पछि उनले अमेरिकी आक्रमणको विरोधमा कसरी लडे भन्ने विवरणहरू प्रस्तुत गरे ।

सन् १९७१ को समय थियो । भियतनाम युद्धले सारा संसारको ध्यान आकर्षित गर्दै थियो । अमेरिकी साम्राज्यवादले विषालु ग्यास, रासायनिक वस्तु र आगोसमेत लगाएर वन-जङ्गल, गाउँ-सहर, खेत-खलियानसमेत खरानी पार्दै थियो र नापाम बम (Napalm bomb) ले भियतनामी जनता अत्यन्त पीडित थिए । त्यस्तो बेलामा पनि भियतनामी भूमिमा उनले सयौं माइल पैदल यात्रा गरी समाचारहरू लेखे, टिप्पणी गरे तथा पुस्तकहरू लेखे, त्यसबेला उनी ६० वर्षका थिए ।

अमेरिकी साम्राज्यवादले भियतनामलाई सजिलै पराजित गर्ने दुःस्वप्न देखेको थियो । अमेरिकाले भियतनामी गुरिल्लाहरू कम्बोडियामा लुकीलुकी काम गर्छन् र हात हतियार र रसदपानी पुऱ्याउने काम कम्बोडियाबाट हुन्छ भन्ने भ्रम पाल्यो । त्यसकारण, पहिले कम्युनिस्टसँग मिल्ने कम्बोडियाको राजा सिंहानोकलाई अपदस्थ गरी भियतनामीहरूको आपूर्ति बन्द गराउने योजना बनाई कम्बोडियाको राजधानी न्होमपेनमा १८ मार्च १९७० मा दरबारी विद्रोह गरायो ।

सिंहानोक पेरिसमा उपचारको निम्ति पुगेका थिए । अमेरिकी केन्द्रीय गुप्तचर विभागकै निर्देशनमा लोन नोल, श्री माताक र तिनीहरूका पिछलग्गूहरूले सन् १९७० को १८ मार्चको दिन विद्रोहको घोषणा गरे । सन् १९५५ मा कम्बोडियाली सेनाको प्रमुख र सन् १९५९ को सरकारको प्रधानमन्त्री बनेका लोन नोलले आफूलाई गणतन्त्र कम्बोडियाको राष्ट्रपति घोषणा गरे ।

सन् १९६४-६६ को रक्षामन्त्री र विदेशमन्त्री, चीन र अन्य देशहरूमा सन् १९६२ देखि १९६९ सम्म राजदूत बनेका श्री माताक सन् १९७० को मार्चको विद्रोहबाट प्रधानमन्त्री बने । सिंहानोकलाई राजा पदबाट अपदस्थ गरी ज्यान सजायको घोषणा गऱ्यो ।

त्यस्तो गञ्जागोलको स्थितिमा बर्चेट सिंहानोकको 'सीआईएसँग मेरो लडाइँ' को अनुवाद गर्न पेइचिङ र साङ्घाई गए ।

अमेरिकी साम्राज्यवादी आक्रमण र हस्तक्षेपलाई पराजित गरेपछि कम्बोडियामा पुनः आन्तरिक झगडा चर्कियो । भियतनामी समर्थक कम्युनिस्ट, पोलपोट समर्थक कम्युनिस्ट र राजा सिंहानोक समर्थकहरूको त्रिकोणात्मक सङ्घर्ष चर्थ्यो । सन् १९७५-७६ को त्यस अवधिमा बर्चेटले पोलपोटको सरकारको पक्षमा लेखे ।

**बर्चेटका केही कृतिहरू**

१. Pacific Treasure Island
२. Bombs Over Burma
३. Wingatis Phantom Army
४. Democracy with a Tommy gun
५. Cold war In Germany
६. People's Democracy
७. The Changing Tide - (Play in five act)
८. China's Feet Unbound
९. This Monstrone war
१०. Koje Unscreened (with Alan Winnington)
११. Plain Perfidy
१२. North of the 17th Parralled
१३. The Fusitive War
१४. Passport an Autobiography (सन् १९६७ मा अस्ट्रेलियामा प्रकाशित)
१५. At the Barricades (सन् १९८१ मा प्रकाशित)

यसरी बर्चेटले आफ्नो जीवनकालमा ४० भन्दा बढी पुस्तकहरू लेखेका थिए ।

२७ सेप्टेम्बर सन् १९८३ मा बुल्गेरियाको राजधानी सोफियामा क्यान्सर रोगले ७२ वर्षको उमेरमा उनी बिते । उनी एक अन्तराष्ट्रवादी र साम्राज्यवादविरोधी पत्रकार थिए ।

***स्रोत: 'चार अन्तर्राष्ट्रवादी पत्रिकार'***

# पैसा नहुनेलाई शिक्षा र स्वास्थ्य उपचार हुने दाबी झूट साबित

रास्वपाले निर्वाचनको बेला पैसा नहुनेलाई शिक्षा र स्वास्थ्य उपचारको बन्दोबस्त गर्ने दाबी गरेको थियो । रास्वपाको सरकार बनेको दुई सय दिन पुग्यो । तर, रास्वपा सरकारले आफ्नो बाचा पूरा गरेन । राजविराजकी ३० वर्षीया बबिताकुमारी पासवानलाई ३२ सय रूपैयाँ नहुँदा गजेन्द्रनारायण सिंह अस्पतालको बाहिर सडकमा बच्चा जन्माउन बाध्य पारियो । यतिबेला बिरामीले खर्च तिर्न नसके स्वास्थ्य संस्थाले सेवा अस्वीकार गर्न मिल्छ कि मिल्दैन भन्ने प्रश्न रास्वपा सरकारतर्फ तेर्सिएको छ ।

जेनजी प्रदर्शनपछि सुशीला कार्की नेतृत्वको सरकारमा स्वास्थ्यमन्त्री भएकी डा. सुधा शर्माले भनिन्, "यो क्रूर, अमानवीय र आपराधिक काम हो ।" त्यसो भए आफू सरकारमा मन्त्री हुँदा डा. शर्माले यस्तो घटनालाई सम्बोधन हुने गरी कानुनी व्यवस्था के कस्तो गरिन् त ? निःशुल्क आमा सुरक्षाभित्र के कस्तो बिरामीको सेवा हुने हो र नगर्नेलाई के कस्तो कारबाही हुने हो सरकारमा बसेकाहरूले स्पष्ट पार्नु जरूरी छैन र ? पुँजीवादी सरकार जुनसुकै पार्टीको गठन भए पनि हुने यस्तै हो । हिजो नेका, एमाले, तत्कालीन माओवादी र रास्वपाको नेतृत्वको सरकारमा पनि यस्तै भएको किन होइन ?

बबिता सुत्केरी छानबिन गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले उपचारात्मक महाशाखाका प्रमुख डा. किरणजंग रायमाझीको नेतृत्वमा, जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा. सतिशकुमार यादवको नेतृत्वमा र मधेस प्रदेश सरकारले सामाजिक न्याय समिति सदस्य किरणकुमारी साहको नेतृत्वमा छुट्टाछुट्टै छानबिन समिति गठन गरे । अस्पताल प्रशासनले घटनाका दिन प्रसूति गृहमा सेवारत छ जनालाई निलम्बन पनि गरेको सार्वजनिक भयो । रास्वपासमेत अघिल्ला सरकारहरूले कतिपय घटनाबारे छानबिन समिति गठन गरे तर कसैलाई कारबाही भएको पत्तो भएन ।

नेपाली उपभोक्तालाई खाना पकाउने ग्यास आपूर्ति गर्न नसकेकी रास्वपा सरकारका मन्त्री गौरीकुमारी यादवले भदौ २५ गते बुधबार राजीनामा दिइन् । गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या भएपछि तत्कालीन गृहमन्त्री रमेश लेखकले राजीनामा दिएका थिए भने त्यसको भोलिपल्ट देशभरि नै आगजनी भएपछि एमालेका प्रधानमन्त्री केपी ओलीले पनि राजीनामा दिए । तीन तीन ओटा छानबिन समिति गठन गर्नुपर्ने अवस्थामा पुगेको बबिताको सुत्केरी काण्डमा के स्वास्थ्यमन्त्री मेहताको राजीनामा जरूरी छैन र ?

निर्दलीय पञ्चायती व्यवस्थाविरूद्धको २०४६ सालको जनआन्दोलनमा दोस्रो विश्व युद्धमा प्रतिबन्धित गोली बर्साइएपछि बहुदलीय व्यवस्था पुनःस्थापना भयो । प्रतिगमनविरोधी जनआन्दोलन २०६२।६३ मा दमन भएपछि तत्कालीन राजा ज्ञानेन्द्रलाई प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्ने अवस्था भयो । भोटेकोसी हिमपहिरोबारे सूचना पुगिसकेपछि पनि तटीय क्षेत्र जोगाउन नसक्ने रास्वपा सरकार के सिंहदरबारमा टाँसिरहन मिल्छ ? सुनसरी र सिराहामा दुई महिनाअगाडि भएको घटनामा ४ जनाको ज्यान गएको तर सम्बन्धितको पक्षमा राजीनामा किन आएन ?

रास्वपा सरकारले हिमपहिरो पीडित जनताको खोज, उद्धार, राहत र पुनःस्थापनामा ढिलो गरेको गुनासोबारे जिम्मेवारी लिनुपर्दैन र ? हिमपहिरोको सूचना समयमा प्रभावकारी रूपमा प्रवाह नहुँदा हालसम्म मृतकको सङ्ख्या १,३८५ पुगेको र बेपत्ता ५१३० पुगेको होइन र ? के बबिताको सुत्केरी काण्डमा रास्वपा सरकारले साना स्वास्थ्यकर्मी, चौकीदार र सफाइ मजदुरलाई निलम्बन गरेर आफू साखुल्ले बन्न मिल्छ र ? साना कर्मचारीले सरकारकै निर्देशन र निर्णयअनुसार काम गर्ने होइन र ?

## कविता

### प्रश्नहरूको जुलुस !

✍ एस. आर

आज बिहान सबेरै प्रश्नहरूको जुलुस देखें !
सहिदहरूको अनुहार बिगार्यो कसले ?
सहिदहरू त लजाए शासक लजाए कि लजाएनन् ?
महाराजले 'सुशासन आउनेछ' भनेकै बखत
सहिदका अनुहार कुरूप बनायो कसले ?
महाराजले वर्षदिनमा पहिलो पटक 'सहिदलाई श्रद्धाञ्जली' अर्पण गरेकै क्षण
कसले सहिदका शालिकमाथि यति ठुलो अपमान गर्‍यो ?
अनावरण नै गर्न नपाई शालिकहरू मिल्काउनुपर्ने दिन कसरी आयो ?
तिम्रो शासनमा शालिकमा समेत कमिशन, भ्रष्टाचारको दुर्गन्ध कसरी आयो ?
यस्तै हो भने,
भोलि तिम्रो शालिक बन्ला कि नबन्ला ?
बनिहाल्यो भनेनि सद्दे बन्ला कि नबन्ला ?
'नायक' भन्दा बढी 'खलनायक' देखिए के गर्ने ?
तिम्रो शालिक बनिहाल्यो भने कमिशन गन्हाए के गर्ने ?
अनि, तिम्रो शालिक स्वीकृत होला कि नहोला ?
तिम्रो शालिक पनि तोडफोड नहोला ग्यारेण्टि कसले दिने ?
आज,
प्रश्नहरूको जुलुस उर्लिरहेको छ ।

### तिमी कसरी नेपाली भयौ त ?

✍ प्रीति

निर्वाचनमा तिमीले भन्यौ,
'पैसा नहुनेले
स्वास्थ्य र शिक्षा पाउनुपर्‍यो
यही हो हाम्रो एजेन्डा'
६ महिना भयो
तिम्रो सरकार बनेको
तर,
सुत्केरी व्यथा लागेका
बबिताहरू
अस्पतालमा सुत्केरी हुन
किन पाएनन् ?
तिमी कसरी नेपाली भयौ त ?
कसैको सत्ता परियोजनाका
गोटी भएनन् र ?
कि 'सीआईए' को एजेन्ट भयौ ?
विश्लेषकहरू यस्तै यस्तै भन्छन् नि !
'सेनाले साथ नदिए
देश जलाउनेहरू सरकारमा पुग्छन् ?
जेलमा हुन्छन्'
(२०८३ भदौ २८)

# मन्त्रीको राजीनामाले रास्वपाको असफलता छोपिँदैन

रास्वपा सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले भदौ २५ गते बिहीबार पदबाट राजीनामा दिएको सार्वजनिक भयो । यसअघि मन्त्री यादवले भदौ २४ गते बुधबार प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिको बैठकमा प्रश्नसहित भनेकी थिइन्, "उद्योगीहरूलाई पाता नफर्काएसम्म ग्यास सहज हुँदैन । यो मेरो अन्तिम विश्लेषण हो । हाम्रो देश ( नेपाल) मा ५८ ओटा ग्यास उद्योग चाहिएको होइन । ठुलठुलो देशमा ३ ओटाभन्दा बढी छैन भने यहाँ ग्यास उद्योग किन ५८ ओटा छ ?"

मन्त्री यादवको थप भनाइ थियो, "करोडौं लिएर उद्योगीहरूलाई ग्यास उद्योग अनुमति दिइएको हो । विगतमा ती उद्योगीहरूले बुझाएको करोडौं त उठाउनुपर्‍यो नि ! उनीहरूले अहिले उठाइरहेका छन् ।" मन्त्री यादवले कर्मचारीतन्त्र र उद्योगीहरूले आफ्नो स्वार्थअनुकूल काम गरेका कारण ग्यास अभाव भएको आरोप लगाइन् भने मन्त्रालयका कर्मचारीहरू उद्योगीको मिलेमतोमा चलेको र आफूलाई काम गर्न नदिइएको गुनासो गरिन् । उपभोक्ताको हितमा ऐन नियम संशोधन गर्न कर्मचारी नमानेको र सिधै अस्वीकार गरिएको मन्त्री यादवले समिति बैठकमा बताइन् ।

रास्वपाको सरकार 'नयाँ सीसीमा पुरानै रक्सी' भएको सुरुदेखि नै जनताबिच चर्चा थियो । यतिखेर थप पुष्टि भयो । सरकारले भदौ १९ गते प्रतिसिलिन्डर रु. १०५.३८ ढुवानी भनी मूल्य बढाएर रु. २१६५।- पुर्‍याएको थियो । तर, ग्यास सुलभ नहुँदा कतिपय ठाउँमा उपभोक्ताले तोकिएको मूल्यभन्दा सयौं रूपैयाँ बढी तिरेर किन्नुपर्ने अवस्था छ । नेपाल आयल निगमको सञ्चालक समिति अध्यक्षमा उद्योग-वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नै हुने व्यवस्था छ । सचिव सक्षम नभएको भए सञ्चालक समितिको अध्यक्षमा मन्त्री नै भएर ग्यास आपूर्ति सहज बनाइनुपर्दथ्यो । तर, मन्त्री यादवले ग्यास आपूर्ति सहज बनाउन नसक्दा पदबाट राजीनामा दिइन् ।

सञ्चारमाध्यममा प्रकाशित भयो, "ग्यासका लागि उपभोक्ताका खाली सिलिन्डर लामो लाइनमा छन् । त्यसको फाइदा उठाएर व्यापारीले कालोबजारी सुरु गरेका हुन् ।" रास्वपा सरकार सुशासन कायम गर्ने दाबीसहित आएको हो । तर, झन्डै दुईतिहाइको सामर्थ्य हुँदासमेत रास्वपा सरकारले खाना पकाउने ग्यास र रासायनिक मलको बन्दोबस्त सहज बनाउन सकेन भने देशभित्र रोजगारी त अब कसरी आशा गर्ने ?

रास्वपा सरकारले कालाबजारियालाई नियन्त्रण गर्न नसक्नुको कारण सरकार गठनका हस्तीहरूको बिचौलियासँग साँठगाँठ नै हुनुपर्दछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले केही दिनअघि प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको बैठकमा रास्वपा सरकारको कार्यकालमा पनि बिचौलिया यथावत रहेको भाष्य राखेको थियो । के अब राईविरूद्ध रास्वपाले महाभियोग दर्ता गर्ने हो ? रास्वपाका सांसद हरिमोहन भण्डारीले पनि नैतिकताको आधारमा उद्योग समितिको सदस्यबाट राजीनामा दिने घोषणा गरे । यसबारे आलोचकहरूले सांसदबाटै राजीनामा दिनुमात्र नैतिक हुने बताए । उद्योग समितिको बैठकमा रास्वपाकै एक सांसदले मन्त्री यादवलाई नसक्ने भए राजीनामा दिनुपर्ने उल्लेख गर्दै आफूले जिम्मेवारी पूरा गर्ने बताएका थिए ।

मन्त्री यादवको राजीनामा पछि रास्वपाले सुनसरी ४ बाट निर्वाचित दीपककुमार साहलाई उद्योगमन्त्री बनायो तर रास्वपाले मन्त्री परिवर्तन गरेर जनताको आक्रोशलाई थामथुम पार्ने काम गर्नु उचित होइन । रास्वपाले निर्वाचनको बेला कुन कुन उद्योगी-व्यापारीसँग मोटो रकम चन्दा लिएर झन्डै दुईतिहाइमा पुगेको हो । यसबारे जनतालाई खुलस्त बताउनु जरुरी छ । हिजो सरकार पक्षलाई मत दिएका जनतालाई रातारात रास्वपामा कसरी तानियो, अब बिस्तारै खुल्दै आउने होला ! रास्वपाका नेताहरूले चुनावको बेला पैसा नहुनेले उपचार र शिक्षा पाउने वाचा गरेका थिए । आज रास्वपाको सरकारमा पैसा नभएको कारण एक गर्भवती महिला सप्तरीको सरकारी अस्पतालबाट निकालिएपछि सडकमै सुत्केरी भइन् ! कस्तो दुःखद !

# ब्रिक्स घोषणामा प्यालिस्टिनमा भएको जातीय नरसंहारको विरोध

ब्रिक्सको १८ औं शिखर सम्मेलन भारतको राजधानी नयाँ दिल्लीमा भदौ २७ र २८ गते सम्पन्न भयो । सन् २००६ मा संरा अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्र सङ्घीय महासभाको सिलसिलामा ब्राजिल, रुस, भारत र चीन सदस्य रहेको ब्रिक्स स्थापना भएको हो । सन् २०१० मा दक्षिण अफ्रिका थपिएपछि ब्रिक्स भनिएको हो । ब्रिक्सको पहिलो शिखर सम्मेलन तीन वर्षपछि सन् २००९ मा रुसमा भएको थियो । हालसम्म ब्रिक्समा ११ पूर्ण सदस्य- ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका, इरान, यूएई, साउदी अरब, इजिप्ट, इथियोपिया, इन्डोनेसिया छन् भने १० साझेदार देशमा बेलारुस, बोलिभिया, क्युबा, कजाखस्तान, मलेसिया, नाइजेरिया, थाइल्यान्ड, युगान्डा, उज्बेकिस्तान, भियतनाम छन् । ब्रिक्सका २१ देशको ३७ अरब अर्थात् संसारको ६० प्रतिशत जनसङ्ख्या र संसारको कुल अर्थतन्त्रको ४० प्रतिशत हिस्सा रहेको सार्वजनिक भयो ।

सार्वजनिक भएअनुसार यसपालिको ब्रिक्स सम्मेलनको पहिलो दिन भारतका प्रधानमन्त्री मोदीले अरूले थोपरेको नियम मानेर बस्न नसक्ने, आफैले नियम बनाउनुपर्ने, ब्रिक्सको एकतालाई ठोस परिणाममा पुर्‍याउन आगामी २० वर्षको लागि महत्त्वपूर्ण कार्यसूची बनाउनुपर्ने र विश्व शासन प्रणालीमा सुधार गर्नुपर्नेमा जोड दिए । रुसका राष्ट्रपति पुटिनले पश्चिमा निर्णयबाट मुक्त भएर विश्वको आर्थिक वृद्धि गर्न यो डबलीलाई उपयोग गर्नुपर्ने र ब्रिक्स कुनै पनि देशविरूद्ध लक्षित नरहेको तथा सदस्य देशहरूको साझा हितको पक्षमा रहेको स्पष्ट पारे । चीनका राष्ट्रपति सी चिनफिङको मत थियो, पश्चिम एसियामा (इरान, प्यालेस्टिन, इजरायल) मा चलिरहेको युद्ध कसैको हितमा छैन ।

इरानका राष्ट्रपति मसुद पेजेस्कियानले ब्रिक्समा सम्बोधन गर्दै अमेरिकी डलरबिना सदस्य देशबिच कारोबार गर्नुपर्नेमा जोड दिए । अमेरिकी र पश्चिमा राष्ट्रहरूले रुस र इरानविरूद्ध आर्थिक प्रतिबन्ध तथा चीनविरुद्ध भन्सार कर वृद्धिजस्ता व्यापार युद्ध थोपर्दै आएको छ । केही पर्यवेक्षकहरूले तत्काललाई संसारमा अमेरिकी डलरको साम्राज्य चालू नै रहने, चीन र भारतले डलर कारोबार अहिले नै त्याग्न नसक्ने दाबी गरेका छन् । यतिबेला अमेरिकी सरकारको मुख्य काम डलर छाप्दै संसारमा चलाउन लगाउने सुन कब्जा गर्ने भइरहेको छ ।

केही विश्लेषकहरूले ब्रिक्सलाई चीन र रुसले आ-आफ्ना प्रभाव विस्तार गर्न डबली बनाएको बताए । तर यो झूटो हो । चीनले कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र कुनै पनि देशमा सेना र हतियार तैनाथ नगर्ने स्पष्ट अडान राख्दै आएको छ । अमेरिकी सरकारले युक्रेनलाई हतियार पठाएर रुसविरुद्ध जबरजस्ती युद्धमा पठाएको घामजतिकै स्पष्ट विषय हो ।

ब्रिक्स शिखर सम्मेलनको पहिलो दिन नै सदस्य देशका नेताहरूले वृक्षरोपण गरी १४० बुँदाको घोषणापत्र पारित गरे । प्रदूषणको कारण पृथ्वीको तापक्रम बढ्दै आएको हुँदा भदौ १० गते नेपालको रसुवाको भोटेकोसीमा हिमपहिरो आयो र निकै जनधनको क्षति भयो । घोषणापत्रमा संयुक्त राष्ट्रसङ्घको पुनःसंरचना, जलवायु परिवर्तन, साझा मुद्रा, अन्तर्राष्ट्रिय द्वन्द्वदेखि बहुध्रुवीयता, वैश्विक सुशासनलगायत विषय उल्लेख छ । संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूको अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्ने, परिषद्को सदस्यतामा विकासोन्मुख देशहरूको प्रतिनिधित्व हुनुपर्ने, ८० वर्षभन्दा लामो इतिहासमा नभएको महिला महासचिव चयन हुनुपर्ने पनि ब्रिक्स घोषणामा उल्लेख छ ।

विश्व व्यापार सङ्गठनको घोषणाविपरीतका एकपक्षीय भन्सार शुल्क, संरक्षणवाद, नाकाबन्दीप्रति चिन्ता व्यक्त गर्दै ब्रिक्स घोषणामा इजरायलले प्यालेस्टिनविरूद्धको जातीय नरसंहार गरेको विरोध गरियो र संयुक्त राष्ट्रसङ्घमा प्यालेस्टिनलाई पूर्ण सदस्यता दिनुपर्ने, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताअनुसार प्रदूषण फाल्ने देशहरूले पीडित देशलाई सहयोग दिनुपर्ने, आतङ्ककारी गतिविधिको विरोध, अन्तरिक्षको शान्तिपूर्ण प्रयोगसम्बन्धी विषय पनि उल्लेख छ । यो घोषणाअनुसार काम भए विश्व शान्तिमा थप मद्दत पुग्नेछ ।

बैठकको पहिलो दिन 'विश्वव्यापी समावेशी, सुशासन र बहुध्रुवीयताको सुदृढीकरण' विषयमा छलफल गरियो भने दोस्रो दिन १० साझेदार देशका प्रतिनिधिहरूसहित 'उत्थानशीलता नवप्रवर्तन, सहकार्य र दिगोपना : समावेशी विश्वव्यापी वृद्धिका लागि भविष्यको स्वरूप' विषयमा छलफल गरियो । ब्रिक्सको संयन्त्र र सहकार्यको आधार समावेशी र खुलापना तथा जीत जीत सहकार्य भएको हुँदा यसको भविष्य उज्ज्वल छ ।

# ग्यासको अभाव कायमै, मूल्यवृद्धि र कालोबजारी

रास्वपा सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले खाना पकाउने ग्यास अभाव हुनुमा ग्यास उद्योग र मन्त्रालयका कर्मचारीहरूको मिलेमतो भएको भदौ २४ गते बोलेपछि रास्वपाले मन्त्री यादवलाई भदौ २५ गते राजीनामा गरायो र सोही दिन साँझ दीपकुमार साहलाई नयाँ मन्त्री नियुक्ति गर्‍यो । के अब खाना पकाउने ग्यास उपभोक्ताको खाली ग्यास सिलिन्डर लाइन अन्त्य होला ?

रास्वपा सरकारका बलियो नेताको संलग्नताबिना मन्त्रालयका कर्मचारी र ग्यास उद्योगको मिलेमतो र ग्यासको अभाव एवम् कालोबजारी हुन नसक्ने भुक्तभोगीहरू बताउँछन् । नेपाल आयल निगमको कर्मचारी नियुक्तिदेखि भ्रष्टाचार भइरहेको पनि भुक्तभोगीहरू बताउँछन् । यसकारण, ग्यासको अभाव अस्थायी समाधान मात्र हुने, अन्ततः मूल्यवृद्धि र कालोबजारी नरोकिने बताउनेहरू पनि प्रशस्त भेटिन्छ ।

यतिबेला ग्यास सिलिन्डर अभाव हुनुमा अघिल्ला सरकारहरू पनि दोषी छन् । पञ्चायती सरकारको विरोध गरी ३५ वर्ष यता सरकारमा आएका नेका, एमाले, तत्कालीन माओवादी यतिबेला नेपालको नदीनालाबाट बिजुली उत्पादनलाई प्राथमिकता दिएको भए महँगोमा भारतबाट ग्यास किन्नुपर्ने थिएन । शासक पार्टीका नेताहरू आफ्नो नदी नालाबाट बिजुली निकाल्न भारतीय विस्तारवादसँग डराए । यसको ज्वलन्त उदाहरण एमसीसी सम्झौता हो । यो सम्झौतामा नेपालको बिजुली भारत लैजान नेपालको बुटवलदेखि भारतको गोरखपुरसम्म विद्युत् प्रशारण लाइन निर्माण गर्ने उल्लेख गरियो । अर्थात्, संरा अमेरिकी साम्राज्यवादले भारतीय विस्तारवादको स्वार्थमा नेपाललाई एमसीसी सम्झौतामा हस्ताक्षर गरायो ।

भदौ १० गते नेपालको लाङटाङ हिमालको उत्तरपट्टिको हिमपहिरो चीनसँगको सीमा नदी लेन्डेखोलामा खस्यो र सो खोला थुनियो । थुनिएको खोला एक्कासि खुल्दा रसुवाको भोटेकोसी नदीमा भेलबाढी आयो । यसले चीनको केरूङस्थित भन्सार कार्यालयलगायत नेपालको रसुवा, नुवाकोट, धादिङका ७ हजार ७० ओटा स्थानीय बासिन्दाको घर, ६९ किलोमिटर सडक, ३३ ओटा मोटर चल्ने पुल, ५३ ओटा झोलुङ्गे पुल, ४८ ओटा सार्वजनिक भवन, १८ ओटा विद्यालय, ७ ओटा स्वास्थ्य चौकी, ३० ओटा सांस्कृतिक सम्पदा स्थल, १३ ओटा जलविद्युत् आयोजना, १ हजार ८०६ हेक्टर कृषि बाली, १७ ओटा बैङ्कका शाखा, ४८०० व्यापारिक प्रतिष्ठानसमेतको पुनः निर्माण र क्षतिपूर्तिको लागि कुल ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख आवश्यक पर्ने प्रारम्भिक आकलन सार्वजनिक भयो । आगामी ६ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणको लागि ८ अर्ब ७३ करोड ५० लाख आवश्यक हुने सार्वजनिक भयो ।

रास्वपा सरकारले चालू आवको लागि तयार गरेको बजेटमा ५ खर्ब बढी घाटा छ । कर्मचारी प्रशासनको लागि ३ खर्ब बढी ऋण लिनुपर्ने रास्वपा सरकारले हिमपहिरो पीडितको लागि ७ खर्बभन्दा बढी

बाँकी पृष्ठ १२ मा

**नेपालमा महिला...**

महिलाको भूमिकालाई संस्थागत गरेको बताउनुभयो ।

नयाँ पुस्तामा इतिहास, भूगोल र संस्कारसम्बन्धी ज्ञानमा कमी हुँदै जाँदा सामाजिक विचलनका समस्या देखिन थालेको टिप्पणी गर्दै उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम लागू गरी स्थानीय इतिहास, संस्कृति तथा मौलिक पहिचानबारे विद्यार्थीलाई शिक्षित गराउने प्रयास गरिरहेको जानकारी दिनुभयो ।

नेपालभाषा केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका प्रा. डा. राजनलाल जोशीले महिला अधिकारको बहसलाई आधुनिक कानुन र संवैधानिक व्यवस्थामा मात्र सीमित नगरी नेपाली समाजको सांस्कृतिक तथा शैक्षिक संरचनासँग जोडेर हेर्नुपर्ने धारणा राख्नुभयो । उहाँले महिला शब्दको वास्तविक सामाजिक तथा सांस्कृतिक अर्थ बुझ्न नसक्दा महिला अधिकारसम्बन्धी बहस वर्षमा एकपटक मनाइने दिवस वा औपचारिक कार्यक्रममै सीमित हुने गरेको बताउनुभयो ।

प्रा. डा. जोशीले नेपाली सांस्कृतिक तथा शास्त्रीय परम्पराभित्र महिलाको सम्मान र महत्त्वलाई स्थापित गर्ने विभिन्न अवधारणा रहेको उल्लेख गर्दै ती पक्षलाई आधुनिक शिक्षा र सामाजिक व्यवहारसँग जोड्नुपर्नेमा जोड दिनुभयो । उहाँका अनुसार नेपाली समाजमा महिलालाई देवीका विभिन्न स्वरूपसँग जोडेर सम्मान गर्ने सांस्कृतिक मान्यता रहे पनि व्यवहारमा भने महिलामाथि विभेद कायम रहनु विरोधाभासपूर्ण अवस्था हो । संस्कृति र व्यवहारबिचको दूरी अन्त्य गर्न आवश्यक रहेको उहाँले




बताउनुभयो ।

अधिवक्ता रोजिना श्रेष्ठले कानुनी प्रावधान र त्यसको व्यावहारिक कार्यान्वयनबिच रहेको ठुलो दूरीलाई विभिन्न उदाहरणमार्फत उजागर गर्दै मिलापत्रका माध्यमबाट सम्बन्धविच्छेद गर्दा एक महिलाले आफ्नो अधिकार तथा सम्पत्तिसम्बन्धी हक गुमाइसकेको कुरा थाहा नपाएको अवस्था रहेको बताउनुभयो ।

विवाहको कानुनी उमेर २० वर्षबाट घटाएर १८ वर्ष बनाउने विषयमा भइरहेको बहसतर्फ सङ्केत गर्दै उहाँले कर्णाली क्षेत्रका बालबालिकाहरूले यस्तो परिवर्तनबाट आफ्नो शिक्षा तथा अधिकार प्रभावित हुन सक्ने चिन्ता व्यक्त गरेको प्रसङ्ग सुनाउनुभयो ।

कार्यक्रममा सहभागी विद्यार्थीहरू सुजाता राजचलर सेजल बस्नेतले महिला अधिकार, कानुनी सुधार, सामाजिक संरचना तथा लैङ्गिक समानतासम्बन्धी प्रश्न उठाउनुभएको थियो । विद्यार्थीका प्रश्नको जवाफ दिँदै वक्ताहरूले कानुन संशोधन गरेर मात्र महिला हिंसा र विभेद अन्त्य गर्न नसकिने धारणा राख्नुभयो । विद्यालय तहदेखि नै लैङ्गिक संवेदनशीलता (Gender Sensitivity) र सहमति (Consent) को अवधारणाबारे शिक्षा दिनुपर्नेमा उहाँहरूले जोड दिनुभयो ।

कलेजकी प्राचार्य अनिता जधारीले तीज केवल सांस्कृतिक पर्व नभई महिलाका अनुभव, भावना र सामाजिक अवस्थासँग गहिरो रूपमा जोडिएको अवसर भएको बताउनुभयो ।

प्राचार्य जधारीले महिलाहरू सामाजिक, आर्थिक, राजनीतिक तथा पारिवारिक रूपमा बहुआयामिक शोषणमा पर्ने गरेको र महिलाको समग्र उत्थानबिना समाजको वास्तविक प्रगति सम्भव नहुने धारणा व्यक्त गर्नुभयो । बुर्का प्रथा, रजस्वला, दाइजोसम्बन्धी कतिपय परम्परा तत्कालीन सामाजिक अवस्था र आवश्यकतासँग कसरी जोडिएका थिए भन्ने ऐतिहासिक सन्दर्भलाई नबुझी वर्तमान कानुनी तथा सामाजिक बहस पूर्ण हुन नसक्ने उहाँले बताउनुभयो ।

कार्यक्रमको सञ्चालन बी.ए.एल.एल.बी तेस्रो वर्षका प्रविन बयकले गर्नुभएको थियो ।

**बालबालिकाको...**

भक्तपुर नगरपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुरको पूर्वी क्षेत्रमा अवस्थित यस केन्द्र बालबालिकाको रोजाइको केन्द्र बन्ने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीय सरकारले गरेको यो काम प्रशंसनीय रहेको उल्लेख गर्दै उहाँले सङ्घीय सरकारसँग समेत समन्वय गरी अघि बढ्नुपर्ने बताउनुभयो ।

ख्वप अस्पतालका बालरोग विशेषज्ञ डा. विजयकुमार चिकंबन्जारले बालबालिकालाई सानैदेखि राम्रो वातावरण दिन सके सोहीअनुसार उनीहरूको व्यक्तित्व विकास हुने बताउनुभयो ।

शिशु स्याहार केन्द्रमा बालबालिकालाई राख्नु उनीहरूको सुनौलो भविष्य निर्माणका लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले केन्द्रमा नियमित स्वास्थ्य परीक्षण शिविर सञ्चालन कार्य प्रशंसनीय रहेको बताउनुभयो ।

बाल विकास विशेषज्ञ तथा शिक्षिका देवना जोशीले शिशु स्याहार केन्द्र बालबालिकाको सुरक्षित, स्वस्थ र भावनात्मक अवस्था विकास गर्ने माध्यम भएको बताउनुभयो ।

शिशुस्याहार केन्द्र र अभिभावकबिचको सम्बन्ध तथा सञ्चार महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले बालबालिकालाई मायालु र सुरक्षित वातावरणमा हुर्काउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिका-१० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले नगरपालिकाको घोषणापत्रमा उल्लेख भएअनुसार वडा-वडामा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने कार्य भइरहेको बताउनुभयो । उहाँले वडाको विकास तथा निर्माणका गतिविधिबारे जानकारी दिनुभयो ।

शिशुस्याहार तथा बाल विकास केन्द्रका प्रमुख दीपेन्द्र प्रजापतिले विभिन्न शिशुस्याहार केन्द्रमा बालबालिकाको भर्ना अवस्था तथा केन्द्र सञ्चालनको अनुभवबारे जानकारी दिनुभयो । उहाँले केन्द्रमा बालबालिकाको सुरक्षा, बालमैत्री तथा सिर्जनात्मक गतिविधि र पोषणमा विशेष ध्यान दिइएको बताउनुभयो ।

**देश...**

उहाँले आफ्नो दस वर्ष लामो अवधिसम्म भारतमा निर्वासनमा बस्दा कहिल्यै भारत सरकारसित एक गेडा अन्न र एक रुपैयाँ सहयोग नलिएको प्रस्ट पार्नुभयो ।

पञ्चायती व्यवस्थाभित्र पसेर पञ्चहरूको अक्षमता उदाङ्गो हुने गरी काम गरेको र राष्ट्रिय पञ्चायतमा आवाज उठाएको हुनाले नेमकिपाविरुद्ध राज्यस्तरको षडयन्त्र भएको र हिरासतमा अमानवीय यातना दिएको बताउँदै उहाँले २०४६ सालको जनआन्दोलनबाट पञ्चायतको अन्त्य नभएको भए भक्तपुर काण्डको अभियोग झूटो साबित भए पनि अरु अभियोग लगाएर जेलमै राखिने थियो भन्नुभयो ।

पञ्चायत कालमा र बहुदलीय व्यवस्था स्थापनापछि पनि पुँजीवादी सरकारमा जाने वा सुविधा लिने नीति नलिएको प्रस्ट पार्दै अध्यक्ष रोहितले भन्नुभयो, “देश र जनताको हितको निम्ति काम गर्नेबाहेक अरु उद्देश्य राखेर हामीले कहिल्यै राजनीति गरेनौँ, जेलनेल भोगेको भनेर हामीले कुनै सरकारी सहयोग वा सुविधा लिएनौँ ।”

सम्मानित व्यक्तित्व एवं वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीको योगदानबारे छर्लङ्ग पार्दै उहाँले भन्नुभयो, “अधिवक्ताको रूपमा भण्डारीले अन्यायमा परेकाहरूको निम्ति बहस पैरवी गर्नुका साथै राजनीतिक नेता-कार्यकर्ताहरूका निम्ति भरपर्दो कानुनी सल्लाहकारको भूमिका निर्वाह गर्नुभएको थियो ।”

वरिष्ठ अधिवक्ता भण्डारी बृहत् प्रजातान्त्रिक दृष्टिकोण भएको व्यक्ति भएको बताउँदै उहाँले भण्डारीले बहुदलीय प्रजातन्त्र पुन:स्थापनापछि रामराजाप्रसाद सिंहलाई आममाफी दिलाई देशमा भित्र्याउन पहल गरेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर काण्ड पञ्चहरूले चलाएको राज्यआतङ्क भएको बताउँदै त्यतिबेला पक्राउमा परेका जनताका नेता-कार्यकर्ताहरूको मौलिक हक कल्पना बाहिरको स्थिति बनेको उहाँले बताउनुभयो ।

त्यतिबेला राज्य षड्यन्त्र उदाङ्गो पार्न र नेमकिपाका नेता कार्यकर्ताहरूलाई निर्दोष पुष्टि गर्न कानुन व्यवसायीहरूले नि:स्वार्थ रूपमा गरेको सहयोग अविस्मरणीय रहेको बताउनुभयो ।

पञ्चहरूले व्यक्तिहत्याको मुद्दाको रूपमा स्थापित गर्न खोजेको मुद्दालाई कानुन व्यवसायी र पत्रकारहरूको प्रतिवादले राज्यस्तरको षड्यन्त्रको रूपमा उदाङ्गिएको बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले मानिसले सकेमा जीवनको अन्तिम समयसम्म काम गर्नुपर्ने, त्यसको निम्ति स्वस्थ रहनुपर्ने र स्वस्थ रहनको निम्ति स्वस्थप्रद खानपिन गर्ने, चिन्तामुक्त जीवन जिउने प्रयास गर्नुपर्ने र धेरै ठुलो महत्त्वाकाङ्क्षा राख्न नहुने बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता भण्डारीलाई अध्यक्ष बिजुक्छेँले कदरपत्रसहित सम्मान गर्नुभयो ।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष अधिवक्ता रामप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष एवम् अधिवक्ता अनिता जधारी र सचिव एवम् अधिवक्ता गम्भीरमान ज्याख्वले पनि बोल्नुभएको थियो भने ख्वप कलेज अफ लका विद्यार्थी डिना जाकिबन्जारले वरिष्ठ अधिवक्ता भण्डारीको जीवनी वाचन गर्नुभएको थियो ।

**नेपालमा...**

दिने प्रणाली स्थापना र सञ्चालन नगरेमा बर्सेनिजसो विपद्का घटना र जनधनको क्षति भइरहनेतर्फ चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ लका उपप्राध्यापक अ.सुलभजङ रायमाझीले ‘जलवायु कानुनका जटिलता’ विषयक प्रस्तुतीकरण राख्दै जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनहरू धनी देशहरूको देशीय र वर्गीय स्वार्थको कारण लागू हुन नसकिरहेको बताउनुभयो ।

‘मजदुर’ दैनिकका प्रकाशक एवं सम्पादक उद्धव सुजखुको सभापतित्वमा सम्पन्न कार्यक्रममा ख्वप ई.कलेजका उपप्राचार्य ई. रत्नशोभा प्रजापति, लेखक सुरेश परियार र विद्यार्थी प्रतिनिधि सुजी हेंगजूले पनि भोटेकोसी बाढी, वातावरण संरक्षण र जलवायु परिवर्तनबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रमको सुरुआतमा भदौ १० भोटेकोसी बाढीमा परी दिवङ्गत भएका र बेपत्ता भएकाहरूप्रति श्रद्धासुमनस्वरूप एक मिनेट मौनधारण गरिएको थियो ।

**ग्यासको...**

बन्दोबस्त गर्ला भनी विश्वास गर्ने आधार छैन । रास्वपा सरकारले संयुक्त राष्ट्र सङ्घको महासभामा माग्दैमा सहयोग आउने अवस्था छैन । पृथ्वीको तापमान बढाउने गरी कार्बन उत्सर्जन गर्ने अमेरिकी साम्राज्यवाद नै यतिबेला ४० खर्ब डलर ऋण बोक्दै छ । संरा अमेरिकी साम्राज्यवादले विश्वमा आफ्नो नेतृत्व र निर्देशन मान्ने देश र त्यहाँको सरकारलाई मात्र सहयोग गर्दै आएको अवस्था नेपाल सरकारले आफ्नो भूअवस्थितिलाई बेवास्ता गरी संरा अमेरिकी साम्राज्यवादको समर्थन गरेका नेपाल अर्को युक्रेन हुने खतरा पनि छ ।

रसुवा भोटेकोसी हिमपहिरो सँगसँगै २१ दिन यता सेयर बजारमा १०० अङ्क ओरालो लाग्यो । संसारमा विकास भइरहेको कृत्रिम बौद्धिकता (एआई) ले प्रलयकारी जोखिम निम्त्याउन सक्ने सार्वजनिक भएलगत्तै सेयर बजार थप ओराले लाग्ने अनुमान पनि सार्वजनिक भयो । अमेरिकी साम्राज्यवादले इरान, प्यालेस्टिन, युक्रेनमा आक्रमण गर्ने वा गराउने काम नरोकेको कारण पनि विश्वकै सेयर बजारमा ओरालो लाग्ने अवस्था छ । क्षणिक सेयर बजार चढे पनि त्यो प्रायोजित हुनेछ ।

**एकक्षण** | प्रधान

# आजको विकासको श्रेय क-कसलाई जान्छ ?

भक्तपुरको आजको शिक्षा, कला-संस्कृतिको संरक्षण र प्रवर्द्धन तथा स्वास्थ्य क्षेत्रको विकासको श्रेय क-कसलाई दिने हो भन्नेबारे युवा-विद्यार्थी र भक्तपुरप्रति जिज्ञासुहरूका फरक-फरक मत देखिन्छन् ।

भर्खर भक्तपुरको अध्ययन गर्ने जिज्ञासुहरू यसको विकासको श्रेय वर्तमान निर्वाचित जनप्रतिनिधि, संलग्न कर्मचारी र कामदारहरूलाई दिन्छन् ।

अर्को मत छ - हरेक वस्तु र विचारको स्रोत भौतिक वस्तुको बीउ र विचारको उद्देश्य वा दर्शनमा खोज्नु आवश्यक छ ।

तेस्रो मत हो - प्रचार नै तत् वस्तुको विकासको प्रमुख भागीदार हुने गर्छ ।

ती नै दृष्टिकोणलाई सूक्ष्म रूपले हेर्दा ती सबैमा सच्चाइका अङ्गहरू देखिन्छन् भनी तर्क गर्छन् ।

फोहर भक्तपुर, गरिब भक्तपुर र निरक्षर भक्तपुरलाई बदल्न खोज्ने जिजीविषा स्थानीय तत्कालीन नयाँ पुस्ता र मुठीभरका बुद्धिजीवीहरूमा नभएका भए, सफाइ आन्दोलन, साँढे धपाउने आन्दोलन, कुत कम तिर्ने र भर्पाई लिने हुट्हुटी र भूमिसुधारको ऐनलाई आन्दोलनको रूपमा नलगेका भए, मेक्सिकोमा विकसित गरिएको लेर्मा गहुँको नयाँ बीउ, मल, जल र थ्रेसर मेसिन प्रयोगमा नआएको भए भक्तपुरको कृषिमा ठुलो परिवर्तन र व्यापक जनताको आर्थिक स्तरमा सकारात्मक परिणाम देखिने थिएन ।

बहुमत जोताहा र गरिब किसानहरूको आर्थिक स्तरको वृद्धि र बजार सञ्चालनको अवसरले शिक्षक, स-साना व्यापारी र पात र टपरी गाँस्ने, कालो टोपी बनाउने, पोतेमाला उन्ने वा गाँस्ने, प्युरीको बत्ती बनाउने, धूप र अन्य पूजा सामग्री बनाउनेहरूको जीवनस्तर प्रगति नभएको भए प्राथमिक विद्यालय र कक्षाको कोठा थप्नुपर्ने र शिक्षकहरूको माग बढ्ने थिएन । सुनसान बजार शनै शनै गुलजार भयो । कलम, कापी, पुस्तकदेखि माध्यमिक विद्यालयसम्मको शिक्षण संस्थाहरूको द्रुततर सङ्ख्या बढ्ने थिएन । यसरी बहुमत कामदारवर्गको जीवनस्तर बढ्नुको अर्थ कालान्तरमा देश र व्यापक जनताकै जीवनस्तर बढ्ने हो र मुट्ठीभर माथिल्लो वर्गको आय बढ्नुको अर्थ देश र व्यापक वर्गको आयस्रोत बढ्ने सूत्र निराधार हुन्छ ।

माथि उल्लेख गरिएको दोस्रो मतअनुसार तत्कालीन भक्तपुरका परिवर्तनवादी युवाहरू निश्चय पनि समानतावादी दृष्टिकोणबाट प्रभावित थिए र आफ्नो जनताको नि:स्वार्थ रूपले सेवा गर्ने भावनामा ‘समर्पित’ थिए । यसैकारण, त्यसबेलाका युवाहरू अहिले ज्येष्ठ नागरिक र प्रौढ भइसक्दा पनि आफ्नो उच्च विचारको भावनाप्रति समर्पित छन् । त्यसैमा आफ्नो जीवनको लक्ष्य मान्दै आएको देखिन्छ ।

जहाँसम्म अहिलेका जनप्रतिनिधि र कर्मचारीहरूलाई मुख्य श्रेय दिनुपर्ने सोचलाई केलाउने हो भने, भक्तपुरमा २-४ वर्ष काम गरेका कर्मचारीअनुसार ‘अन्य जिल्लाको कर्मचारीहरूको आफ्नो काम र कर्तव्यप्रतिको प्रदर्शन १८ प्रतिशत र २० प्रतिशतमात्रै हो र जनप्रतिनिधिहरूको सक्रियता तुलनात्मक रूपले बढी हो । तर, हरेक टोल-टोलका दाफा, भजन, बाजा, नाचगान समूह, शिक्षण संस्था, सहकारी संस्थाहरू, धर्मप्रति आस्था भएका व्यक्ति-व्यक्ति र समूहहरूको सीप सहयोग नै भक्तपुरको विकासको एउटा प्रमुख पक्ष प्रस्ट छ ।

तेस्रो मत ‘प्रचार’ बारे तयारी सामानको विज्ञापन र त्यसभित्रको तत्त्वलाई उदाङ्ग्याएर देशभर र सारा जनतासम्म पुऱ्याउनु निश्चय पनि जनता, जनप्रतिनिधि र सबै पक्षको एकताबारे प्रस्ट गर्ने अवश्य देखियो ।

तर, पञ्चायती सरकारको षड्यन्त्रमूलक ‘भक्तपुर’ काण्डको पक्षमा देशभरका सचेत र न्यायको पक्षमा समर्पित कानुन व्यवसायीहरू, पत्रकारहरू, कूटनैतिक सङ्घर्षका व्यक्तित्वहरू, बुद्धिजीवी एवम् राजनैतिक दलहरूका सङ्घर्षशील व्यक्तित्व र युवाहरूसँगै व्यापक जनताको साथले भक्तपुरका न्यायप्रेमी राजनैतिक पक्ष र सारा जनताको विजयको मोड आजको परिवर्तनको ऊर्जा भयो । यसकारण, माथि न्यायको निम्ति समर्पित सबै व्यक्तित्व र संस्थाहरू ‘चिटिक्क परेका आफ्ना कारहरू कालोपत्रे सडकमा सयर गरेका व्यक्तिहरूभन्दा सडक बनाउने नीति निर्माणकर्ताहरू र खनजोत र प्राविधिक कामदारहरू बढी विकासका श्रेयका अधिकारी हुन् ।

आज भक्तपुर नगरपालिका स्वास्थ्य, शिक्षा क्षेत्र, बाल सेवा, ज्येष्ठ नागरिकको हितको शिशुशाला र आदर निकेतन, मठमन्दिर, कला-संस्कृति एवम् पुराना बाजागाजा, नाच र देशको ऐतिहासिक र पुरातात्त्विक महत्त्वका क्षेत्रहरूमा सहकारी संस्थाहरू, शिक्षण संस्था र दाफा, भजन, गुठी आदि संस्थाहरू मिलेर आफ्नो नगर र जिल्लालाई उदाहरणको प्रस्तुत गर्न सबैसँग हातेमालो गर्दै गरेको प्रस्ट छ ।

**औषधिको जथाभावी प्रयोग नगरौं**

- चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,
- चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,
- रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,
- अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,
- म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,
- औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।

तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३